UNESCO

संयुक्त राष्ट्रसङ्घीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक सङ्गठन

काठमाडौं

# नेपालमा दण्डहीनता

## अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकार सुरक्षाको परिप्रेक्ष्य


सम्पादक

निर्मलमणि अधिकारी

लक्ष्मणदत्त पन्त

# नेपालमा दण्डहीनता

अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकार सुरक्षाको परिप्रेक्ष्य

ISBN 978 9937 0015 6 4

**प्रकाशक :** सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आईपीडीसी) को सहयोगमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), काठमाडौं कार्यालयको लागि विकास सञ्चार समाज नेपाल (सोडेक-नेपाल), काठमाडौं

**सम्पादक :** डा. निर्मलमणि अधिकारी र लक्ष्मणदत्त पन्त

**शोध/विज्ञ समूह :** डा. निर्मलमणि अधिकारी (प्रमुख शोधविज्ञ)
लक्ष्मणदत्त पन्त (दण्डहीनता तथा पत्रकार सुरक्षा विश्लेषण)
ओमप्रकाश घिमिरे (पत्रकारविरूद्धका घटना तथा कानुनी अवस्थाको विश्लेषण)
जेबी विश्वकर्मा (लैङ्गिक विश्लेषण)

**स्थलगत शोध सहयोगी :** दिपक के. श्रेष्ठ (पश्चिमाञ्चल)
तुलाराज अधिकारी (मध्य तथा सुदूरपश्चिमाञ्चल)
महेन्द्र विष्ट (पूर्वाञ्चल)
कल्पना भण्डारी र किशोर पौडेल (मध्यमाञ्चल)

**अभिलेखन सहयोगी :** रीता थपलिया, सन्तोषकुमार सुवेदी र पवित्रा थपलिया

**समीक्षक :** डा. पीयुषराज मिश्र

**व्यवस्थापक :** विनोदराज खनाल र श्रीकान्त भट्टराई

**सर्वाधिकार :** © युनेस्को, काठमाडौं/विकास सञ्चार समाज नेपाल (सोडेक-नेपाल) सन् २०१५

यो पुस्तक खुला पहुँच (ओपन–एक्सेस)मा उपलब्ध छ । आधिकारिक स्रोतका आधार (जस्तो : © युनेस्को, काठमाडौं/ विकास सञ्चार समाज नेपाल (सोडेक-नेपाल) यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ । स्रोत उल्लेख गर्दा वा पुस्तिकामा प्रकाशित सामग्रीको प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु अनिवार्य छ ।

**आईएसबीएन :** ९७८९९३७००१५६४

यस प्रकाशनमार्फत कुनै पनि राज्य, भूभाग, सहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भूभाग तथा क्षेत्रसँग सम्बन्धित कानुनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्को र विकास सञ्चार समाज नेपाल (सोडेक-नेपाल) का आधिकारिक विचार होइनन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखक/शोधकर्ताका विचार हुन् ।

**आवरण/लेआउट :** पुष्कर राना (डिजाइनर प्वाइन्ट एण्ड प्रिन्ट)

# प्राक्कथन

प्रस्तुत पुस्तक सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आईपीडीसी) को सहयोगमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), काठमाडौं कार्यालयको लागि विकास सञ्चार समाज नेपाल (सोडेक-नेपाल), काठमाडौंद्वारा गरिएको अनुसन्धानको प्रतिवेदन हो । नेपालमा अभिव्यक्ति स्वतन्त्रता तथा पत्रकारको सुरक्षाका परिप्रेक्ष्यमा पनि दण्डहीनता एक ज्वलन्त समस्याका रूपमा रहिआएको पृष्ठभूमिमा यो अनुसन्धान गरिएको हो ।

पत्रकारविरूद्धका घटनामा दण्डहीनतालाई संयुक्त राष्ट्रसङ्घलगायतका सरोकारवालाहरूले गम्भीरतापूर्वक लिने गरेका छन् । संयुक्त राष्ट्रसङ्घको ६८ औं महासभाले सन् २०१३ मा एक प्रस्ताव पारित गरी नोभेम्बर २ तारिखलाई पत्रकारविरूद्ध हुने अपराधजन्य दण्डहीनता अन्त्य सम्बन्धी अन्तर्राष्ट्रिय दिवस (International Day to End Impunity for Crimes against Journalists) को रूपमा घोषणा गरेको छ ।

प्रस्तुत अध्ययनले नेपालमा दण्डहीनताको अवस्थालाई अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकार सुरक्षाको दृष्टिबिन्दुबाट विश्लेषण गर्नका लागि महत्वपूर्ण योगदान गर्ने अपेक्षा छ । यसले पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटनाको विवरणका साथै तिनीहरूको कानुनी अवस्थाबारे परिचर्चा प्रस्तुत गर्ने भएकाले अध्येताहरूका लागि एउटा उपयोगी सन्दर्भ सामग्रीका रूपमा यो महत्वपूर्ण हुनेछ । नेपालमा पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने क्रममा प्रस्तुत पुस्तक एक महत्वपूर्ण सन्दर्भ सामग्री हुने अपेक्षा लिइएको छ ।

अनुसन्धान तथा पुस्तकका रूपमा प्रतिवेदन प्रकाशनका विभिन्न चरणमा योगदान गर्नु हुने सबैलाई हार्दिक धन्यवाद छ । यो विषयमा अध्ययन गरी

पुस्तकको प्रकाशनसमेत गर्ने अवसर प्रदान गरेकोमा युनेस्को, काठमाडौं कार्यालयलाई हार्दिक धन्यवाद छ । साथै, शोध समूहमा रहनुहुने प्रतिष्ठित विज्ञहरू, सहयोगीहरू, पोखरा, नेपालगञ्ज तथा विराटनगरमा आयोजित कार्यक्रमका सहभागीहरू, अन्तर्वार्ता तथा अन्तर्क्रियामार्फत् आफ्नो अन्तर्ज्ञान तथा अनुभवले योगदान पुऱ्याउनु हुने सबै महानुभावहरूका साथै राष्ट्रिय मानवअधिकार आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न बनेको आयोग, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ लगायतका सबै सरोकारवालाहरूलाई पनि हार्दिक धन्यवाद छ ।

**डा. पीयूषराज मिश्र**

अध्यक्ष

**विकास सञ्चार समाज नेपाल (सोडेक-नेपाल)**

# विषयसूची


| | | |
|---|---|---|
| अध्याय १ | परिचय | १ |
| अध्याय २ | दण्डहीनता : अवधारणात्मक परिचर्चा | ९ |
| अध्याय ३ | दण्डहीनता : नेपालको सन्दर्भ | १९ |
| अध्याय ४ | पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटना र तिनीहरूको कानुनी अवस्था | ३० |
| अध्याय ५ | पत्रकार विरूद्धका अपराधमा दण्डहीनताका कारण र असर | ४५ |
| अध्याय ६ | सुझाव | ५६ |

| | |
|---|---|
| सन्दर्भ सामग्री | ६३ |
| परिशिष्ट | ६७ |


## तालिका सूची


| | | |
|---|---|---|
| तालिका १ | पत्रकार मारिएका ३५ घटना र कानुनी अवस्था | ३१ |
| तालिका २ | पत्रकार बेपत्ता पारिएका चार घटना र कानुनी अवस्था | ४१ |
| तालिका ३ | सङ्क्रमणकालीन न्यायका लागि गठित दुई आयोग : पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको परिप्रेक्ष्यमा | ४३ |

# अध्याय १
# परिचय

## १.१ पृष्ठभूमि

नेपाल लामो समयदेखि राजनीतिक सङ्क्रमणबाट गुज्रिँदै छ । सङ्क्रमणकाल अनेक जटिलताहरूसहित आउने भएकाले राज्यका औपचारिक, वैधानिक कानुन र उपर्युक्त कानुनको कार्यान्वयनको वास्तविक अवस्थाबीचमा तादात्म्य नहुने यथार्थ नेपालको परिप्रेक्ष्यमा पनि सान्दर्भिक देखिएको छ । एकातिर, नेपालको संवैधानिक एवं अन्य कानुनी व्यवस्थाले कानुनी शासन र मानवाधिकारको प्रत्याभूति गरेको देखिन्छ । अर्कोतिर, नेपालमा गम्भीर मानवाधिकार हनन/अतिक्रमका घटनाहरू भइरहेका र कानुनी शासनको प्रतिबद्धताविपरित दण्डहीनता मौलाएको व्यावहारिक यथार्थ पनि छ । दशक लामो सशस्त्र द्वन्द्वबाट पीडित भएको देशमा द्वन्द्वोत्तर समयमा पनि कानुनी शासनको प्रभावकारी कार्यान्वयनमा अनेक समस्या रहे । यसबीचमा पनि देश दण्डहीनताले आक्रान्त नै रह्यो । दुईवटा संविधानसभा हुँदै अन्ततोगत्वा नयाँ संविधान आएको भए तापनि कानुनी शासन र मानवाधिकारको सुनिश्चितता व्यावहारिक रूपमै हुने हो वा अझै सङ्क्रमणकालीन अवस्था लम्बिने हो भन्नेचाहिँ स्पष्ट भइसकेको छैन । दण्डहीनताको निराकरण कसरी हुन्छ भन्ने सवाल यसबीचमा उत्तिकै महत्वपूर्वक विद्यमान रहेको छ ।

नेपालमा विद्यमान दण्डहीनताको असर अनेक क्षेत्रमा परेको छ र अभिव्यक्ति स्वतन्त्रता तथा पत्रकारको सुरक्षाका परिप्रेक्ष्यमा पनि दण्डहीनता एक ज्वलन्त समस्याका रूपमा रहिआएको छ । वास्तवमा पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनता समकालीन नेपालका नकारात्मक विशेषताहरूमध्ये एक भएको छ । पत्रकारविरूद्ध धम्की, आक्रमण, पत्रकारको हत्याजस्ता घटनामा दण्डहीनताले नेपालमा अभिव्यक्ति स्वतन्त्रताको लागि प्रतिकूल वातावरण रहेको जनाउँछ । नेपाल पत्रकार महासङ्घले पत्रकार मारिएका

३५ घटना र बेपत्ता पारिएका चार घटना सूचीबद्ध गरेको छ, जुन घटनाहरूको कानुनी अवस्थाले नेपालमा दण्डहीनताको स्थितिलाई थप उजागर गर्छ । साथै, दण्डहीनतालगायतका कारणले नेपालमा पत्रकारहरूले आत्मप्रतिबन्ध (Self-censorship) लगाइरहेको तथ्यले दण्डहीनताले नेपाली समाजलाई ठूलो नकारात्मक असर पारिरहेको यथार्थलाई इङ्गित गर्छ ।

अभिव्यक्ति स्वतन्त्रतालाई मानवाधिकारहरूमध्ये आधारभूत अधिकार मानिन्छ भने प्रेस स्वतन्त्रतालाई अभिव्यक्ति स्वतन्त्रताको आधारशिला । अनि प्रेस स्वतन्त्रताको व्यावहारिक प्रत्याभूतिका लागि पत्रकारको सुरक्षा एक अनिवार्य पाटो हो । जनतालाई सुसूचित गराउने, आवाजविहीनहरूको आवाज बन्ने, सत्ता र शक्तिमाथि निगरानी एवं खबरदारी गर्ने र मानवाधिकार रक्षकका रूपमा समेत अग्रणी भूमिका निर्वाह गर्ने भएकाले पत्रकारहरूको सुरक्षा समाज र राज्यको सरोकारको विषय मानिएको हो । कुनै पनि देशमा स्वस्थ पत्रकारिताको विकासका लागि पत्रकारको सुरक्षा पनि अत्यावश्यक मानिन्छ । वास्तवमा पेसागत साथै भौतिक र मानसिक सबै हिसाबले सुरक्षित पत्रकारले मात्र पत्रकारिता धर्मको पालना गर्दै कर्तव्य निर्वाह गर्न सक्छन् ।

पत्रकारको सुरक्षाको सुनिश्चितताका लागि कानुनी शासनको प्रत्याभूति आवश्यक मानिन्छ र कानुनी शासन व्यवहारतः प्रत्याभूत हुन नसकेको अवस्थामा समाजमा अराजकता पैदा हुने एवं दण्डहीनता मौलाउने हुन्छ । दण्डहीनताले पत्रकारहरूलाई थप असुरक्षित बनाई उनीहरूबीचमा आत्मप्रतिबन्धको प्रवृत्ति बढाउँछ । तसर्थ पत्रकारविरूद्धको आक्रमणका घटनामा हुने दण्डहीनतालाई प्रेस स्वतन्त्रता र समष्टिमा अभिव्यक्ति स्वतन्त्रताको लागि घातक मानिन्छ । दण्डहीनताले कानुनी शासनको मान्यतालाई निष्प्रभावी बनाउँछ, जवाफदेहीतालाई निरर्थक तुल्याउँछ एवं भविष्यमा थप हनन/अतिक्रमका लागि वातावरण तयार पार्छ । दण्डहीनताले पीडकहरूमा दण्डको भय नहुने र पीडितहरू थप पीडामा पर्ने एवं समाजमा कानुनको शासनप्रति अविश्वास झाङ्गिने हुन्छ । पत्रकारविरूद्धका घटनामा दण्डहीनताले प्रेस जगत्लाई त हानि पुऱ्याउँछ नै, उनीहरूजस्ता मानवाधिकार रक्षकको दुरावस्थाले समष्टिमा मानवाधिकारको अवस्थामै नकारात्मक असर

पर्न जान्छ । पत्रकारको सुरक्षा कुनै विशेष पेशाकर्मी, समूह वा कुनै व्यावसायिक क्षेत्रको स्वार्थसँग मात्र जोडिएको कुरा नभई समष्टि रूपमा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति र मानवाधिकार संस्कृतिको प्रवर्धनसँग जोडिएको कुरा हो । त्यसैले नै पत्रकारविरूद्धका घटनामा दण्डहीनतालाई संयुक्त राष्ट्रसङ्घलगायतका सबै सरोकारवालाहरूले गम्भीरतापूर्वक लिने गरेका हुन् । नेपालको सङ्क्रमणकालको सही अवतरणको अभिन्न पाटोका रूपमा लिनु पर्छ पत्रकारविरूद्धका घटनामा दण्डहीनतालाई निराकरण गर्ने कार्यलाई पनि ।

उपर्युक्त पृष्ठभूमिमा, नेपालमा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता एवं पत्रकारको सुरक्षा प्रत्याभूति गर्नका निमित्त दण्डहीनताको समस्यालाई उपयुक्त तवरले सम्बोधन गर्नु अत्यावश्यक हुन आउँछ । यस क्रममा, नेपालमा प्रेस स्वतन्त्रताविरूद्धका घटनासँग सम्बद्ध मुद्दाका परिप्रेक्ष्यमा व्याप्त दण्डहीनताको कारण एवं असरबारे आँकलन तथा विश्लेषण गर्नु समीचीन देखिन्छ । प्रस्तुत अध्ययनलाई उपर्युक्त परिप्रेक्ष्यमै सम्पन्न गरिएको हो । युनेस्को/आईपीडीसीका लागि गरिएको एक कार्यक्रम (Engaging Stage Agencies to Address Impunity as Initiative to Minimize the Practice of Self-Censorship among Nepalese Journalists) अन्तर्गतको एक अध्ययन हो यो ।

## १.२ समस्याकथन

नेपालमा दण्डहीनताको व्याप्ति अति विस्तीर्ण रहेको मानिन्छ । गम्भीर मानवाधिकार हननका लागि समेत दण्डहीनता हुनु नेपालको एक ज्वलन्त समस्या रहिआएको छ । नेपालमा व्याप्त दण्डहीनताले प्रेस जगत्लाई पनि प्रत्यक्ष असर पारेको छ । पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनता देशको एक ज्वलन्त समस्याका रूपमा रहेको सरोकारवालाहरूले उठाउँदै आएका छन् । पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटना, जुन नेपाल पत्रकार महासङ्घले सूचीबद्ध गरेको छ, ती घटनाहरूको कानुनी अवस्था नेपालमा दण्डहीनताले प्रेस जगत्लाई पारेको असरकै द्योतक हो । दण्डहीनताको निराकरणबिना अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता एवं पत्रकारको सुरक्षा प्रत्याभूत हुन सक्दैन । यसको निराकरणका लागि प्रथमतः

कारणको निदान गर्नु आवश्यक हुन्छ । अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकारको सुरक्षाको दृष्टिबिन्दुबाट परिशीलन गर्दै नेपालमा प्रेस स्वतन्त्रताविरूद्धका घटनासँग सम्बद्ध मुद्दाका परिप्रेक्ष्यमा व्याप्त दण्डहीनताको कारण एवं असरबारे विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको शोधसमस्या हो ।

## १.३ उद्देश्य

- **सामान्य उद्देश्य –**

अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकारको सुरक्षाको दृष्टिबिन्दुबाट परिशीलन गर्दै नेपालमा प्रेस स्वतन्त्रताविरूद्धका घटनासँग सम्बद्ध मुद्दाका परिप्रेक्ष्यमा व्याप्त दण्डहीनताको कारण एवं असरबारे विश्लेषण गर्ने ।

- **विशिष्ट उद्देश्यहरु –**

१) दण्डहीनताको अवधारणात्मक परिचर्चा प्रस्तुत गर्ने,

२) नेपालको परिप्रेक्ष्यमा दण्डहीनताबारे परिचर्चा प्रस्तुत गर्ने,

३) पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटनाको विवरण एवं तिनीहरूको कानुनी अवस्थाबारे विश्लेषण गर्ने,

४) पत्रकारको सुरक्षाका परिप्रेक्ष्यमा द्वन्द्वोत्तर समयमा पनि बढ्दो दण्डहीनताका कारण तथा असरबारे विश्लेषण गर्ने,

५) दण्डहीनताको निवारण एवं आत्मप्रतिबन्ध (self-censorship) को न्यूनीकरणमार्फत् अभिव्यक्ति स्वतन्त्रताको प्रवर्धनका लागि उपयुक्त उपायहरूबारे सुझाव प्रस्तुत गर्ने ।

## १.४ औचित्य एवं महत्व

नेपालले अभिव्यक्ति स्वतन्त्रता लगायतका मानवाधिकारको प्रत्याभूति संवैधानिक एवं कानुनी हिसाबले गरेको भएता पनि त्यस्ता प्रत्याभूति व्यवहारतः सार्थक हुन नसकिरहेको तथ्यको द्योतक हो, देशमा पत्रकारको असुरक्षा तथा पत्रकारविरूद्धका घटनासँग सम्बद्ध मुद्दाहरूमा दण्डहीनताको विद्यमानता । पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनताको समस्या प्रेस स्वतन्त्रताका क्षेत्रमा कार्यरत सरोकारवालाहरूका साथै देशका अन्य पक्षहरूको पनि सरोकारको विषय हो । स्वस्थ पत्रकारिताको विकासका

लागि पत्रकार स्वयम्ले पेसागत मर्यादा कायम राख्ने कर्तव्य जति अत्यावश्यक छ, उनीहरूको पेसागत र भौतिक तथा मानसिक सुरक्षाको प्रत्याभूति पनि उति नै अत्यावश्यक हुन्छ । पत्रकारको सुरक्षाको प्रत्याभूतिका लागि उनीहरूका विरूद्धमा हुने अपराधमा दण्डहीनताको निराकरण पनि आवश्यक छ भने त्यसको निराकरणका लागि पहिले त दण्डहीनताका कारणको निदान गर्नु पर्ने हुन्छ । उपर्युक्त पृष्ठभूमिमा नेपालमा प्रेस स्वतन्त्राताविरूद्धका घटनासँग सम्बद्ध मुद्दाका परिप्रेक्ष्यमा व्याप्त दण्डहीनताको कारण एवं असरबारे आँकलन तथा विश्लेषण गर्ने सामान्य उद्देश्य भएको प्रस्तुत अध्ययनको औचित्य सिद्ध हुन्छ ।

प्रस्तुत अध्ययनले नेपालमा दण्डहीनताको अवस्थालाई अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकारको सुरक्षाको दृष्टिबिन्दुबाट विश्लेषण गर्नका लागि महत्वपूर्ण योगदान गर्ने अपेक्षा छ । यसले पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटनाको विवरणका साथै तिनीहरूको कानुनी अवस्थाबारे परिस्थितिगत विश्लेषण प्रस्तुत गर्ने भएकाले अध्येताहरूका लागि एउटा उपयोगी सन्दर्भ सामग्रीका रूपमा यो महत्वपूर्ण हुनेछ । यसले पत्रकारको सुरक्षाका परिप्रेक्ष्यमा द्वन्द्वोत्तर समयमा पनि बढ्दो दण्डहीनताका कारणको निदान एवं आत्मप्रतिबन्ध (self-censorship) जस्ता असरबारे आँकलन तथा विश्लेषण गरेको छ, जसबाट नेपालमा पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनताको समस्यालाई सम्बोधन गर्न आधार प्रदान गर्छ । साथै, यसले दण्डहीनताको निवारण एवं आत्मप्रतिबन्ध (self-censorship) को न्यूनीकरणमार्फत् अभिव्यक्ति स्वतन्त्रताको प्रवर्धनका लागि उपयुक्त उपायहरूबारे सुझाव प्रस्तुत गर्ने भएकाले यसबाट नेपालमा पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने क्रममा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## १.५. शोधपद्धति

प्रस्तुत अध्ययनमा गुणात्मक शोध पद्धति अवलम्बन गरिएको छ । यसमा प्राथमिक तथा द्वितीयक दुवै तथ्य/तथ्याङ्कको प्रयोग गरिएको छ, जसको सङ्कलनका लागि मिश्रित विधिको प्रयोग भएको छ । पूर्वप्रकाशित तथा अप्रकाशित अध्येय सामग्रीको अध्ययन, क्षेत्रीय स्तरमा पोखरा,

नेपालगञ्ज र विराटनगरमा भएका कार्यक्रम साथै सम्बन्धित सरोकारवाला, विज्ञ तथा अन्य मुख्य सूचनास्रोतहरू (Key informants) सँगको अन्तर्वार्तासमेतबाट प्राप्त तथ्य तथा अन्तर्ज्ञानको प्रयोग प्रस्तुत अध्ययन प्रतिवेदनमा भएको छ । साथै, हालै गरिएको एक अनुसन्धानका क्रममा संकलित तथ्य/तथ्याङ्कको पनि आवश्यकतानुसार उपयोग गरिएको छ ।[१]

## १.६ सीमाङ्कन

अङ्ग्रेजी शब्द इम्प्युनिटी (Impunity) को अनुवादका रूपमा दण्डहीनता शब्द प्रयुक्त छ । हरेक शब्दको उद्गम, उद्भव र सन्दर्भले त्यसको अर्थ एवं तात्पर्यमा भूमिका निर्वाह गर्छन् । दण्डहीनता शब्दको उद्गम, उद्भव र सन्दर्भलाई संस्कृत भाषाको परिप्रेक्ष्यमा समेत अन्वेषण गर्न सकिने भएता पनि प्रस्तुत अध्ययनमा सामान्यतया अङ्ग्रेजी शब्द इम्प्युनिटी (Impunity) का परिप्रेक्ष्यमा नै दण्डहीनता शब्दलाई प्रयोग गरिएको छ । तसर्थ, यस अध्ययनका हकमा दण्डहीनता भन्नाले पीडकर/अभियुक्त/अपराधीहरूलाई जवाफदेही बनाउन, पीडकलाई सजाय दण्डित गर्न र पीडितलाई हर्जानार/क्षतिपूर्ति दिलाउन कानुनतः (de jure) वा व्यवहारतः (de facto) असम्भव हुने अवस्थालाई जनाउँछ ।

पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटनाको सूचीका लागि नेपाल पत्रकार महासङ्घलाई आधिकारिक स्रोत मानिएको छ, जसअनुसार पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटनालाई प्रस्तुत अध्ययनको दायरामा समेटिएको छ । पत्रकारमाथि आक्रमणका घटना कतिवटा भएका छन्, उक्त ३९ घटनामा पीडित व्यक्तिहरूमध्ये कतिजना पत्रकार हुन् र कतिजनाचाहिँ पत्रकार होइनन्, अनि उनीहरू आफ्नो पत्रकारिताकर्मकै कारणले पीडित बनेका थिए वा थिएनन् भन्नेबारे तथ्यैक्य तथा मतैक्य नभएको पृष्ठभूमिमा कुनै न कुनै आधिकारिक निकायको तथ्याङ्कलाई आधार मान्नु पर्ने हुन्थ्यो । नेपाल पत्रकार महासङ्घको सूची र तथ्याङ्कमा कुनै त्रुटी रहेको भए त्यो पक्ष प्रस्तुत अध्ययनको शोधसीमाभन्दा बाहिर पर्ने कुरा ध्यातव्य छ ।

---

१ युनेस्कोको पत्रकार सुरक्षा सूचक (Journalists' Safety Indicators) का आधारमा गरिएको उक्त अनुसन्धानको प्रतिवेदन अहिले सम्पादनको चरणमा रहेको छ ।

प्रस्तुत प्रतिवेदनमा छवटा अध्यायहरू रहेका छन् । यस परिचयात्मक अध्यायका पछिका अध्यायहरूमा क्रमशः दण्डहीनताको अवधारणा, नेपालको परिप्रेक्ष्यमा दण्डहीनता र पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटना र तिनको कानुनी अवस्थाबारे परिचर्चा क्रमशः प्रस्तुत गरिएको छ । त्यसपछिको अध्यायमा पत्रकार विरूद्धका अपराधमा दण्डहीनताका कारण र असरबारे परिचर्चा छ भने अन्तिम अध्यायमा सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय २
# दण्डहीनता : अवधारणात्मक परिचर्चा

यस अध्यायमा मानवाधिकार तथा कानुनी शासनको सङ्कथनमा प्रयोग भइरहने शब्द इम्प्युनिटी (Impunity) को अनुवादका रूपमा दण्डहीनता शब्दले जनाउने अवधारणाबारे परिचर्चा गरिएको छ । एक बहुआयामिक परिघटनाका रूपमा दण्डहीनताका विभिन्न आयामहरू तथा पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनताबारे संयुक्त राष्ट्रसङ्घीय सरोकारमा यो अध्याय केन्द्रित छ । दण्डहीनताको संस्कृत भाषाको परिप्रेक्ष्यसहित नेपालको सन्दर्भमा परिचर्चा भने अर्को अध्यायमा गरिएको छ ।

आधुनिक परिप्रेक्ष्यमा दण्डहीनता (Impunity) भन्नाले पीडकलाई सजाय र पीडितलाई क्षतिपूर्तिको अभाव हुने अवस्थालाई जनाएको देखिन्छ । संयुक्त राष्ट्रसङ्घीय सैद्धान्तिक मान्यता[१] अनुसार, पीडक/अभियुक्त/अपराधीहरूलाई फौजदारी, देवानी, प्रशासकीय वा अनुशासनात्मक कारवाई (पुर्पक्ष) मा जवाफदेही बनाउन कानुनतः (de jure) वा व्यवहारतः (de facto) असम्भव हुने स्थितिलाई दण्डहीनता भनिन्छ, जहाँ उनीहरूमाथि कुनै जाँच पडताल हुने र त्यस क्रममा अभियोग लगाउने, गिरफ्तार गर्ने, मुद्दा चलाउने र, दोषी साबित भएमा, उपयुक्त दण्ड दिने, र पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने अवस्था रहँदैन । यस परिभाषाले पीडकलाई सजाय नहुनु र पीडितले क्षतिपूर्ति पाउने अवस्था नहुनुलाई

१ Updated Set of Principles for the protection and promotion of human rights through action to combat impunity, 2005. सोही परिभाषालाई आधार मानेर गाउँले र अन्य (सन् २०१०, पृ. ६) ले निम्नानुसार लेखेको पाइन्छ : "दण्डहीनता" भनेको दण्ड पाउनुपर्ने व्यक्ति दण्डित नभएको अवस्था हो । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका अनुसार, दण्डहीनता भन्नाले उल्लंघनका पीडकहरूलाई अभियोग लगाउन, गिरफ्तार गर्न, मुद्दा चलाउन र दोषी पाइएमा उपयुक्त दण्डको निर्णय गर्न एवं पीडितलाई परिपूरण भराउन फौजदारी, देवानी, प्रशासकीय वा अनुशासनसम्बन्धी जुनसुकै कारबाही हुनसक्ने पीडकलाई कुनै किसिमको सोधपुछ नै नगरी उल्लंघनमा विधिवत् वा तथ्यगत रूपले जवाफदेही बनाउन असम्भव भएको परिस्थिति" लाई जनाउँछ ।

दण्डहीनताको मुख्य विशेषताका रूपमा लिएको देखिन्छ । त्यसअनुसार, निम्नलिखित कार्यमा राज्यको आफ्नो कर्तव्यमा असफलताबाट दण्डहीनताको अभ्युदय हुन्छ :

- हनन/अतिक्रम (violations) को अन्वेषण गर्ने
- पीडक/अभियुक्तका सम्बन्धमा उपयुक्त मानदण्डको प्रयोग गर्ने, विशेषतः न्यायका क्षेत्रमा आपराधिक उत्तरदायित्व भएको आशंका गरिएकाहरूमाथि मुद्दा लगाउने, मुद्दा चलाउने र उपयुक्त तवरले दण्ड दिने कार्य सुनिश्चित गर्ने
- पीडितलाई प्रभावकारी क्षतिपूर्ति उपलब्ध गराउने र उनीहरूले भोगेका पीडा/हानिको हर्जाना प्राप्त गरेको सुनिश्चित गर्ने
- हनन/अतिक्रमबारे सत्य तथ्य जान्न पाउने अपरिहार्य अधिकार सुनिश्चित गर्ने
- हनन/अतिक्रमको प्रत्यावृत्ति/पुनरावृत्ति नहुनका लागि आवश्यक अन्य कार्यहरू गर्ने ।

यसको तात्पर्य के हो भने दण्डहीनताको निराकरणका लागि राज्यले उपर्युक्त कार्यहरूमा आफ्नो कर्तव्य पूरा गर्नु पर्छ । यिनलाई राज्यको सामान्य दायित्व (general obligations) मानिएको छ । यसका अतिरिक्त सो Updated Set of Principles for the protection and promotion of human rights through action to combat impunity मा थाहा पाउने अधिकार, न्यायको अधिकार, क्षतिपूर्तिको अधिकार र प्रत्यावृत्ति नहुने प्रत्याभूतिअन्तर्गत जम्मा ३८ वटा सैद्धान्तिक मान्यताहरू समेटिएको छ ।

वास्तवमा दण्डहीनता एक बहुआयामिक परिघटना र परिस्थिति हो । दण्डहीनताका स्वरूप, कारक तत्व, तह तथा यससँग सम्बद्ध पक्षहरू अनेक छन् । दण्डहीनताबारे अन्वेषण गर्ने विज्ञहरूले यसका अनेक आयामलाई स्पष्ट पार्ने प्रयास गरेका छन् ।

दण्डहीनतालाई वास्तविक (factual) र ढाँचात्मक (normative) भनी खुट्ट्याएको छ ।[२] वास्तविक दण्डहीनता सरकारद्वारा अगाडि बढाइएको दण्डहीनता हो, जहाँ विशेष परिस्थिति र आन्तरिक राजनीतिक, सामाजिक अवस्थाले

२ Christopher C. Joyner as discussed by El Hosseiny (2013)

मानवाधिकारको घोर हनन गर्ने व्यक्तिहरूलाई कतिपय स्थितिमा मुद्दा लाग्नबाट छलिने मौका दिन्छ । ढाँचात्मक दण्डहीनता सैन्य न्याय प्रणाली र विविध राष्ट्रिय दण्डहीनता कानुनहरूको विद्यमानतासँग प्रायः सम्बद्ध हुन्छ । आममाफी कानुनहरू पनि यसै अन्तर्गत पर्छन् । यी दुईमध्ये दण्डहीनताका कारणहरू ढाँचात्मकभन्दा ज्यादा वास्तविक हुन्छन् । कानुनले दण्डहीनताको निर्धारण गर्ने नभई कानुन कार्यान्वयन र अर्थापन गर्ने राजनीतिक शक्ति नै दण्डहीनताका परिप्रेक्ष्यमा निर्णायक हुने तर्क गरिएको छ ।

राज्यको व्यावहारिक तथा कानुनी दुवै समस्याले दण्डहीनता बढाउँछ । "राजनीतिक कारण वा राज्य संयन्त्रको इच्छा वा क्षमताको कमीले कुनै मानवअधिकार उल्लङ्घनकर्तामाथि कारबाही हुन नसक्नु त्यस राज्यको व्यावहारिक समस्या हो भने पर्याप्त र स्पष्ट ऐन, नियमहरू नहुनु कानुनी समस्या हो ।"[३] एक अध्ययन[४] मा औँल्याइएझैँ नै, जब मानिसहरूलाई सजायको डर हुँदैन, तब दण्डहीनताले जरा गाड्न सुरू गर्छ । व्यक्तिगत तहमा यस्तो डरको अभाव राज्यको दण्डित गर्ने इच्छाशक्ति नहुनु वा अक्षमता वारतथा न्याय प्रणालीप्रति जनआस्थाको क्षयको प्रकटीकरण हो । दण्डहीनताले आपराधिक मनोवृत्तिका लागि अनुकूल स्थिति प्रदान गर्छ । "दण्डहीनता राज्य संयन्त्र असफल भएर कानुनी शासनको अन्त्यको अवस्था समेत हो । दण्डहीनताले दोहोरो अन्यायलाई प्रतिबिम्बित गर्छ । पहिलो अन्याय पीडितप्रति हुन्छ भने दोस्रो समाजमा कानुनी राज्यको मान्यतालाई पूरै अवमूल्यन गर्छ । यस अवस्थाले कानुन कार्यान्वयन गर्ने निकाय तथा न्यायालयहरूको स्वतन्त्रताप्रति जनविश्वास गुम्छ अनि अपराधीहरूलाई थप प्रोत्साहन मिल्छ ।"[५]

दण्डहीनताका जुन तीनवटा आयामहरू खुट्ट्याएका छन्, तिनले यसको जटिल संरचनालाई उजागर गर्छन् । ती हुन् : रणनीतिक (strategic), संरचनात्मक (structural) र राजनीतिक/मानसिक (political / psychological)।[६] सत्य र न्यायको प्रक्रिया वा तिनको मागलाई मार्गच्यूत गर्नका लागि राज्यका अधिकारीहरूद्वारा कानुन, आदेश, आममाफी वा क्षमाजस्ता उपायहरूको सक्रिय

३ गाउँले र अन्य, सन् २०१०, पृ. ६ ।

४ Bhattarai et al., 1999, p. 3.

५ मैनाली र भट्टराई, सन् २०१३, पृ. ८३ ।

६ J. Patrice McSherry & Raul Molina Mejia as discussed by El Hosseiny (2013)

प्रयोग रणनीतिक दण्डहीनता हो । नागरिक शासन र सुरक्षा निकायहरूबीचको मिलोमतोबाट हुने दण्डहीनता पनि यसैअन्तर्गत पर्छ । राज्यमा संस्थानीकृत एवं वैधानिकृत संयन्त्र र संरचनाहरूका कारण हुने दण्डहीनतालाई संरचनात्मक मानिन्छ । राज्यशक्तिको दुरूपयोग गर्नेहरूलाई बचाउने सैन्य अदालतको न्यायिक प्रणाली संरचनात्मक दण्डहीनताको उदाहरण हो । पूरा राज्य नै सैन्य प्रभुत्व अन्तर्गत रहने तथा सैनिक वा सैन्य अधिकारी संलग्न जुनकुनै पनि मुद्दामा सैन्य अदालतलाई न्यायिक अधिकार हुने अवस्था पनि यस्तो दण्डहीनताको ज्वलन्त दृष्टान्त हुन् । राजनीतिक/मानसिक दण्डहीनता राज्यआतङ्कको कारणले पैदा हुन्छ । जनसमुदायमा राज्यद्वारा भयको निर्वाहण (manipulation) यस्तो दण्डहीनताको विशेषता हो । जनतालाई भयभीत पारी जवाफदेहीताको अविद्यमानता हुने अवस्थाले दण्डहीनता मौलाउँछ ।

दण्डहीनताका परिप्रेक्ष्यमा निम्नानुसारका तीनवटा तहहरू चर्चा गरिएको पाइन्छ[७] :

- दण्डहीनताको अभाव
- परिमित (moderate) दण्डहीनता
- विस्तीर्ण/दु:सह (widespread/severe) दण्डहीनता

गृहयुद्धको विद्यमानता, मिडियामाथिको बन्देज, निर्वाचनमूलक प्रजातन्त्र र भ्रष्टाचारको मात्राजस्ता कुराहरूले दण्डहीनताको अवस्थामा प्रभाव पारेका हुन्छन् । दण्डहीनताका अनेक कारण हुन्छन् र तिनको असर अनेक तरहले पर्न सक्छ । दण्डहीनताको वातावरणलाई बुझ्न यसलाई विभिन्न परिस्थितिले कसरी असर पारेका छन् भन्ने विश्लेषण गर्नु आवश्यक हुन्छ ।

दण्डहीनताका निम्नानुसारका मुख्य तीन कारणहरू मानिएको पाइन्छ[८] :

- अपर्याप्त स्रोत/संसाधन (Insufficient resources)
- राजनीतिक व्यवधान (Political impediment)
- अभियोजन मुद्दा चलाउनका लागि सरकारी इच्छाशक्तिको अभाव (Lack of government willingness to prosecute)

---

७ Nick Jorgensen as discussed by El Hosseiny (2013)

८ Madeline Morris as discussed by El Hosseiny (2013)

दण्डहीनतालाई अनुकूलता मिल्ने छ वटा अवस्था खुट्ट्इयाएको छ ।[९] पहिलो : राज्यको सुरक्षा संयन्त्र र सरकारका अन्य निकायहरूबीचको मूक अथवा व्यक्त 'ट्रेड्अफ' (trade-off) अर्थात् एकअर्कासँग नमिल्ने कुराहरूबीच सन्तुलन ल्याउन खोजिने वा अनुचित काम हुने अवस्थाको परिणामस्वरूप दण्डहीनता हुन सक्छ । दोस्रो : राजनीतिक सङ्कटको बेलामा मानवअधिकार हननलाई अन्य राजनीतिक मूल्यहरूका तुलनामा कम महत्व दिने कारणले पनि दण्डहीनता मौलाउँछ । राजनीतिक सङ्कटले आजित बनेका बेलामा जनसमुदायले जवाफदेहीताभन्दा राजनीतिक स्थायित्वपट्टि बढी झुकाव राख्ने हुन सक्छ भने दरिद्र आर्थिक तथा सामाजिक अवस्थामा जनसमुदायले दण्डहीनताको सवाललाई अपरिहार्य नभई वाञ्छनीय मात्र (नितान्त आवश्यक होइन) भन्ठान्ने हुन सक्छ । यस्तो परिवेशमा दण्डहीनताको लागि अनुकूल परिस्थिति बन्छ । तेस्रो : कमजोर वा अविकसित कानुनी व्यवस्था/संरचनाको परिणाम पनि हुन सक्छ दण्डहीनता । चौथो : यो दमनको जानाजान नीतिको नतीजा/प्रतिफल अथवा राज्यका विभिन्न निकायहरूबीच असन्तुलित शक्ति सम्बन्ध (power relation) को परिणाम पनि हुन सक्छ । पाँचौं : असामान्य परिस्थितिका मामिलाले पनि दण्डहीनता पैदा भएको हुन सक्छ, जहाँ सुरक्षा निकाय (प्रहरी तथा सेना) लाई नजरबन्द, गिरफ्तारी, निगरानीको विस्तीर्ण तजबीज दिने गरी आदेश वा कानुन पास गरिएको हुन्छ (जस्तै : नागरिकका संवैधानिक अधिकारहरू निलम्बन गरिएको अवस्था) । छैटौं : मानवअधिकार हननका पीडितहरू यस्तो सीमान्तीकृत वा कमजोर समूहका हुन सक्छन्, जोसँग राज्यपक्षविरूद्ध सफलतापूर्वक उजुरी गर्नका लागि आर्थिक, कानुनी, राजनीतिक र सामाजिक स्रोतको अभाव छ । यस्तो अवस्थामा पनि दण्डहीनता हुन्छ ।

दण्डहीनताको अवस्था विद्यमान रहनु मानवाधिकारका परिप्रेक्ष्यमा ठूलो असफलता हो र यसले भविष्यमा थप मानवाधिकार हननका लागि वातावरण बनाउँछ । मानवाधिकारको सम्मान र प्रत्याभूतिका लागि त्यसको हनन गर्नेहरूले आफ्ना अपराधको परिणाम पनि भोग्नु पर्छ र दण्डित भइन्छ भन्ने थाहा पाउनु आवश्यक छ । दोषीहरूलाई जवाफदेही गराउन नसकिएमा यसले दण्डहीनतालाई प्रवर्धन गर्छ । दण्डहीनताले पीडितहरूलाई प्रभावकारी हर्जाना तथा क्षतिपूर्तिबाट

---

९ Nick Jorgensen as discussed by El Hosseiny (2013)

वञ्चित पार्छ । पीडितको पीडा/क्षति पहिचान एवं सम्बोधन नगरिनु, हर्जाना/क्षतिपूर्ति नदिइनुले कानुनी शासनप्रति अविश्वास एवं निराशा बढ्छ । दण्डहीनताको समस्यालाई सम्बोधन गर्नु एवं दण्डहीनतालाई निराकरण गर्नु मानवाधिकारको दृष्टिबाट अपरिहार्य मानिन्छ ।

दण्डहीनताको मुद्दालाई सम्बोधन गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अनुसार, राज्यको उत्तरदायित्व हो । दण्डहीनता अन्त्य गर्ने मुख्य जिम्मेवारी राज्यको मानिन्छ । दिगो शान्ति तथा प्रजातान्त्रिक संस्थाहरू र कानुनी राजको संहतिकरणका लागि हनन/अतिक्रमको जवाफदेहीता हुनै पर्छ ।

दण्डहीनताको असर समाजका सबै अवयवहरूमा पर्ने भएकाले सञ्चारक्षेत्र एवं मिडियाकर्मी पनि यसको असरबाट मुक्त नरहेको देखिन्छ । तसर्थ, दण्डहीनतालाई अभिव्यक्ति स्वतन्त्रता एवं पत्रकारको सुरक्षाको दृष्टिबिन्दुबाट पनि विश्लेषण गरिएको पाइन्छ । विशेषतः, पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनता एक ज्वलन्त समस्याका रूपमा अगाडि आइरहेको छ । युनेस्कोको एक प्रकाशन[१०] मा भनिएझैँ नै, दण्डहीनताले न्यायिक प्रणालीको असफलताका साथै यस्तो वातावरणको सृजनालाई इंगित गर्छ जहाँ अभिव्यक्ति स्वतन्त्रताविरूद्धका अपराध दण्डित नभई अभिव्यक्ति स्वतन्त्रतालाई गम्भीर खतरा भएको हुन्छ । दण्डहीनताको अभ्यास तथा अपेक्षाले अभिव्यक्ति स्वतन्त्रता एवं प्रेस स्वतन्त्रताका अलावा अन्य प्रचुर मानवअधिकार हननलाई थप प्रोत्साहन दिन सक्छ, साथै अन्य प्रकारका आपराधिकतालाई पनि प्रोत्साहन दिन्छ । आलोचनाहरूलाई भौतिक रूपमै बन्द गराउने, स्वेच्छाचारी गिरफ्तारी र थुना, बलात् बेपत्ता, हैरानी तथा धम्कीको प्रायःजसो उद्देश्य पत्रकारहरूलाई चुप लगाउने मात्र हुँदैन, बरू जनसमूहलाई नै धम्क्याउने हुन्छ ।[११]

दण्डहीनताको समस्यालाई निराकरण गरेर मात्र देशमा कानुनको शासनप्रति जनविश्वास अभिवृद्धि गर्न, पीडितलाई न्याय दिन र पीडकलाई दण्डित गर्न सकिने मान्यता प्रेस स्वतन्त्रताको प्रत्याभूति एवं पत्रकारको सुरक्षाका परिप्रेक्ष्यमा पनि सान्दर्भिक छन् । वास्तवमा पत्रकार तथा मिडियाकर्मीमाथि हुने आक्रमण तथा अन्य प्रेस स्वतन्त्रताविरूद्धका घटना र दण्डहीनताका कारणले लोकतन्त्र,

---

१० UNESCO. 2014.

११ पूर्ववत् ।

कानुनी शासन तथा दिगो शान्तिको मर्ममाथि नै आघात पुग्छ ।

संयुक्त राष्ट्रसङ्घले सन् २०१२ अप्रिलमा पत्रकार सुरक्षा तथा दण्डहीनताको सवालमा संयुक्त राष्ट्रसङ्घीय कार्ययोजना (UN Plan of Action on the Safety of Journalists and Issue of Impunity) पारित गरी त्यसलाई सञ्चालनमा ल्याएको छ ।[१२] यो कार्ययोजना युनेस्कोका महानिर्देशकद्वारा सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रमको अन्तरसरकारी परिषद्को अनुरोधमा आयोजित संयुक्त राष्ट्रसङ्घीय अन्तरनिकाय बैठकका क्रममा तयार पारिएको हो । उक्त कार्ययोजनाको उद्देश्य द्वन्द्वरत तथा द्वन्द्वोत्तर दुवै अवस्थामा पत्रकार तथा मिडियाकर्मीहरूका लागि स्वतन्त्र र सुरक्षित वातावरण बनाउन सहयोग पुऱ्याउनु हो । यो कानुनी शासन, अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवाधिकार मान्यताहरूको कार्यान्वयनमा आधारित छ । पत्रकार सुरक्षा तथा दण्डहीनताको सवालमा संयुक्त राष्ट्रसङ्घीय कार्ययोजनाले पत्रकारको सुरक्षासँग सम्बन्धित सवाललाई सम्बोधन गर्न एकीकृत संयन्त्रको स्थापना गर्न सुझाव दिएको छ । उक्त कार्ययोजनाले संयुक्त राष्ट्रसङ्घीय निकायहरूलाई अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हकका पक्षमा कानुन र संयन्त्र बनाउन सदस्य राष्ट्रहरूलाई सहयोग गर्न पनि सुझाव दिएको छ । कार्ययोजनाले विकास साझेदारहरूलाई प्रचलित अन्तर्राष्ट्रिय नियम तथा सिद्धान्तको कार्यान्वयनका लागि गरिएका पहलहरूमा सहयोग गर्न प्रोत्साहित गरेको छ ।

सन् २०१३ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाले एक सङ्कल्प प्रस्ताव पारित गर्दै हरेक वर्ष नोभेम्बर २ तारिखलाई पत्रकारविरूद्ध अपराधका लागि दण्डहीनता अन्त्य गर्न अन्तर्राष्ट्रिय दिवस (International Day to End Impunity for Crimes against Journalists) मनाउने निर्णय गऱ्यो ।[१३] पत्रकारविरूद्ध अपराधका लागि दण्डहीनता अन्त्य गर्न अन्तर्राष्ट्रिय दिवस (International Day to End Impunity for Crimes against Journalists) ले पत्रकारविरूद्धका अपराधका लागि दण्डहीनताको अन्त्यको महत्वबारे जनचासो अभिवृद्धि गर्ने कार्यमा केन्द्रित हुनका लागि सबै सरोकारवालाहरूलाई रणनीतिक

१२ http://www.unesco.org/new/fileadmin/MULTIMEDIA/HQ/CI/CI/pdf/WPFD/UN%20Plan%20of%20Action_Safety%20of%20Journalists.pdf

१३ United Nation's Resoultion adopted by the General Assembly on 18 December 2013 (A/RES/68/163)

अवसर प्रदान गर्छ ।[१४]

संयुक्त राष्ट्रसङ्घले उक्त सङ्कल्पमार्फत् आफ्ना सदस्यहरूलाई अनुरोध गरेको छ कि निम्नानुसारका कार्यका लागि सकेसम्म (अधिकतम्) प्रयत्न गरियोस्ः

- पत्रकार तथा मिडियाकर्मीविरूद्ध हनन/अतिक्रम (violations) को निरोध गर्ने,
- आफ्ना न्यायिक क्षेत्राधिकारमा पर्ने पत्रकार तथा मिडियाकर्मीविरूद्धका सबै आरोपित अतिक्रमहरू (alleged violations) मा निष्पक्ष, तीव्र र प्रभावकारी अन्वेषणमार्फत् जवाफदेहीता सुनिश्चित गर्ने,
- उपर्युक्त अपराधका अभियुक्त/पीडकलाई न्यायको कठघरामा उभ्याउने र उपयुक्त (कानुनी) उपायहरूसम्म पीडितहरूको पहुँचलाई सुनिश्चित गर्ने ।

पत्रकारहरूले आफ्नो काम स्वतन्त्रतापूर्वक र कुनै अनुचित हस्तक्षेपबिना गर्न सक्ने सुरक्षित र समर्थ वातावरण प्रवर्धन गर्न राज्यले के के गर्न सक्छ भन्नेबारे पनि उक्त सङ्कल्प प्रस्ताव स्पष्ट छ । यसका लागि व्यवस्थापकीय उपायहरू (वैधानिक प्रावधान) बनाउने तथा पत्रकारको सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका दायित्व र प्रतिबद्धताबारे न्यायपालिकामा र कानुन कार्यान्वयन गर्ने अधिकारी तथा सैनिक/सैन्यअधिकारीका साथै पत्रकारहरूका बीचमा र नागरिक समाजमा सचेतना अभिवृद्धि गर्ने कार्य राज्यले गर्न सक्छ । साथै, पत्रकार विरूद्ध हुने आक्रमणहरूको अनुगमन र रिपोर्टिंग गर्ने, त्यस्ता आक्रमणको सार्वजनिक निन्दा गर्ने एवं त्यस्ता आक्रमणको अन्वेषण र मुद्दा चलाउनका लागि आवश्यक स्रोत/संसाधनको व्यवस्था गर्ने कार्यहरू पनि राज्यले गर्न सक्छ ।

यहाँसम्मको परिचर्चाबाट के स्पष्ट हुन्छ भने दण्डहीनताको समस्या मानवाधिकारको हनन तथा कानुनी शासनको प्रभावहीनता वा असफलतासँग सम्बद्ध परिघटना हो । कुनै पनि देशमा दण्डहीनता मौलाउनु भनेको त्यहाँ कानुनी शासनको सुनिश्चितता नभएको द्योतक हो । दण्डहीनताले तत्कालीन नकारात्मक असर पार्नुका साथै भविष्यमा समेत मानवाधिकार हनन तथा आपराधिक

१४ Concept Note on the High-Level and Interactive Panel Discussion on "Ending Impunity: Upholding the Rule of Law" on the occasion of the 1st International Day to End Impunity for Crimes against Journalists, 2 November 2014.

क्रियाकलापका लागि वातावरण बनाइरहेको हुन्छ । प्रेस स्वतन्त्रता तथा पत्रकारको विरूद्धमा भएका अपराधमा दण्डहीनता हुनु प्रेस जगत्को मात्र समस्या होइन, प्रत्युत सारा समाजलाई नै कानुनी शासन र मानवाधिकारको प्रत्याभूतिबाट वञ्चित पार्ने उपक्रमकै अवयवका रूपमा त्यसलाई बुझ्नु पर्छ । तसर्थ, प्रेस स्वतन्त्रता तथा पत्रकारको विरूद्धमा भएका अपराधमा दण्डहीनताको समस्यालाई मानवाधिकारका क्षेत्रमा कार्यरत सबै सरोकारवालाहरूका साथै राज्य स्वयंलेसमेत आफ्नो सरोकारको विषयवस्तु मानेर दण्डहीनतालाई निराकरण गर्ने प्रयत्न गर्नु पर्छ भन्ने मानिएको छ । संयुक्त राष्ट्रसङ्घले दण्डहीनताको निराकरणलाई प्राथमिकतामा राख्नुको तात्पर्य पनि यही हो । कुनै पनि देशमा दण्डहीनतालाई निराकरण गर्ने प्राथमिक जिम्मेवारी राज्यपक्षकै हो भन्ने कुरा पनि माथिको परिचर्चाबाट स्पष्ट हुन्छ ।

# अध्याय ३

# दण्डहीनता : नेपालको सन्दर्भ

दण्डहीनता शब्द समकालीन नेपालमा अत्यधिक प्रयोग भइरहेका केही शब्दहरूमध्ये एक हो । उक्त शब्दको नेपाली एवं संस्कृत मूलबाट अर्थ गर्दा यसको तात्पर्य दण्डको अभाव भएको अवस्था भन्ने बुझिन्छ, जहाँ दण्ड शब्दले विधान, नियम, सजाय आदिलाई जनाउँछ । *मनुस्मृति* (द्रष्टव्य : अध्याय ७) तथा *अर्थशास्त्र* (द्रष्टव्य : विनयाधिकार, अध्याय ३) जस्ता प्राचीन ग्रन्थहरूका साक्ष्यबाट के भन्न सकिन्छ भने आधुनिक सन्दर्भमा कानुनले जुन नियमनकारी भूमिका खेलेको हुन्छ, प्राचीन भारतवर्षमा त्यस्ता नियमनकारी विधानलाई दण्ड संज्ञाले जनाइन्थ्यो । दण्ड शब्दलाई संकीर्ण अर्थमा प्रयोग गर्दाचाहिँ यसलाई सजायको समानार्थक मानेको देखिन्छ । दण्डको परम्परागत अवधारणासँग समाजमा सुव्यवस्था कायम राख्ने तथा कसैले गलत काम गरेमा दण्डित गर्ने संरचना, संयन्त्र वा मान्यता अभिहित देखिन्छ ।

मनुस्मृतिले दण्डलाई शासकको सबै कार्यको सिद्धिका लागि सृजित मानेको छ । दण्डकै भयले सबै प्राणी आफ्ना आफ्ना धर्म (कर्तव्य) बाट विचलित नहुने, दण्डले नै सबै प्रजाहरूलाई शासन गर्ने तथा दण्डको विधान गर्दा समुचित तवरले (विचारपूर्वक) गर्न नसकिएमाचाहिँ यसले विनाश समेत गर्न सक्ने बताइएको छ । दण्डित हुनु पर्ने अपराधीलाई यथार्थ दण्ड दिइएन भने बलवानहरूले दुर्बलहरूलाई बल्छीमा परेको माछालाई जस्तै भुटेर खाइदिने, दण्ड नहुँदा समाजमा अराजकता हुने, दण्डको उचित उपयोग नहुँदा समाजमा विद्रोह फैलने अवस्था आउने पनि मनुस्मृतिमा उल्लेखित छ ।[१] यसरी दण्डहीनता तथा त्यसका असरबारे मनुस्मृतिकार जानकार रहेको देखिन्छ ।

कौटिल्यकृत *अर्थशास्त्र*मा दण्डनीतिलाई आन्वीक्षकी (दर्शन), त्रयी (वेद) तथा वार्ता (कृषि, पशुपालन, व्यापार) सहित प्रमुख विद्या मानिएको छ । उक्त ग्रन्थमा दण्ड भनेर शासन व्यवस्थाको नीतिलाई अभिहित गरिएको बुझिन्छ ।

१ *मनुस्मृति*, अध्याय ७ ।

दण्डले नै अप्राप्त वस्तु प्राप्त गराउने, प्राप्त भएका वस्तुको रक्षा गराउने, रक्षा गरिएका वस्तुको वृद्धि गराउने र त्यसरी वृद्धि भएका वस्तुलाई उचित कार्यमा लगानी गर्नका लागि निर्देशित गराउने भन्दै यसैमाथि नै संसारका सबै लोकव्यवहारहरू निर्भर रहेका उल्लेख गरिएको छ । दण्ड ज्यादा कठोर र ज्यादा खुकुलो हुन नहुने तथा यदि दण्डको व्यवस्थालाई पूर्ण रूपमा खारेज गर्ने हो भने ठूलो माछाले सानो माछालाई खाएजस्तो बलवानले निर्धालाई बाँच्नैसमेत नदिने खालको कुप्रभाव पर्ने बताइएको छ । दण्डव्यवस्थाको अभावमा सर्वत्र अराजकता फैलने र दण्डको सुनिश्चितताले सबै मर्यादामा रहिरहने पनि बताइएको छ ।[२] कौटिल्यले उचित रीतिले प्रयोग गरिएको दण्ड प्रजाको हित गर्नका लागि असल साधन हुनेमा जोड दिएका छन् ।[३] अर्थात्, दण्डको अविद्यमानताले समाजमा अव्यस्था, अराजकता, अपराध मौलाउने तथ्यलाई यहाँ ख्याल गरिएको बुझ्न सकिन्छ । यसरी अर्थशास्त्रकार पनि दण्डहीनता तथा त्यसका असरबारे जानकार रहेको देखिन्छ ।

मानिसका आचार व्यवहारलाई नियमन गर्न समाजमा विभिन्न नियम बनाइने, जसमा विधि (गर्नु पर्ने कर्मबारे) र निषेध (गर्न नहुने कर्मबारे) को व्यवस्था गर्दै निषिद्ध कर्म गर्ने व्यक्तिलाई के कस्तो सजाय दिने भन्ने प्रावधान पनि रहेको हुने पृष्ठभूमिमा दण्ड शब्दको तात्पर्यार्थलाई बुझ्न सकिन्छ । यदि उपर्युक्त दण्डको अभाव भयो वा त्यसलाई प्रभावकारी रूपमा लागू गर्न सक्ने परिस्थिति भएन वा शासकवर्ग स्वेच्छाचारी भएर समाजमा अराजकताको अवस्था फैलियो र समाजमा "साधुलाई सुली चोरलाई चौतारो" भनेजस्तो परिस्थिति बन्योभने त्यसलाई दण्डहीनताको अवस्था मानिएको पाइन्छ । दण्डको नियमनकारी शक्तिले प्रभावकारी हुन नसक्दा समाजमा दण्डित हुनु पर्ने व्यक्तिहरू दण्डित नहुने, पीडितहरू झन् पीडामा पिल्सिनु पर्ने, जनसाधारणको विधान, नियम, न्यायप्रतिको विश्वासमा आघात पुग्ने तथा आपराधिक मनोवृत्ति भएकाहरूको मनोबल बढ्ने परिस्थिति पैदा हुन्छ भन्ने मान्यता विभिन्न संस्कृत ग्रन्थहरूमा व्यक्त भएको पाइन्छ । *श्रीमद् भागवत* पुराणमा वर्णित राजा बेनको शासनलाई दण्डहीनता मौलाएको अवस्थाको उदाहरणका रूपमा लिन सकिन्छ भने सोही ग्रन्थमा वर्णित राजा पृथुको शासनलाई दण्डको सुव्यवस्था (आधुनिक परिप्रेक्ष्यमा भन्नु पर्दा, कानुनको शासन) भएको

२ *अर्थशास्त्र*, विनयाधिकार, अध्याय ३ ।
३ *अर्थशास्त्र*, विनयाधिकार, अध्याय ४ ।

राज्यको रूपमा देखिन्छ ।[४]

नेपाल विश्वका सबैभन्दा पुराना देशहरूमध्ये एक भएकाले राज्यको निकै लामो इतिहास रहेको छ । यस क्रममा नेपाल विभिन्न राज्यप्रणालीअन्तर्गत सञ्चालन भएको छ । राज्यको सञ्चालनका लागि जुनसुकै प्रणाली भए तापनि प्राचीन कालमा धार्मिक ग्रन्थ (मूलतः स्मृति ग्रन्थ) तथा रीतिथितिको आधारमा धर्म तथा अधर्म, विधि तथा निषेध र पाप तथा पुण्यको अवधारणाअनुरूप सामाजिक व्यवहार चल्ने गरेको बुझिन्छ । राज्यको चरित्रचाहिँ शासकको चरित्रअनुसार हुने व्यावहारिक यथार्थ पनि उल्लेख्य छ । नेपालको इतिहासमा अंशुवर्मा, जयस्थिति मल्ल, महिन्द्र मल्ल, राम शाह आदिले सुनाम कमाएका छन् भने कैयौँ शासकहरू स्वेच्छाचारी, निरङ्कुश, अत्याचारी भएर दुर्नाम कमाएका छन् । शासन प्रणाली र शासक अनुरूप देशमा दण्डको सुव्यवस्थाको प्रयत्न भएको वा स्वेच्छाचारिता, निरंकुशता, दण्डहीनताको परिस्थिति रहिआएको अनेक उदाहरण नेपालको इतिहासमा पाइन्छ । यद्यपि नेपालको इतिहासलाई दण्डहीनताको दृष्टिबिन्दुबाट विश्लेषण गरिएका सन्दर्भ सामग्री नभेटिएकाले त्यसबारे यहाँ विस्तृत परिचर्चा गरिएको छैन । आधुनिक मानवाधिकारका दृष्टिबिन्दुबाट हेर्दासमेत प्रशंसनीय उदाहरण नेपालको इतिहासमा भेटिने[५] भएतापनि लिखित इतिहासको प्रायः पानाहरूले के साक्ष्य प्रस्तुत गर्छन् भने नेपालमा कानुनको शासनको अवधारणालाई बलियो पार्नका लागि धेरै चुनौती रहेका छन् । "न्याय नपाए गोर्खा जानू कहावतले जे इंगित गर्छ," श्री ३ महाराजका त मुखैमा कानुनू कहावतले त्यसको विपरित परिस्थितिलाई जनाउँछ । प्रजातन्त्र, पुनः प्रजातन्त्र, लोकतन्त्र एवं गणतन्त्र हुँदै संविधानसभाबाट संविधान निर्माण भएको वर्तमान परिस्थितिसम्म आइपुग्दा पनि दण्डहीनताको चुनौतीबाट नेपाल मुक्त हुन सकेको छैन ।

आधुनिक सन्दर्भमा नेपालमा दण्डहीनता (Impunity) बारे परिचर्चा वि.सं. २०४७ तिरबाट हुन थालेको पाइन्छ । जनआन्दोलनका दोषीहरूलाई दण्डित गर्नु पर्ने मागका परिप्रेक्ष्यमा यस्तो परिचर्चा हुने गरेको एवं मुख्यतया पैरवीमा केन्द्रित रहेर दण्डहीनताको सङ्कथन अगाडि बढेको थियो ।[६] तत्पश्चात्का वर्षहरूमा

---

४ अधिकारी, वि.सं. २०६३ ।

५ Rai, 1995. नेपालको प्राचीन इतिहासबारे अध्ययनका लागि द्रष्टव्य: आचार्य, वि.सं. २०६० ।

६ Bhattarai et al, 1999, p. 1.

दण्डहीनताको सवाललाई मानवाधिकारकर्मीहरूले उठाउँदै आएको देखिन्छ । विशेषतः, दशक लामो सशस्त्र द्वन्द्व, जनआन्दोलन २०६२/२०६३ र त्यसपछिको राजनीतिक सङ्क्रमणका परिप्रेक्ष्यमा दण्डहीनताको सवाल थप उजागर भएको देखिन्छ ।[७]

तत्कालीन नेकपा (माओवादी) द्वारा "जनयुद्ध" को घोषणापछि सुरू भई करिब एक दशकसम्म चलेको सशस्त्र द्वन्द्वकालमा १७ हजार २ सय ६५ जनाको हत्या भयो र १ हजार ३ सय २७ जना बेपत्ता पारिए ।[८] नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच वि.सं. २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौता तथा सोही वर्ष माघ १ गते जारी भएको अन्तरिम संविधानले देशलाई नयाँ राजनीतिक बाटोतिर डोऱ्यायो, नेपालमा मानिस मारिने क्रम र संख्यामा कमी आयो, तर मानवाधिकार हनन हुन छाडेन र दण्डहीनतालाई निराकरण गर्नेतर्फ कुनै उपलब्धि हुन सकेन । प्रत्युत, त्यसपछि दण्डहीनता झनै संस्थागत भएको आरोप समेत लाग्ने गरेको छ ।

सन् २००८ मा प्रकाशित एक अध्ययन प्रतिवेदन[९] ले नेपालमा दण्डहीनता कानुनी तथा व्यवहारिक दुवै रूपमा विद्यमान रहेको परिचर्चा गरेको छ । प्रतिवेदनको पृ. १६ मा लेखिएको छ :

क्षमताको अभावले वा इच्छाशक्तिको (प्रायः राजनीतिक कारणहरूले) अभावले मानवअधिकार उल्लङ्घनका जिम्मेवारहरू विरूद्ध राज्यले अभियोग लगाई मुद्दा चलाउन असफल रहँदा व्यवहारिक दण्डहीनताले ठाउँ पाउँछ । नेपालमा राजनीतिक दबाब र अन्य हस्तक्षेप समेतका विभिन्न पक्षहरूको जटिल अन्तर्सम्बन्धका कारणले राम्रोसँग अभिलेखीकरण गरिएका मानवअधिकारका गम्भीर उल्लङ्घनहरूमा समेत विद्यमान कानुन बमोजिम अभियोजन गरिएको छैन ।

उक्त प्रतिवेदनको पृ. ४७ मा लेखिएको छ : "कानुनले अपराध मान्नु पर्ने कार्यलाई अपराध नमानेका वा ती कानुनहरूले सैनिक वा गैरसैनिक अधिकारीहरूलाई फौजदारी अभियोगबाट बचाउ गरेका जस्ता कारणहरूले कानुनहरू अपर्याप्त हुँदा कानुनी दण्डहीनता अस्तित्वमा रहन्छ । यी दुवै कारणहरू नेपालमा समस्याका

---

७ गाउँले, सन् २०१०, Advocay Forum and Redress, 2011.

८ नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुसार ।

९ एड्भोकेसी फोरम र ह्युमन राइट्स् वाच, सन् २००८ ।

रूपमा रहेका छन् ।"

सन् २०१० मा प्रकाशित एक अध्ययन प्रतिवेदन अनुसार,

> २०६३ सालपछि शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउने नाममा गरिएका सम्झौताहरूका कारण कानुन व्यवस्थाको राम्ररी पालना हुन सकेन । यसले दण्डहीनतालाई प्रोत्साहन गऱ्यो । यस्ता सम्झौताहरूका आवरणमा दोषी र अपराधीहरूले उन्मुक्ति पाए । अझ तिनीहरू कुनै राजनीतिक दलका कार्यकर्ता वा समर्थक छन् भने त उनीहरूलाई कारबाही हुने कुरै रहेन । यसले आमरूपमा के धारणा विकसित गऱ्यो भने कुनै राजनीतिक दलसँग नजिक भए मुलुकको कानुन व्यवस्था हातमा लिए पनि हुन्छ, सरकारले कुनै कारबाही गर्न सक्दैन ।[१०]

शान्ति सम्झौताको पालना भए नभएकोबारे अनुगमन गर्ने औपचारिक निकाय नरहेको, सम्झौताका विभिन्न प्रावधानहरूलाई बेवास्ता गरिएको तथा दण्डहीनताले प्रोत्साहन पाइरहेको तथ्यलाई पनि उक्त प्रतिवेदनले उजागर गरेको छ ।

२०६३ सालयता यस्ता घटना शायदै छन् जसमा राजनीतिक दल वा उसका भ्रातृ सङ्गठनका कार्यकर्ताहरूलाई अभियोजन गरिएको होस् । उल्टो सरकार गम्भीर मानवअधिकार उल्लङ्घन गरेको अभियोग लागेका र राजनीतिक पहुँच भएका अभियुक्त विरूद्धका मुद्दाहरू फिर्ता लिइरहेको छ । सरकारले मुद्दा फिर्ता लिएको र अदालतले फिर्ता लिन अनुमति दिएका मुद्दाहरूको सूचीमा त्यस्ता प्रतिवादीहरूको नाम पनि छ जो बलात्कार जस्तो मुद्दाका आरोपित हुन् । यी र यस्ता सबै घटनाको विवरणको निचोड के हो भने नेपालमा दण्डहीनताले प्रोत्साहन पाइरहेको छ जसले शान्ति स्थापना गर्नमा असर पारिरहेको छ ।[११]

सन् २०११ डिसेम्बरमा प्रकाशित एक अध्ययन प्रतिवेदन[१२] अनुसार, द्वन्द्वकाल र द्वन्द्वोत्तर समय दुवै बेलाका मानवाधिकार हननहरूमा दण्डहीनता लागू भएको छ । दण्डहीनताको समस्यालाई सम्बोधन गरिनु पर्ने अत्यावश्यकतालाई देखावटी रूपमै भए तापनि स्वीकारिएको, तर व्यवहारचाहिँ त्यसको प्रतिकूल रहेको तथ्यलाई उक्त प्रतिवेदनले उजागर गरेको छ । नेपालमा दण्डहीनताको अपसंस्कृतिको

१० गाउँले र अन्य (सन् २०१०) को प्रारम्भ खण्डबाट उद्धृत ।
११ गाउँले र अन्य (सन् २०१०), पृ. २१ ।
१२ Advocacy Forum Nepal & Redress, 2011.

प्रवर्धनमा सरकार, सुरक्षा संयन्त्र, राजनीतिक दलहरू तथा राज्यको न्यायिक निकायको समेत योगदान रहेको तथ्य पनि प्रतिवेदनबाट उजागर हुन्छ ।

दण्डहीनताले राज्यका विभिन्न निकायहरूलाई झन् कमजोर बनाउँदै लगेको हुनाले यो समस्यालाई समाधान गर्ने बाटोमा निकै ठूलो अवरोध देखिन्छ । "नेपालमा दण्डहीनता अन्त्यको प्रक्रिया कहाँबाट थाल्ने भन्ने जटिलता सिर्जना भएको छ । दोषीलाई सजाय दिन अनुसन्धान गर्नुपर्ने थुप्रै मुद्दाहरूमा प्रशस्त अवरोध छन् जसको परिणाम दोषीले सजाय नपाएर समाजमा अन्याय व्याप्त हुन पुगेको छ ।"[१३] यसले कानुनी शासनको मान्यतालाई नै कमजोर बनाइरहेको छ ।

विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधान लागू भएपछिको अवस्थालाई द्वन्द्वोत्तर समय भनेर मान्ने गरिएको भएतापनि त्यसयता नेपालले अरू नयाँखाले द्वन्द्वहरू भोग्नु पर्‍यो र परिरहेको छ । तराई क्षेत्रमा थुप्रै सशस्त्र समूहहरूको गतिविधि यहाँ उल्लेख्य उदाहरण हो । नयाँ जटिलतायुक्त राजनीतिक परिस्थितिमा दण्डहीनता झनै मौलाएको बताइन्छ । संविधानसभाले नयाँ संविधान बनाएर उक्त संविधान देशमा लागू भइसकेको अवस्थामा दण्डहीनतालाई कसरी निराकरण गरिएला भन्ने हेर्नचाहिँ बाँकी नै छ ।

नेपालले भोगेको दशक लामो सशस्त्र द्वन्द्वको कालखण्ड पत्रकार तथा मिडियाकर्मीमाथि हुने आक्रमण तथा प्रेस स्वतन्त्रताविरूद्धका अन्य घटनाका हिसाबले पनि एक भयावह कालरात्री थियो भन्दा अत्युक्ति हुँदैन । उक्त सशस्त्र द्वन्द्वको औपचारिक अन्त्यपछिको सङ्क्रमणकाल पनि पत्रकारको सुरक्षा एवं प्रेस स्वतन्त्रताको प्रत्याभूतिका हिसाबले उत्साहजनक रहन सकेन । यस अवधिमा पत्रकारको सुरक्षामाथि चुनौतीका नयाँ आयामहरू देखिन थाल्यो ।[१४] "जातीय र पहिचानको राजनीतिले निम्त्याएको हिंसा र अराजकताले नेपाली प्रेसलाई अन्यौलको भुमरीतर्फ धकेल्यो । यस अवधिमा पत्रकारहरूका लागि दण्डहीनता सबभन्दा ठूलो चुनौतीका रूपमा खडा भयो ।"[१५]

सन् २०१३ मा प्रकाशित एक सामग्री[१६] मा चर्चा गरिएझैँ, "आफ्नो पक्षमा

---

१३ गाउँले र अन्य (सन् २०१०), पृ. १०० ।

१४ Neupane & Zing, 2014. Also see: Adhikary, 2010.

१५ मैनाली र भट्टराई, सन् २०१३, पृ. १७ ।

१६ मैनाली र भट्टराई, सन् २०१३, पृ. १९ ।

समाचार नलेख्ने पत्रकारहरूलाई मारिदिने, अङ्गभङ्ग पारिदिने, धम्की दिने समूहहरू परिचित भए पनि तिनीहरूलाई कानुनी कार्बाहीको दायरामा ल्याउन नसकिएको" अवस्था लोकतन्त्र स्थापना लगत्तैको विशेषता रह्यो । "स्थानीय रूपमा भइराखेका अराजक घटनाहरूमा कुनै न कुनै राजनीतिक दलका नेताहरू संलग्न हुने र अपराधीहरू ती राजनीतिक दलका नेताहरूद्वारा संरक्षित हुने हुँदा कानुनी कार्य सम्पादन असम्भव भएको" पृष्ठभूमिमा दण्डहीनता मौलाउँदै गयो ।

यस अवधिमा प्रेसमाथि भएका ज्यादती उन्मुक्तिमा परिणत भए । यो उन्मुक्तिले राज्य कमजोर छ भन्ने सन्देश दियो र विभिन्न आराधिक समूह र ससाना सशस्त्र भूमिगत समूहहरूले आफ्नो अस्तित्व सञ्चारमाध्यमलाई धम्क्याएको भरमा विस्तार गर्न थाले । उनीहरूले यस कार्यमा प्रेसलाई धम्क्याउने, आक्रमण गर्ने, अपहरण गर्ने र हत्या गर्नेसम्म गर्न थाले । तर दण्डहीनताका कारण उनीहरूमाथि कुनै कार्बाही भएन ।[१७]

वास्तवमा, सशस्त्र द्वन्द्वका साथै द्वन्द्वोत्तर समयमा पनि नेपालमा पत्रकारविरूद्ध मानवाधिकार हनन एवं आक्रमणका घटनाहरू भएका छन् । पत्रकारहरूको हत्या हुनुका साथै अपहरण, कुटपिट, धम्की आदिजस्ता थुप्रै घटना भएका छन् । लम्बिँदो राजनीतिक सङ्क्रमणकाल र देशमा देखा परेका नयाँ नयाँ किसिमका द्वन्द्वहरूकाबीच मिडिया वातारण कस्तो हुने भन्नेमा अनिश्चितता कायमै छ ।

नेपालमा व्याप्त दण्डहीनताले समाजका अन्य अवयवजस्तै प्रेस जगत् पनि पीडित रहेको छ । पत्रकारविरूद्ध हुने अपराधमा पनि दण्डहीनताकै अवस्था रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् । विगतमा भएका अपराधमा दण्डहीनताको कारणले पीडकहरू दण्डित भएका छैनन् भने पत्रकारहरू भयको वातावरणमा जिउन बाध्य छन् । यद्यपि हत्याजस्ता जघन्य घटना नभएको कारणले सामान्यतया देशमा पत्रकारको सुरक्षाको अवस्थामा सुधार आएको मान्ने गरिएको देखिन्छ । सन् २०१५ मा नेपाललाई विश्व प्रेस स्वतन्त्रता सूचकांकको १ सय पाचौँ स्थानमा राखिएको छ,[१८] जसले पहिलेका वर्षहरूको तुलनामा पत्रकार प्रेस स्वतन्त्रताको अवस्थामा सुधार देखिएको जनाउँछ । सीपीजेले नेपाललाई दण्डहीनता सूचकांक (Impunity Index) को सूचीबाट हटाउनु[१९] को तात्पर्य पनि यस्तै सुधार आएको

१७ पूर्ववत् ।

१८ http://index.rsf.org/#!/presentation

१९ Committee to Protect Journalists, 2014.

छ भन्ने नै हो ।

सशस्त्र द्वन्द्वकालको तुलनामा वर्तमान अवस्था राम्रो लागे तापनि न्याय प्रदान गर्ने प्रणालीप्रति विश्वास नभएको कारणले प्रेस स्वतन्त्रता हननका कैयौं घटनाहरू रिपोर्ट नै नहुने अवस्था छ ।[२०] यसरी कैयौं घटनाहरू सार्वजनिक जानकारीमा नआउने अवस्था रहेको छ । एक अध्ययन[२१] ले उजागर गरेझैं नै आमनेसामने दिइने गालीहरू, आक्रमण तथा फोनमार्फत् दिइने धम्कीहरू यति सामान्य ठानिन थालेका छन् कि अधिकतर पत्रकारहरूलाई यस्ता घटनालाई आफ्नो पेसाको अभिन्न अङ्ग ठान्न थालिसकेका छन् । अर्थात्, यस्ता घटनामा कतै उजुरी गर्ने सोचसमेत उनीहरूमा नआउनु कानुनी प्रक्रियामाथि चरम अविश्वासको द्योतक हो ।

कानुनी प्रक्रियामाथि चरम अविश्वास हुनुका विशिष्ट कारणहरू रहेका छन् । प्रेसमाथिको आक्रमणमा संलग्नहरूको शक्ति र सामर्थ्य देखेर पीडितहरू हतोत्साही हुन्छन् नै, साथै त्यस्ता पीडकहरूमाथि सजाय हुने कुनै आशाको आधार नदेख्नाले कानुनी शासनप्रति अविश्वास मौलाउँछ ।

प्रेसमाथि दुर्व्यवहार गर्नेमा प्रमुख राजनीतिक दलका कार्यकर्तादेखि धार्मिक संस्थासम्म संलग्न देखिएका छन् । समाचारको विषयलाई लिएर पत्रकारमाथि दुर्व्यवहार गर्नेमा सभासद्, राजनीतिक कार्यकर्ता, मन्त्री, सरकारी कर्मचारी, प्रहरी, जातीय तथा पहिचानको आन्दोलन गर्ने संस्थाका नेता तथा कार्यकर्तासमेत थिए । यसबाट आज पनि नेपाली प्रेस राज्य संयन्त्र र लोकतान्त्रिक भनिने शक्ति तथा समुदायबाट समेत असुरक्षित छ भन्ने स्पष्ट हुन्छ ।[२२]

एक अध्ययनका अनुसार,[२३] पत्रकारको सुरक्षा अवस्थामा सुधार आएको सामान्यतया मानिएको तथा प्रेस स्वतन्त्रता हननका घटनामा कमी देखिएको भए तापनि पत्रकारहरूको ठूलो बहुमतले आफूलाई अझै पनि असुरक्षित नै महसुस गर्छ । पत्रकारहरूले आफूलाई असुरक्षित महसुस गर्नुमा विगतमा पत्रकारविरूद्ध भएका अपराधमा दण्डहीनताको अवस्था अद्यापि कायमै रहनु पनि एक मुख्य

२० "Several press freedom violations go unreported because media workers do not have trust in justice-delivery system." Regmi, 2015, p. 8.

२१ Adhikary, 2013.

२२ नेपाल पत्रकार महासङ्घ, २०७१, पृ. ५ ।

२३ Bhattarai, 2014.

कारण हो भन्ने तथ्यलाई विभिन्न अध्ययनहरूले उजागर गरेका छन् ।[२४] नेपाल इन्टरनेसनल मिडिया पार्टनरसिप (पहिले : इन्टरनेसनल मिडिया मिसन टु नेपाल) को केही समय अगाडि भएको नेपाल भ्रमणका क्रममा पनि दण्डहीनता एक मुख्य विषयवस्तु रहेको पनि यहाँनेर उल्लेख्य छ ।[२५] युनेस्कोका महानिर्देशकको पछिल्लो प्रतिवेदन[२६] ले पनि पत्रकारको सुरक्षाको परिप्रेक्ष्यमा नेपालमा दण्डहीनताको समस्या रहेको तथ्यलाई देखाउँछ ।

वास्तवमा, नेपालमा प्रेस स्वतन्त्रता तथा पत्रकारको सुरक्षाका क्षेत्रका सरोकारवालाहरूका लागि दण्डहीनता निकै संवेदनशील चासोको विषय रहिआएको छ । पत्रकार तथा मिडियाकर्मीमाथि हुने आक्रमण तथा अन्य प्रेस स्वतन्त्राविरूद्धका घटना र दण्डहीनताका कारणले लोकतन्त्र, कानुनी शासन तथा दिगो शान्तिको मर्ममाथि नै आघात पुग्ने हुनाले दण्डहीनताको निराकरण गर्नु सबैको प्राथमिकतामा पर्नु पर्ने विषयवस्तु मानिन्छ । सोही अनुरूप, दण्डहीनताको समस्यालाई सम्बोधन गर्नका लागि केही प्रयत्नहरू भएका पनि छन् ।

पत्रकार सुरक्षा तथा दण्डहीनताको सवालमा संयुक्त राष्ट्रसङ्घीय कार्ययोजना (UN Plan of Action on the Safety of Journalists and Issue of Impunity) को कार्यान्वयनका लागि पहिलो चरणमा छानिएका चार देशहरूमध्ये नेपाल एक हो ।[२७] नेपालमा युनेस्कोले सञ्चालन गरेको पत्रकार सुरक्षा परियोजना पनि संयुक्त राष्ट्रसङ्घीय कार्ययोजनामै आधारित छ । सूचना तथा सञ्चार मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल पत्रकार महासङ्घ, न्यायिक निकाय, मानवाधिकारवादी संस्थाहरूलगायत नेपाल प्रहरीको मानवअधिकार शाखा र अन्य सरोकारवालाहरूसँगको सहकार्यमा सञ्चालन भएको उक्त परियोजनाको आर्थिक सहयोग नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्तिकोष (UNPFN) मार्फत् व्यवस्थित गरिएको हो ।

२४जस्तै : Adhikary, 2013; Bhattarai, 2014; International Fact-finding and Advocacy Media Mission to Nepal, 2012; UNESCO, 2013.

२५ The visit was from 19 to 23 April 2015. https://cpj.org/blog/2015/05/mission-journal-in-nepal-finding-solutions-to-bett.php. For joint statement of the mission, see: https://cpj.org/blog/Nepal-Mission-Statement.pdf

२६ http://unesdoc.unesco.org/images/0023/002301/230101E.pdf

२७नेपालका साथै उक्त कार्ययोजना कार्यान्वयनका लागि इराक, पाकिस्तान र दक्षिण सुडान पनि छनोटमा परेका हुन् ।

यहाँसम्मको परिचर्चाबाट के स्पष्ट हुन्छ भने आधुनिक मानवाधिकारको अवधारणा एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनी जिम्मेवारीबाट निर्दिष्ट भएजस्तै नेपालको परम्परागत मान्यतामा पनि कानुन/विधिको शासन हुनु पर्ने र दण्डहीनता हुन नहुने सिद्धान्त स्पष्टसँग रहिआएको छ । तथापि, व्यावहारिक तहमाचाहिँ कानुनी शासनको मान्यता सुनिश्चित हुन नसकेको र राजनीतिक सङ्क्रमणकालमा दण्डहीनताको समस्या प्रबल रहेको अवस्था छ । देशमा व्याप्त दण्डहीनताको अपसंस्कृतिबाट अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा पत्रकारको सुरक्षा पनि अप्रभावित रहेका छैनन्, प्रत्युत दण्डहीनताका कारण सबै क्षेत्रमा नकारात्मक असर परेको छ । अनेक पूर्वाध्ययनहरूले उजागर गरेका छन् कि दण्डहीनताले नेपालको प्रेस जगत्का परिप्रेक्ष्यमा पनि ज्वलन्त समस्या हो । नेपालमा पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटनाको विवरण एवं तिनीहरूको कानुनी अवस्थाबारे आगामी अध्यायमा गरिने परिचर्चाबाट यो तथ्य थप स्पष्ट हुनेछ ।

# अध्याय ४
# पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटना र तिनीहरुको कानुनी अवस्था

वि.सं. २०५२ यता हालसम्म ३५ जना पत्रकार मारिएका र चारजना पत्रकार बेपत्ता पारिएका भन्ने नेपाल पत्रकार महासङ्घको तथ्याङ्क देखिन्छ ।[१] प्रस्तुत अध्ययनको प्रयोजनका लागि नेपाल पत्रकार महासङ्घको तथ्याङ्कलाई नै लिइएको छ र पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटनाबारे विवरणको मुख्य स्रोत पनि सोही संस्था नै हो ।

### तालिका १ : पत्रकार मारिएका ३५ घटना र कानुनी अवस्था

| क्र.सं. | नाम तथा संक्षिप्त विवरण | कानुनी अवस्था |
|---|---|---|
| १. | **ईश्वर बुढाथोकी (कञ्चन प्रियदर्शी)**<br>सिन्धुपाल्चोक पिपलडाँडा निवासी कञ्चन प्रियदशी (ईश्वर बुढाथोकी) महासङ्घको जिल्ला कार्यसमिति सिन्धुपाल्चोकका भूतपूर्व सचिव तथा प्रेस चौतारी सिन्धुपाल्चोकका भूतपूर्व अध्यक्ष थिए । उनले रासस र सगरमाथा दैनिकका प्रतिनिधि बनेर तथा विप्लव मासिक, सूर्य मासिक, सिन्धु एक्सप्रेस, सिन्धु सन्देश र दृष्टि साप्ताहिकसँग पनि सम्बद्ध रहेर पत्रकारिता गरेका थिए ।<br>नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख भए अनुसार, प्रियदर्शी राजनीतिक विचारका हिसाबले पहिले नेकपा (एमाले) निकट रहेको, मारिनु भन्दा चार महिना अघिसम्म सोही पार्टीसँग उनको राजनीतिक सम्पर्क रहेको तथा पछि उनी तत्कालीन नेकपा (माओवादी) मा सामेल भएको बताइन्छ । प्रियदर्शीको सुरक्षा फौजले २०५९ वैशाख १६ गते सिन्धुपाल्चोकको जलबिरेमा हत्या गरेको, उनी त्यो दिन जलबिरेस्थित ससुरालीबाट घर फर्कदै गरेको, जलबिरे इलाकामा उक्त दिन सैनिक सुरक्षा कडा रहेको, प्रियदर्शी र उनका एक साथी सो इलाकामा पुगेपछि सैनिक गस्ती देखेर भागेका र भागिरहेको देखेर सैनिकले टाढासम्म लखेटी गोली हानेर उनको हत्या गरेको बताइएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा चलेको छैन । |
| २. | **कृष्णबहादुर सेन 'इच्छुक'**<br>कृष्णबहादुर सेन 'इच्छुक'को नामबाट साहित्यिक फाँटमा प्रगतिशील सर्जकका रूपमा पनि चर्चित, दाङ जिल्लाको भालुवाङका स्थायी बासिन्दा कृष्णबहादुर सेन काठमाडौँबाट निस्कने जनादेश साप्ताहिक तथा जनदिशा दैनिकका सम्पादक थिए । उनी नेपाल पत्रकार महासङ्घका केन्द्रीय प्रतिनिधि र प्रगतिशील लेखक सङ्घका पनि केन्द्रीय प्रतिनिधि थिए । | सरकारले गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा एक छानबिन समिति गठन गरेको । |

१ http://www.fnjnepal.org/media/?page_id=1192

| | | |
|---|---|---|
| | सेन विद्यार्थी जीवनदेखि वामपन्थी राजनीतिमा सक्रिय रही बन्दी जीवनसमेत बिताउनु परेको, जनादेश साप्ताहिकको सम्पादनकै क्रममा २०५६ वैशाखमा गिरफ्तार भएपछि काठमाडौँ र त्यसपछि राजविराज काराबार हुँदै २२ महिना पुनः काराजीवन बिताएका सेन सर्वोच्च अदालतको बन्दीप्रत्यक्षीकरणको आदेशले २०५७ चैत २ गते रिहा भएको र संकटकालीन अवस्थाको घोषणापछि भूमिगत रहेका सेनलाई २०५९ जेष्ठ ६ गते पुरानो बानेश्वरस्थित डेराबाट प्रहरीले गिरफ्तार गरेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । । प्रहरी हिरासतमा लिइएका सेनको गिरफ्तारीलाई औपचारिक र सार्वजनीक नगरी लामो समयसम्म सरकारले पूर्णत : बेपत्ताको हालतमा उनलाई राखेको, बेपत्ते हालतमा उनी मारिएका र उनको लास पनि गायब बनाइएको, २०५९ असार १२ गतेको जनआस्था साप्ताहिकले यातनाका कारण प्रहरी हिरासतमै उनको निधन भएको खबर प्रकाशित गरेपछि मात्र उनी मारिएको कुरा विवादास्पद हालतमा बाहिर आएको भन्ने पनि महासङ्घको अभिलेखमा उल्लेख छ । | उक्त समितिको प्रतिवेदनउपर सरोकारवालाहरूले चित्त नबुझाएको ।* मुद्दा चलेको छैन । |
| ३. | **देवकुमार आचार्य (डी कौडिन्य)**<br><br>झापाको खुदुनाबारी निवासी आचार्य काठमाडौंबाट प्रकाशित हुने जनदिशा दैनिकका झापा संवाददाता हुनुका साथै अर्को विकल्प साप्ताहिकमा पनि कार्यरत थिए । भाषाविज्ञानमा स्नातकोत्तर गरेका कौडिन्य झापाको काँकडभिट्टा क्याम्पसमा प्राध्यापन पनि गर्दथे र तत्कालीन नेकपा (माओवादी) निकट मानिने नेपाल बुद्धिजीवी सङ्गठनका केन्द्रीय सदस्य पनि थिए ।<br><br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, कौडिन्यलाई २०५९ साउन ७ गते साँझ बुधबारे ७ झापाबाट शाही नेपाली सेनाको टोलीले गिरफ्तार गऱ्यो र २४ घण्टाभित्रै उनी सेनाद्वारा मारिए । २०५९ साउन ८ गते दिउँसो प्रहरी घरमा आएर उनको फोटो समेत खोजतलास गरेर लग्यो र साँझ ७ बजे परिवारका सदस्यहरू लाई लास बुझ्न बोलाइयो । कट्टु र भेस्ट मात्र लगाइएको अवस्थामा लास बुझाइएको, दाहिने छातीमा तीन वटा गोली लागेको, दुवै खुट्टाका औंलाहरूमा करेन्ट लगाइएको र हातका औँलाहरू, नङहरू रगत जमेर काला भएका, जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रहरी नायव उपरीक्षक वलराम उपाध्यायले कौडिन्यलाई उपचारका क्रममै अस्पताल लगिएको बताए पनि लास जाँच गर्ने चिकित्सकका अनुसार गोलीकै कारणले उनको मृत्यु भएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । उनको हत्या संगीनले घोचेर गरिएको, शव प्राप्त हुँदा शरीर पूरै रगताम्मे अवस्थामा रहेको र अनुहार पनि रगतपच्छे रहेको परिवारजन बताउँछन् । | मुद्दा चलेको छैन ।<br>राहत : रू. १ लाख । |
| ४. | **कमल ए.सी.**<br><br>तनहुँ निवासी ए.सी. काठमाडौँबाट निस्कने जनदिशा दैनिकका उपत्यका संवाददाता थिए । पत्रकारिता प्रवेश गर्नुअघि उनी अनेरास्ववियू (क्रान्तिकारी) का कार्यकर्ताका रुपमा विद्यार्थी राजनीतिमा पनि सक्रिय रहेको, संकटकाल लागू | मुद्दा चलेको छैन ।<br>राहत : रू. १ लाख । |

* छानबिनको प्रतिवेदन प्रेस काउन्सिल नेपालको प्रकाशन संहिता (चौबिसौँ र पच्चिसौँ संयुक्तांक, असार २०७२) मा प्रकाशित छ ।

| | | |
|---|---|---|
| | भएपछि काठमाडौँस्थित सहकर्मीहरू गिरफ्तार भएपछि राजधानी बस्न असहज बनेका कारण उनी नुवाकोट गएका र उनलाई सुरक्षाफौजले नुवाकोटको गिर्खु गाविसमा २०५९ साल असोज १५ गते उनी बसेको घर घेरा हाली गोली प्रहार गरी हत्या गरेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | |
| ५. | **कुमार घिमिरे**<br>सिन्धुलीको भुवनेश्वरी मुर्गीबँसी निवासी कुमार घिमिरे सिन्धुलीमाडीबाट निस्कने जनसमर साप्ताहिक र जनप्रभात साप्ताहिकका समाचारदाता थिए । घिमिरे नेपाली काङ्ग्रेसका सक्रिय समर्थकका रूपमा चिनिने, उनले माओवादीबारे आलोचनात्मक रूपले लेख्ने गरेको, उनलाई भिमान प्रहरी चौकीमाथि माओवादी आक्रमणको योजनाकार रहेको आरोपमा भुवनेश्वरी-८ मा २०५९ कार्तिक १६ गते सुरक्षाफौजले गोली हानी हत्या गरेको, रक्षा मन्त्रालयले उनी दोहोरो भिडन्तमा मारिएको वक्तव्य दिएको तथा घिमिरेको लाससमेत उनका परिवारले पाउन नसकेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा चलेको छैन ।<br>राहत : किस्ता किस्तामा गरी रू. ५ लाख । |
| ६. | **राजकुमार केसी**<br>रामेछापको देउराली निवासी राजकुमार केसी राष्ट्रिय समाचार समितिका संवाददाता हुनुका साथै स्थानीय पत्रपत्रिकामा पनि कार्यरत थिए । केसीलाई रामेछापको पहिलो पत्रकारका रूपमा रामेछापवासीले चिन्ने, उनलाई माओवादी भएको आरोपमा २०५९ कात्तिक ७ गते सुरक्षाफौजले घरबाट गिरफ्तार गरेर गोली हानी हत्या गरेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | रामेछाप जिल्ला प्रहरी कार्यालयमा उजुरी गरियो, तर अनुसन्धान भएन । प्रहरीले धेरै समय उजुरी लिन मानेन । बल्ल बल्ल लिएको उजुरीमा पनि प्रभावकारी अनुसन्धान गरेको छैन ।<br>राहत : रू. ५ लाख ।<br>राष्ट्रिय मानव अधिकार आयोगले छानबिन गरी सरकारलाई दिएको सिफारिस कार्यान्वयन नभएको ।<br>अदालतमा मुद्दा दिएको छैन । |
| ७. | **नवराज शर्मा 'वसन्त'**<br>कालीकोट निवासी शर्मा कदम पत्रिकाका प्रधानसम्पादक तथा प्रकाशक र कालीकोटकै बडीमालिका माध्यमिक विद्यालय, राजकोटका शिक्षकसमेत थिए । | मुद्दा चलेको छैन ।<br>कुनै ठाउमा पनि उजुरी छैन । |

| | | |
|---|---|---|
| | उनको हत्या २०५९ बैशाख १९ गते भएको थियो । उनी तत्कालीन नेकपा (माओवादी) तथा सरकारी प्रशासनको दोहोरो निगरानी तथा प्रताडनाले पटक पटक पीडित बनेका, पत्रकारितामार्फत् तत्कालीन नेकपा (माओवादी) को इच्छाविपरीत सामग्री प्रकाशित गरेको कारणले नै उनको हत्या भएको स्थानीय पत्रकारहरूको बुझाइ रहेको, उनलाई माओवादी कार्यकर्ताहरूले घरैबाट अपहरण गरी हत्या गरेका र शरीर पत्तीले चिरिएको, अण्डकोष फुटाइएको, एउटा आँखा झिकिएको, दुवै हातखुट्टा काटिएको, छातीमा गोली लागेको अवस्थामा उनको शव भेटिएको नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | राहत : रू. १ लाख ५० हजार । |
| ८. | **अम्बिका तिमिल्सिना**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार मोरङ जिल्ला पथरी गाविस-३, लामाटोली निवासी तिमिल्सिना काठमाडौंबाट प्रकाशित हुने जनादेश साप्ताहिक र जनदिशा दैनिक तथा धरानबाट प्रकाशित हुने विजयपुर साप्ताहिकका संवाददाता थिए र उनको हत्या तत्कालीन नेकपा (माओवादी) को सशस्त्रदस्ताले २०५९ मङ्सिर २५ गते बुधबार राती गरेको थियो ।<br>तिमिल्सिनाले संकटकाल लागेपछि केही महिना भूमिगत जीवन बिताएको, २०५९ असोजमा प्रहरीसमक्ष आत्मसमर्पण गरेपछि घरैमा बसेर खुला जीवन बिताउदैँ आएका, आत्मसमर्पण गरेको थाहापाएपछि माओवादी विद्रोहीहरूले उनलाई आफूहरूको विरूद्ध सुराकी गरेको आरोप लगाएका र उनको अपहरण गरी हत्या गरेका, गोली र खुकुरी प्रहार गरी उनको हत्या भएको, घाँटी आधा छिनिएको, दाहिने हातमा औँलाहरू छिन्न लागेका, गाला र निधारमा गोलीको चोट लागेको अवस्थामा तिमिल्सिनाको लास फेला परेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा चलेको छैन । |
| ९. | **धनबहादुर रोकाया मगर**<br>रोल्पाको मिरूल निवासी रोकाया मगर रेडियो नेपाल सुर्खेतका मगर भाषाका समाचारवाचक थिए । उनी २०५९ असार २७ गते रेडियो नेपाल सुर्खेतबाट घर बिदा लिई हिँडेका, घरबाट फर्कँदा उनलाई २०५९ साउन १६ गते रोल्पाको जलुकेबाट तत्कालीन नेकपा (माओवादी)का छापामारले अपहरण गरेका, उनको हत्या २०५९ साल माघ १६ गते भएको र उनको शव नभेटिएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । उनको शव नभेटिए तापनि मृत्यु भइसकेको विश्वास गर्दै परिवारले संस्कार गरेको जानकारी प्राप्त भएको छ । | मुद्दा चलेको छैन । |
| १०. | **वीरेन्द्र साह**<br>साह दृष्टि साप्ताहिक, एभिन्युज टेलिभिजन र नेपाल एफ.एम.का लागि बारा जिल्ला सम्वाददाता थिए । नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार असोज १८, २०६४, बारा पिपाराबाट अपहरित साहको शव कार्तिक २२ गते बिहिबार बाराको डुमरवाना-७ टाँगीया बस्तीमा भेटियो । उनका भाइलाई उद्धृत गर्दै उनलाई बारम्बार माओवादी सम्बद्ध व्यक्तिहरूबाट धम्की आउने गरेको उल्लेख गर्दै उनको हत्या तत्कालीन नेकपा (माओवादी) ले गरेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको छ । जिल्ला अदालत बाराले हत्यामा सलग्न -कुन्दन फौजदार, लालबहादुर चौधरी |

| | | |
|---|---|---|
| | | र हरेराम पटेललाई जन्मकैदको फैसला सुनाएपनि मुख्य योजनाकार अझै फरार छन् । अदालतको फैसलापछि विपक्षीले सर्वोच्च अदालतमा पूनरावेदन गरेका थिए । |
| ११. | **महेश्वर पहारी**<br>कास्की, पोखरा निवासी पहारी राष्ट्रिय स्वाभिमान साप्ताहिकमा आवद्ध थिए । उनलाई २०६० साल पौस १८ गते प्रहरीले पक्राउ गरेको, तत्कालीन नेकपा (माओवादी) सँग सम्पर्क रहेको र उनीहरूसँग मिली राजतन्त्र विरूद्ध गरिएको षडयन्त्र थाहा पाउन उनलाई हिरासतमा लिइएको प्रहरीले बताएको, हिरासतमा ६ महिना भन्दा बढी राख्न नमिल्ने कानुन भएकोले उनलाई चारपटक हिरासतबाट छोडदै, लिदै गरिएको, उनी विभिन्न रोगबाट ग्रसित भएको, पोखरा अस्पतालमा उनको २०६२ साल असोज १८ गते  निधन भएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | अदालतमा मुद्दा दर्ता भएको छैन । |
| १२. | **जगतप्रसाद जोशी (जे.पी पण्डित)**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, माओवादीमा आबद्ध एवं कैलाली निवासी जोशी जनदिशा साप्ताहिकका सम्पादक थिए । उनी २०६५ साल असोज २२ गते देखि बेपत्ता पारिएका, २०६५ साल मङ्सिर १३ गते उनको हत्या भएको, उनका आफन्तको भनाइ अनुसार उनको हत्या २०६५ साल मङ्सिर २२ गते भएको, उनको शव जङ्गलमा भेटिएको, माओवादी पार्टी भित्रको कलहको बारेमा लेखेको समाचारका कारण उनको हत्या गरिएको हुनसक्ने त्यहाँका स्थानीय पत्रकारको भनाइ रहेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | छानबिन समिति बनेको ।<br>मुद्दा चलेको नचलेको जानकारी प्राप्त हुन नसकेको । |
| १३. | **उमा सिंह**<br>उनी जनकपुर टुडे र रेडियो टुडेमा कार्यरत थिइन् । नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, २०६५ साल पुस २७ गते जनकपुर अञ्चलको धनुषा जिल्ला स्थित उनकै घरमा  पत्रकार सिंहमाथि १५ जनाले धारिलो हतियार प्रहार गरी हत्या गरे । हत्यामा उनकै भाउजु र भाउजुले लगाएका १५ जना संलग्न भएको र उनको हत्या सम्पत्तिको विषयलाई लिएर गरिएको प्रहरीको अनुसन्धानबाट पत्ता लागेको भन्ने पनि नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | जिल्ला अदालतबाट पत्रकार सिंहकी भाउजु र अन्य अपराधीलाई जन्मकैदको फैसला । |
| १४. | **डेकेन्द्रराज थापा**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, रेडियो नेपालका सम्वाददाता थापाको हत्या तत्कालीन नेकपा (माओवादी) पक्षबाट २०६१ साल साउन २७ | पहिले जिल्ला अदालत र पछि पुनरावेदन |

| | | |
|---|---|---|
| | गते भएको थियो । माओवादीले पानीको पाइप बन्द गरिदिएपछि गाउँका केही व्यक्ति र उनी माओवादी छापामारसँग कुरा गरी पानीको पाइप अवरूद्ध नगर्न आग्रह गर्न गएका, ती सबैजनालाई माओवादी छापामारले अपहरण गरेका, अरूलाई छाडेर थापालाई नछोडिएको, माओवादीको भनाइअनुसार उनी अपहरणको दुई महिना पछि मारिएका, उनलाई माओवादीहरूले अत्यन्त यातना दिएको र जिउँदै गाडेको, उनको शव जङ्गलमा गाडिएको अवस्थामा चार वर्षपछि फेला परेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । प्रहरीले ८ वर्ष पछि ५ जनालाई हत्याको आरोपमा पक्राउ गऱ्यो । | अदालतमा सरकारवादी मुद्दा चलेको । दैलेख जिल्ला अदालतले मुद्दाको फैसला गरेपछि पीडकहरूलाई दिएको सजायबारे पीडित पक्षलाई चित्त नबुझेपछि सरकारी वकिललाई आग्रह गरेर पुनरावेदन अदालत सुर्खेतमा मुद्दाको पुनरावेदन भयो । साथै पत्रकार थापाकी श्रीमती लक्ष्मी थापाले द्वन्द्वकालमा माओवादीबाट मारिएका आफ्ना श्रीमानको हत्याबारे छानबिन गरी हत्यारालाई सजाय दिन माग गर्दै सुर्खेत पुनरावेदन अदालतमा लिखित निवेदन दर्ता गराइन् । उक्त मुद्दाको पुनरावेदन अदालत सुर्खेतबाटसमेत फैसला भइसकेको छ । |
| १५. | **यादव पौडेल**<br>मेची टाइम्स, राजधानी दैनिक र एभिन्यूज टेलिभिजनका सम्वाददाता पौडेल २०६८ साल चैत २१ गते बिर्तामोडको एक होटेलको छेउमा मृत अवस्थामा फेला परेको तथा पीडकहरूले उनलाई कुटपिट गरी होटेलको छतबाट खसालेर हत्या गरेको, पत्रकार पौडेलले पनि पत्रकारिताको पेसागत मर्यादाअनुसारको कार्य गर्न नसकेको देखिएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | सरकारवादी फौजदारी मुद्दा चली जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट |

| | | |
|---|---|---|
| | | अपराधीहरूका विरूद्ध फैसला भएको ।<br><br>अझैपनि फैसला पूर्ण कार्यान्वयन नभइसकेको । |
| १६. | **देवीप्रसाद धिताल**<br><br>तुल्सीपुर एफ.एम. रेडियोका अध्यक्ष धितालको हत्या अज्ञात समूहले गरेको गोली प्रहारका कारण २०६७ साल साउन ६ गते भएको, उनी नेपाली कांग्रेसका सक्रिय सदस्य रहेको, पुलिसको भनाइअनुसार उनको हत्या योजनाबद्ध रूपमा भएको देखिएको र उनलाई कुनै प्रकारको धम्की नआएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा चलेको छैन ।<br><br>अनुसन्धान चलिरहेको प्रहरीको भनाइ ।<br><br>परिवारले कुनै पनि प्रकारको राहत नलिएको पत्रकार महासङ्घ दाङले जानकारी दियो । |
| १७. | **ज्ञानेन्द्र खड्का**<br><br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, राससका संवाददाता खड्काको हत्या माओवादी कार्यकर्ताबाट २०६० साल साउन २१ गते सिन्धुपाल्चोक जिल्लामा भयो । खड्कालाई उनले पढाउने गरेको विद्यालयबाट अपहरण गरी उनकै घरभन्दा केही माथि लगेर रूखमा बाँधी घाँटी रेटेर हत्या गरिएको, उनी पत्रकार भएकै कारण उनको हत्या गरिएको भन्ने भनाइ त्यहाँका स्थानीयको रहेको र हालसम्म हत्याको कुनै कारण थाहा हुन नसकेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा चलेको छैन । |
| १८. | **अरूण सिंहानिया**<br><br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, २०६६ साल फागुन १७ गते सञ्चार उद्यमी सिंहानियालाई जनकपुरमा उनकै निवास नजिकै अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या गरियो । | मुद्दा चलेको छैन । |
| १९. | **जमिम शाह**<br><br>२०६६ साल माग २४ गते दुईजना अज्ञात बन्दुकधारीले काठमाडौँको लाजिम्पाटमा कारमा सवार सञ्चार उद्यमी शाहमाथि गोली प्रहार गरी फरार भएको, शाहको मृत्यु अस्पतालमा उपचारको क्रममा भएको, प्रहरीका अनुसार हत्याको कारण अझै थाहा हुन नसकेको, हत्यामा अन्डरवर्ल्ड डन छोटा राजन समूहको हात रहेको र नेपाल प्रहरीका भू.पू. डिएसपी जगदिश चन्द सहित केही व्यक्ति पक्राउ परेका भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | सरकारवादी फौजदारी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको । |
| २०. | **सन्तोषकुमार गुप्ता**<br><br>गुप्ताको शव भारतको विहार राज्यको चीरैयामा २०६९ साल असार २२ गते भेटिएको, सञ्चार उद्यमी गुप्ताले त्यसभन्दा तीन महिना अघिमात्र बिन्दास एफ.एम. रेडियो सुरू गरेको, उनी रेडियोको लागि विज्ञापनबारे कुरा गर्न | भारतको विहार स्थित मोतीहारी पुलिस स्टेसनले गुप्ताको मृत्युमा |

| | | |
|---|---|---|
| | विहारबाट अन्जान मान्छेले बोलाएपछि त्यहाँ गएका, उनको हत्या कस्ले गऱ्यो भन्ने अझै थाहा हुन नसकेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | संलग्न भएको आशंकामा पाँच जना स्थानीयलाई पक्राउ गरेको भएपनि हाल सम्म थप केही जनकारी थाहा हुन सकेको छैन् ।<br>पर्सा जिल्लामा बस्ने सन्तोषकुमार गुप्ताको मुद्दा त्यस जिल्लामा पनि दर्ता भएको भेटिएन । उनको मुद्दा हालसम्म पनि कतै चलेको छैन । |
| २१. | **पदमराज देवकोटा**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, कर्णाली सन्देश र मुरीचौला मासिकमा कार्यरत देवकोटाको २०६० साल माघ २४ गते प्रहरीबाट हत्या भयो । | जानकारी प्राप्त नभएको । |
| २२. | **गोपाल गिरी**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, गिरी साप्ताहिक मञ्चका पत्रकार एवं तत्कालीन समयमा वीरगञ्ज नगरपालिकाको मेयर थिए र उनको हत्या तत्कालीन नेकपा (माओवादी) ले २०६० साल माघ १ गते गरेको थियो । | तत्कालीन अवस्थामा सरकारबादी फौजदारी मुद्दा चलेको भएपनि २०६३ को जनआन्दोलनपछि गिरिजाप्रसाद कोईरालाको नेतृत्वमा बनेको संयुक्त सरकारले युद्धका बेला दायर भएका मुद्दा सत्यनिरूपण आयोगले हेर्ने भनेर फिर्ता लिइयो । त्यसपछि मुद्दा दायर गर्न औपचारिक बाटो बन्द भएको छ । उनको हत्यामा |

| | | |
|---|---|---|
| | | संलग्न भएको आशङ्कामा एकजनालाई पक्राउ गरेर तीन वर्ष थुनिएको र पछि छाडिएको । |
| २३. | **खगेन्द्र श्रेष्ठ**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, धरान टुडेका पत्रकार खगेन्द्र श्रेष्ठको हत्या २०६१ साल चैत १९ गते माओवादी लडाकुबाट भयो । उनको परिवारको भनाइ अनुसार माओवादीले चैत २ गते श्रेष्ठलाई गोली प्रहार गरेको, उनको मृत्यु चैत १८ भएको, उनको हत्याको कारण अझै प्रष्ट हुन नसकेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | मुद्दा चलेको छैन ।<br>राहत : दुईपटक गरेर ३ लाख रू. ।<br>उनकी श्रीमती रेणु श्रेष्ठले परिवारको तर्फबाट इलाका प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्, तर अनुसन्धान गरी हाल सम्म पनि मुद्दा चलाइएको छैन । |
| २४. | **चन्दन नेपाली**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार गुल्मी जिल्लाका चन्दन नेपाली गुल्मीको रेडियो स्काईपमा कार्यरत थिए । माओवादी लडाकुबाट २०६९ साल भदौ २७ गते मारिएका नेपालीको शव उनी हराएको तीन दिनपछि भिरबाट खसेको अवस्थामा भेटिएको, उनी हराएपछि तीन दिन लगातार मुसलधारे पानी परेपनि भेटाउदा साथमा रहेको मोबाइल नभिजेकाले हत्या भएको हुन सक्ने अनुमान गरिएको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | हत्या हो कि अकालमा मृत्यु भन्ने अझै यकिन हुन नसकेको र प्रहरीले अनुसन्धान गर्दा प्रमाण नपुगेका कारण मुद्दा चल्न नसकेको जानकारी प्राप्त भएको । |
| २५. | **बबुर खरेल**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार सञ्चारकर्मी खरेल को हत्या २०६८ साल श्रावण १ गते अज्ञात समुहले गरेको थियो र उनको पश्चिम बंगालमा लास फेला परेको थियो । | अदालतमा हाल सम्म पनि मुद्दा चलेको भेटिएको छैन । |
| २६. | **बद्रि खड्का**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार जनादेश साप्ताहिकमा कार्यरत खड्काको सरकारबाट परिचालन गरिएका प्रहरीबाट २०६१/०५/१३ मा हत्या भएको थियो । | मुद्दा अगाडि बढ्न नसकेको ।<br>राहत : रू. १ लाख पाएको । |

| | | |
|---|---|---|
| २७. | **विनोद सजन चौधरी**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, जनादेश साप्ताहिकमा कार्यरत चौधरीको हत्या २०५९/०६/१४ मा प्रहरीबाट भएको थियो । | जानकारी प्राप्त नभएको |
| २८. | **नगेन्द्र पोखरेल**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार जनादेश साप्ताहिकमा कार्यरत पोखरेलको हत्या २०६०/०९/०७ मा प्रहरीबाट भएको थियो । | जानकारी प्राप्त नभएको |
| २९. | **आनन्दकुमार थापा**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, थापा जनादेश साप्ताहिकमा कार्यरत थिए र उनको हत्या २०६१ भाद्रमा प्रहरीबाट भएको थियो । | जानकारी प्राप्त नभएको |
| ३०. | **मोहन खनाल**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, जनविद्रोही साप्ताहिकका कार्यरत खनाल २०६२ सालमा प्रहरीबाट मारिएका थिए । | जानकारी प्राप्त नभएको |
| ३१. | **ईश्वर ढुंगाना**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, जनविद्रोही साप्ताहिकमा कार्यरत ढुंगाना २०६२ सालमा प्रहरीबाट मारिएका थिए । | जानकारी प्राप्त नभएको |
| ३२. | **पुष्करबहादुर श्रेष्ठ**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, न्यू हाईवे र न्यू सिजन साप्ताहिकमा कार्यरत श्रेष्ठको हत्या २०६४/०९/१८ मा जनतान्त्रिक मुक्ति मोर्चा– ज्वाला सिंह (जेटीएमएम–जे) बाट भएको थियो । | मुद्दा चलेको छैन । प्रहरीले अनुसन्धान गरिरहेको बताइएको । |
| ३३. | **सुवास मैनाली**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, माओवादी रेडियोको संवाददाता मैनालीको हत्या २०६१ मा प्रहरीबाट भएको थियो । | जानकारी प्राप्त नभएको |
| ३४. | **चिनबहादुर बुढा**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, जनादेश साप्ताहिकमा कार्यरत बुढाको २०६२/११/१६ मा प्रहरीबाट हत्या भएको थियो । | जानकारी प्राप्त नभएको |
| ३५. | **भीमबहादुर घर्ती**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, घर्ती माओवादी रेडियोको संवाददाता थिए र उनको हत्या २०६० सालमा प्रहरीबाट भएको थियो । | जानकारी प्राप्त नभएको |

कमिटी टु प्रोटेक्ट् जर्नलिस्ट्स् (सीपीजे) ले आठजना पत्रकारको नाम ‘motive confirmed’ तथा अन्य नौजना पत्रकारको नाम ‘motive unconfirmed’ भनेर सूचीमा राखेको छ ।[२] वास्तवमा, नेपालमा द्वन्द्वकाल तथा द्वन्द्वोत्तरकालमा पत्रकारको हत्याजस्ता जघन्य घटनाहरू भएका भन्ने तथ्यमा सबैको मतैक्य रहे तापनि त्यस्ता घटनाबारेका विवरण, तथ्याङ्क र विश्लेषण विवादित रहँदै आएका

२ https://cpj.org/killed/asia/nepal/

छन् । वास्तवमा, दण्डहीनतालाई सम्बोधन गर्ने क्रममा सर्वप्रथम त नेपाल पत्रकार महासङ्घद्वारा सूचीकृत भएअनुसारका पत्रकार मारिएका ३५ घटनाको यथार्थबारे नै थप अन्वेषण हुनु र यथायथ गरिनु आवश्यक देखिन्छ ।

### तालिका २ : पत्रकार बेपत्ता पारिएका चार घटना र कानुनी अवस्था

| क्र.सं. | विवरण | कानुनी अवस्था |
|---|---|---|
| १ | **प्रकाश सिंह ठकुरी**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, २०६४ साल असार २१ गतेका दिन कञ्चनपुर भासीस्थित डेरा नजिकैबाट केही व्यक्तिहरूले अपहरण गरेर लगेदेखि अहिलेसम्म पत्रकार ठकुरीको अवस्थाबारे कसैलाई थाहा छैन र उनको अपहरण तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू समेतको संलग्नतामा भएको बताइन्छ । | सरकारवादी मुद्दा चलेकोमा कर्तव्य ज्यानमुद्दा चलिरहेको अवस्थामा बाबुराम भट्टराई प्रधानमन्त्री रहेको बेलामा सरकारले मुद्दा फिर्ता लिएको तथा पक्राउ परेका एक आरोपीलाई समेत रिहा गरेको थियो । सरकारको निर्णयविरूद्ध सर्वोच्च अदालतले पुनः मुद्दा चलाउनू भन्ने आदेश दिएपछि जिल्ला अदालतले फेरि मुद्दाको अनुसन्धान सुरू गरेको जिल्ला न्यायाधिवक्ता दमनसिंह बिष्टबाट जानकारी प्राप्त भएको । |
| २ | **मिलन नेपाली**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार, ललितपुर जिल्लाका मिलन नेपाली जनादेश साप्ताहिकमा आबद्ध थिए र ललितपुरबाटै सशस्त्र प्रहरीद्वारा २०५६ साल जेष्ठ २६ गते पक्राउ परेका नेपालीको अवस्था हालसम्म पनि सार्वजनिक भएको छैन । | हालसम्म मुद्दा चलेको छैन । |
| ३ | **चित्रनारायण श्रेष्ठ**<br>नेपाल पत्रकार महासङ्घको अभिलेख अनुसार चित्रनारायण श्रेष्ठ सिन्धुली जिल्लाका पत्रकार थिए र माओवादी भएको आरोपमा सरकारपक्षबाट सर्लाहीमा पक्राउ गरी बेपत्ता बनाइएका थिए । | उनको मुद्दा चलेको छैन । |
| ४ | **मदन पौडेल**<br>रेडियो तमोरका पत्रकार पौडेल २०६९ साल भाद्र ३१ देखि बेपत्ता रहेको, ताप्लेजुङमै भएको एउटा औपचारिक कार्यक्रममा जाँदा उनीमाथि आक्रमण भएको, आक्रमण तथा अपहरण कसले गरेको भन्ने नै पत्ता नलागेको भन्ने नेपाल पत्रकार महासङ्घको अभिलेखमा उल्लेख छ । | जानकारी प्राप्त नभएको । |

नेपाल पत्रकार महासङ्घको आधिकारिक तथ्याङ्कअनुसार पत्रकार मारिएका ३५ घटना तथा बेपत्ता पारिएका चार घटना र तिनीहरूको कानुनी अवस्थाबारे माथि प्रस्तुत विवरणबाट के स्पष्ट हुन आउँछ भने उक्त घटनाहरूबारे पर्याप्त अन्वेषण तथा छानबिन हुन नै बाँकी छ भने अधिकांश घटनाहरू कानुनी प्रक्रियाको दायरामा आउन नै बाँकी रहेको वा त्यसबारे सरोकारवालाहरू नै जानकार नरहेको अवस्था देखिन्छ । माथि प्रस्तुत विवरणबाट देखिन्छ कि पत्रकारको हत्याका ३५ घटनामध्ये अहिले एउटा मुद्दा सर्वोच्च अदालतमा पुगेको छ, दुईवटा मुद्दा पुनरावेदन अदालतबाट समेत फैसला भई फैसलाको पूर्ण कार्यान्वयन नभइसकेको अवस्था छ, एउटा मुद्दा जिल्ला अदालतबाट फैसला भई कार्यान्वयनको क्रममा रहेको छ र एउटा मुद्दा जिल्ला अदालतमै विचाराधीन अवस्थामा छ । अर्को एउटाचाहिँ सरकारवादी फौजदारी मुद्दा चलेकोमा तत्कालीन सरकारले फिर्ता लिएको देखिन्छ । पत्रकारको हत्याका उपर्युक्त मुद्दाहरूका अलावा अन्य घटनाहरू कानुनी प्रक्रियामा नरहेका वा त्यसबारे कसैलाई अत्तोपत्तो समेत नभएको अवस्था देखिन्छ । मुद्दा चलेका र नचलेका सबै घटनामा दण्डहीनता रहेको स्पष्ट देखिन्छ । पत्रकार बेपत्ता पारिएका जुन चार घटना नेपाल पत्रकार महासङ्घद्वारा सूचीकृत छन्, तिनीहरू पनि दण्डहीनताका उदाहरणका रूपमा रहेका माथिको विवरणबाट देखिन्छ । पीडित पक्षमध्ये कतिपयलाई राहतस्वरूप रकम उपलब्ध गराइएको देखिन्छ, तर त्यसमा एकरूपता देखिएन ।

पत्रकारको हत्या गरिएका तथा पत्रकारलाई हत्या गरिएका माथि उल्लेखित घटनाहरूमा अधिकांशतः कानुनी प्रक्रिया नै नचलेको र चलेको अवस्थामा पनि टुङ्गोमा नपुगेको तथ्यले दण्डहीनतालाई उजागर गर्छ । सर्वोच्च अदालतले गम्भीर प्रकृतिका अपराधका मुद्दा द्वन्द्वकालकै भएतापनि फिर्ता नलिन दिएको फैसलाको मर्मलाई सरकारले आदर नगर्नु तथा कतिपय घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरू[३] समेत बेवास्ता गरिएबाट दण्डहीनताको अवस्था थप स्पष्ट हुन्छ ।

मारिएका तथा बेपत्ता पारिएका पत्रकारहरूमध्ये धेरैजनाको आबद्धता/समर्थन द्वन्द्वको समयमा नेकपा (माओवादी) सँग रहेको माथिको विवरणबाट देखिन्छ र

३ सिवाकोटी, वि.सं. २०६७ ।

उनीहरूका परिवारजनले अहिले राज्य तथा आफ्नो आस्थाको राजनीतिक दलबाट समेत आफूहरूलाई बेवास्ता गरेको महसुस भएको बताएका छन् । अर्कोतिर, माओवादी पक्षबाट मारिएका तथा बेपत्ता पारिएका पत्रकारका परिवारजनले उक्त राजनीतिक दलले पीडकहरूलाई संरक्षण प्रदान गरेको तथा न्यायिक प्रक्रियामा व्यवधान खडा गरेको महसुस भएको बताएका छन् । सबै पीडित पक्षको साझा भनाइचाहिँ के रहेको छ भने राज्यका निकाय र राजनीतिक नेतृत्वले पत्रकारविरूद्धका अपराधमा दण्डहीनतालाई प्रत्यक्षतः वा परोक्षतः मलजल गरिरहेका छन् ।

द्वन्द्वकालमा भएका पत्रकारका हत्या र पत्रकारलाई बेपत्ता पारिएका घटनाहरूमा दण्डहीनताको समस्या निराकरण गर्नु पर्ने माग उठ्दा कतिपय राजनीतिक पक्षले सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ताबारे छानबिन गर्न गठित आयोग मार्फत् उक्त घटनालाई टुङ्गोमा पुऱ्याउनु पर्नेमा जोड दिएको पाइन्छ । तर उक्त आयोगहरूले पत्रकारविरूद्धको अपराधमा दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने स्पष्ट आधारचाहिँ देखिएको छैन ।

### तालिका ३ : सङ्क्रमणकालीन न्यायका लागि गठित दुई आयोग : पत्रकारविरुद्धका अपराधमा दण्डहीनताको परिप्रेक्ष्यमा

| क्र.सं. | आयोग | विवरण |
|---|---|---|
| १ | सत्य निरूपण तथा मेलमिलाप आयोग | द्वन्द्वकालमा भएका हत्या, अपहरण, बलात्कारजस्ता गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाको अनुसन्धान गर्न २०७१ माघ २७ गते मन्त्रीपरिषदको बैठकले सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरेको थियो । आयोगकी सदस्य तथा प्रवक्ता डा. माधवी भट्टका अनुसार, आयोगले माघ २८ गते नै सपथ खाएर काम सुरू गरेपनि हालसम्म आन्तरिक बाहेक अन्य काम गर्न सकेको छैन; आयोगले नियमावली बनाएर त्यसलाई पास गराउने प्रक्रियाका लागि कानुन मन्त्रालयमा पठाइसकेको भएतापनि त्यो त्यहीँ अड्केको छ र आयोगमा आवश्यक कर्मचारी समेत छैनन् । यस्तो अवस्थामा आयोगको काम अगाडि बढ्न नसक्ने सहजै बुझ्न सकिन्छ ।<br><br>प्रवक्ता भट्टका अनुसार, आयोगले द्वन्द्वकालका घटनामा कुनै पनि पेसा व्यवसायमा संलग्न व्यक्तिउपर मानवअधिकार उल्लङ्घन भएका घटनालाई छुट्टाछुट्टै अनुसन्धान गर्ने गरी कुनै योजना तयार पारेको छैन भने प्रस्तावित नियमावलीमा पनि त्यो व्यवस्था छैन । यसले द्वन्द्वकालमा मारिएका वा घाइते भएका वा कुनै न कुनै तरिकाबाट मानवअधिकार उल्लङ्घन भएका पीडित पत्रकारहरूबारे छुट्टै अनुसन्धान हुने देखिँदैन ।<br><br>द्वन्द्वकालमा भएका घटनाका पीडित वा पीडितका परिवारका लागि निश्चित समय दिएर उजुरी आह्वान गरिने र त्यस्ता उजुरीको प्रारम्भिक |

| | | |
|---|---|---|
| | | अनुसन्धानपछि त्यसलाई बृहद् अनुसन्धानमा लैजाने तयारी भएको प्रवक्ता भट्टले बताउनुभयो । यद्यपि हालसम्म नियमावली नै पास नभएको यथार्थलाई ख्याल राख्दा उक्त आयोगको काम कहिले सुचारू हुने हो भन्ने स्पष्ट छैन । |
| २ | बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न बनेको आयोग | द्वन्द्वकालमा बेपत्ता भएका व्यक्तिहरूको अनुसन्धान गर्न २०७१ माघ २७ गते मन्त्रीपरिषदको बैठकले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न बनेको आयोग गठन गरेको थियो । उक्त आयोगका सदस्य एवं प्रवक्ता प्रा.डा. विष्णु पाठकका अनुसार, आयोग गठन भएको छ महिना सम्म सचिव नै नभएकाले सो अवधिभर काम रोकियो; आयोगले नियामावली बनाएर त्यसलाई पास गराउने प्रक्रियाका लागि पठाइसकेको भएतापनि त्यो पास नभइसकेको अवस्था छ र सांगठनिक संरचना तथा प्रशासनिक कार्यसम्बन्धी प्रस्ताव पनि सामान्य प्रशासन मन्त्रालयमा थन्किएको छ । बेपत्ता पारिएका व्यक्तिहरूका घटनालाई पेसागत आधारमा वर्गीकरण गरेर हेर्ने सोच रहेको र त्यसो भएमा पत्रकारका घटनालाई पनि आवश्यकता अनुसार विशेष ढङ्गले हेर्न सकिने प्रवक्ता पाठकको भनाइ छ । |

यसरी, नेपालमा पत्रकार मारिएका तथा बेपत्ता पारिएका जुन घटनाहरू नेपाल पत्रकार महासङ्घद्वारा सूचीकृत छन्, तिनीहरूमा दण्डहीनताको अवस्था विद्यमान रहेको मात्र नभई अहिलेसम्मको स्थिति हेर्दा ती घटनासम्बद्ध अपराधमा पीडकहरू दण्डित हुने एवं पीडितहरूले न्याय मिलेको अनुभूति गर्ने स्पष्ट आधार देखिँदैन । तसर्थ पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको समस्या द्वन्द्वोत्तर नेपालमा पनि एक दु:खद् यथार्थकै रूपमा कायम रहिरहेको देखिन्छ ।

# अध्याय ५

# पत्रकार विरुद्धका अपराधमा दण्डहीनताका कारण र असर

यस अध्यायमा पत्रकारको सुरक्षाका परिप्रेक्ष्यमा द्वन्द्वोत्तर समयमा पनि बढ्दो दण्डहीनताका कारण एवं दण्डहीनताले परेको असरबारे परिचर्चा गरिएको छ । दण्डहीनताको आधुनिक अवधारणा, नेपाली परिप्रेक्ष्यमा दण्डहीनताको शास्त्रीय अवधारणा तथा समकालीन परिदृश्य र नेपालमा पत्रकार मारिएका ३५ घटना तथा बेपत्ता पारिएका चार घटनाबारे अघिल्ला अध्यायहरूमा नै परिचर्चा भइसकेको छ । उपर्युक्त परिचर्चाबाट स्पष्ट भइसकेको छ कि नेपालमा दण्डहीनताको समस्या अत्यन्त जटिल रूपमा व्याप्त छ र पत्रकारविरूद्धका अपराधमा दण्डहीनता पनि त्यसैको द्योतक हो । पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको कारण निदान गर्ने क्रममा प्रस्तुत अध्ययनले पूर्वाध्ययनहरूका साथै प्राथमिक स्रोतहरूबाट प्राप्त तथ्यहरूको समेत आधार लिएको छ ।

सन् १९९९ मा गरिएको एक अध्ययन[१] मा नेपालमा दण्डहीनतालाई समाज, यसका कानुनका स्रोत तथा न्याय प्रशासनको प्रणालीका परिप्रेक्ष्यमा बुझ्नु पर्ने चर्चा गरिएको छ । नेपालमा दण्डहीनता व्यापकरविस्तीर्ण रहेको, अझ खराब त दण्डहीनताको विद्यमानतालाई सहजै लिइने (taken for granted) अवस्था रहेको तथा दण्डित हुने डरको अभाव, अपर्याप्त कानुन र कानुनको अप्रभावकारी प्रचलन/कार्यान्वयन पनि सो समस्यासँग जोडिएको उल्लेख गर्दै दण्डहीनताको समस्या सांस्कृतिक र संरचनात्मक दुवै रहेको बताइएको छ । उच्चतम तहमा उच्चतम तहकै दण्डहीनता रहेको तथा पर्याप्त सञ्चार प्रणाली वा संयन्त्रको अभावका कारणले समाजको तल्लो सोपानमा पीडक/अभियुक्तहरूको अवस्थाबारे कमै सूचना रहेको पनि उक्त अध्ययनले उल्लेख गरेको छ ।

सन् २०१० मा गरिएको एक अध्ययन[२] ले पनि नेपालमा दण्डहीनताका कारणहरूबारे चर्चा गरेको छ । नेपालमा दण्डहीनता बढ्नुमा राज्यको कानुन र

---

१ Bhattarai et al, 1999.

२ गाउँले र अन्य, सन् २०१० ।

व्यवहार दुवै जिम्मेवार रहेको उल्लेख गर्दै उक्त अध्ययनले यसका लागि प्रभावकारी न्याय व्यवस्था नहुनु, न्यायालयसमेत भ्रष्टाचारमा मुछिनु र राजनीतिक हस्तक्षेपले संवैधानिक निकायहरूले स्वतन्त्रतापूर्वक काम गर्न नसक्नु, अर्धन्यायिक निकायमा पनि भ्रष्टाचार हुनु, कमजोर सार्वजनिक सुरक्षा, राजनीतिक उद्देश्यका लागि हिंसाको प्रयोग तथा कानुनी कार्बाही गर्ने जिम्मेवारी भएका सरकारी निकायको असफलता जस्ता कारणसमेत रहेको बताएको छ । वि.सं. २०६३ सालपछि शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउने नाममा गरिएका सम्झौताहरूका कारण कानुन व्यवस्थाको पालना राम्ररी हुन नसकेकाले दण्डहीनता प्रोत्साहित भएको र नेपालमा कुनै राजनीतिक दलका नेता, कार्यकर्ता वा समर्थक हुनासाथ उन्मुक्तिको अवस्था रहेको तथ्य पनि उक्त अध्ययनले उल्लेख गरेको छ ।

सन् २०११ मा गरिएको एक अध्ययनमा[३] नेपालमा दण्डहीनताका कारणहरू उल्लेखित छन् :

- हनन/अतिक्रम (violations) को अन्वेषण गर्ने संयन्त्र/निकायहरूको स्वतन्त्रताको अभाव र हस्तक्षेप हुने र प्रभाव पर्ने अवस्था
- अन्वेषण निकायलाई अपर्याप्त अधिकार
- राज्यका सुरक्षा संयन्त्रबाट सहयोग नहुने
- फौजदारी अभियोगका अन्वेषणका लागि निर्धारित प्रक्रियाको पालना नहुने अवस्था
- अभियोजनको जिम्मा लिएका सरकारी निकायमा व्याप्त अकर्मण्यता, ढिलासुस्ती, अदक्षता आदि
- साक्षीको संरक्षणको सवाल ।

प्रस्तुत अध्ययनका क्रममा पोखरा, नेपालगञ्ज र विराटनगरमा आयोजित कार्यक्रम तथा अन्य अन्तर्क्रिया, अन्तर्वार्तामा सरोकारवालाहरूबाट प्राप्त तथ्य तथा अन्तर्ज्ञानले के देखाएको छ भने माथि उद्धृत पूर्वाध्ययनहरूले खुट्ट्याएका नेपालमा दण्डहीनताका कारक तत्वहरू प्रस्तुत अध्ययनको मुख्य सरोकार रहेको पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको समस्याका परिप्रेक्ष्यमा पनि सान्दर्भिक छन् ।

---

३ Advocay Forum and Redress, 2011.

पत्रकारविरूद्धका अपराधलाई दण्डनीय बनाउनका लागि सरकार तथा राजनीतिक नेतृत्वको बेवास्ता, इच्छाशक्तिको अभाव तथा कतिपय अवस्थामा त अनिच्छा एक मुख्य कारण रहेको सरोकारवालाहरूको पर्यवेक्षण देखिन्छ । सरोकारवालाहरूका अनुसार, पीडकका रूपमा आफ्ना कार्यकर्ता रहेको अवस्थामा सत्तासीन तथा अन्य राजनीतिक दलको नेतृत्वले सम्भाव्य वा सुरू भइसकेको कानुनी प्रक्रियाविरूद्ध राजनीतिक व्यवधान खडा गर्ने प्रवृत्ति छ । कुनै घटना विशेषमा केन्द्रित नभई सामान्य रूपमा भन्नु पर्दा, विगतमा द्वन्द्वका क्रममा वा द्वन्द्वको व्यवस्थापन गर्ने सङ्क्रमणकालमा भएका घटनालाई कानुनी कार्बाहीको प्रक्रियामा लँदा त्यसले शान्ति प्रक्रिया खल्बलिने तथा नेपाल सङ्क्रमणकालमा रहेको हुनाले दण्डहीनतालाई ठूलो मुद्दा बनाउन नहुने भन्ने राजनीतिक दलहरूको तर्क रहेको बुझाइ सरोकारवालाहरूको छ । दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने तथा नेपालमा दण्डहीनता निराकरण गर्ने कार्य सरकार तथा राजनीतिक नेतृत्वको प्राथमिकतामै छैन भन्ने निष्कर्ष पनि उनीहरूको छ ।

राज्यका निकाय तथा राजनीतिक नेतृत्वलाई नै वर्तमान दण्डहीनताका मुख्य प्रवर्धक ठान्नेहरूले त अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा पत्रकारको सुरक्षाको मामिलामा उनीहरूको प्रतिबद्धतालाई केवल ओठे प्रतिबद्धता मात्र भन्ने आरोप समेत लगाएका छन् । यस्तो मत राख्ने सरोकारवालाहरूका अनुसार, सत्तासीन तथा अन्य राजनीतिक नेतृत्वका साथै सुरक्षा निकाय, कर्मचारीतन्त्र, न्यायपालिका आदिमा समेत पत्रकारलाई आफ्ना स्वार्थका लागि प्रयोग गर्ने मनसाय तथा आफ्ना स्वार्थमा प्रयोग नहुनेलाई जेसुकै होस् भन्ने सोच व्याप्त छ । त्यसैले पत्रकारहरूको सुरक्षाको प्रत्याभूति गर्ने एवं पत्रकारविरूद्ध अपराधका घटनामा दण्डहीनताको समस्यालाई निराकरण गर्ने कार्यमा राज्यका निकाय तथा राजनीतिक नेतृत्व इमान्दार नरहेको र यो नै नेपालमा मौलाएको दण्डहीनताको मुख्य कारक तत्व रहेको कतिपय सरोकारवालाहरूको निष्कर्ष पाइयो ।

पत्रकार तथा अन्य मिडियाकर्मीहरूको विरूद्धमा हुने सबै अपराधहरूको निष्पक्ष, तीव्र र प्रभावकारी अन्वेषण गर्ने, अभियोजन गर्ने तथा मुद्दा चलाउने कार्य नहुनुमा नेपालमा व्याप्त अतिराजनीतिकरणका कारणले राज्यका विभिन्न संयन्त्रहरूमा परेको नकारात्मक असरलाई पनि कारण मानिएको छ । हनन/अतिक्रम (violations) को अन्वेषण गर्ने, अभियोजन गर्ने, मुद्दा चलाउने, फैसला गर्ने तथा

फैसला कार्यान्वयन गर्ने संयन्त्र/निकायहरू राजनीतिक हस्तक्षेपको शिकार भएकाले तिनीहरूले स्वतन्त्र रूपमा काम गर्न नसक्ने तथा ती निकायमा व्याप्त भ्रष्टाचार, अकर्मण्यता, ढिलासुस्ती तथा अदक्षताका कारणले पनि न्याय सम्पादन हुन नसकी दण्डहीनतालाई बढावा मिलेको सरोकारवालाहरू बताउँछन् ।

अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा पत्रकारको सुरक्षाका क्षेत्रमा कार्यरत कतिपय सरोकारवालाहरूले त नेपालका अदालत तथा मुद्दाका अन्वेषण तथा अभियोजनका लागि जिम्मेवार निकायहरू कतै संस्थागत दण्डहीनताको अवस्थामै पुगिसकेका पो हुन् कि भन्ने आशङ्का समेत व्यक्त गरेका छन् । साथै, राज्यका निकायका जिम्मेवार पदाधिकारीले जानाजान ढिलासुस्ती गरेको वा कसैको दबाब, प्रभाव तथा कुनै अनुचित लाभ लिएर आफ्नो कर्तव्यको पालना नगरेको अवस्थामा त्यस्ता पदाधिकारीलाई नै कार्बाही हुने अवस्था नरहेकाले पनि दण्डहीनता बढ्न मद्दत पुगेको बताइन्छ ।

द्वन्द्वकालमा भएका घटनाहरूलाई कस्तो प्रक्रियाबाट टुङ्गोमा पुऱ्याउने भन्ने सवालमा अस्पष्टता हुनुले पनि पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटनाहरू अझैसम्म टुङ्गोमा पुग्न नसकेको भन्ने धारणा पनि कतिपय सरोकारवालाहरूले व्यक्त गरेका छन् । विशेषतः तत्कालीन नेकपा (माओवादी) सँग निकट रहेका पीडित परिवारजनले उक्त घटनालाई द्वन्द्वकै अभिन्न अङ्गको रूपमा हेर्दै सङ्क्रमणकालीन न्याय जसरी टुङ्गो लाग्ला सोहीअनुरूप पत्रकारसम्बद्ध घटनाको पनि निराकरण हुने सोच राखेको र तसर्थ कुनै अदालती प्रक्रियामा जानु नपर्ने वा जान उपयुक्त नहुने वा जान नसकिने भन्ठानेको पाइयो । यस पृष्ठभूमिमा, मानवाधिकार हननका द्वन्द्वकालीन घटनाहरूको यथायथ सत्य निरूपण तथा मेलमिलापको प्रक्रिया मार्फत् गर्ने कार्यको टुङ्गो नलाग्दासम्म प्रस्तुत अध्ययनको सीमामा परेका घटनाहरूका परिप्रेक्ष्यमा अन्यौल कायमै रहने देखिन्छ । उपर्युक्त अन्यौलले पत्रकारविरूद्धका अपराधमा दण्डहीनतालाई नै प्रवर्धन गरिरहेको सरोकारवालाहरू बताउँछन् ।

पीडित परिवारजनमध्ये कतिपयको अवस्था आर्थिक रूपमा अत्यन्त नाजुक हुनु तथा न्यायप्राप्तिका प्रक्रियाबारे जानकारी नहुनुले न्यायिक प्रक्रियामा पहुँच नभएकाले पनि दण्डहीनतालाई मद्दत पुगिरहेको देखिन्छ । हत्या गरिएका तथा बेपत्ता पारिएका पत्रकारहरूका परिवारजनलाई दण्डहीनता अन्त्य गरी पीडकहरूलाई

दण्डित गर्न सकिएला भन्नेमा विश्वास नहुनु दण्डहीनताले पीडित पक्षलाई कति हदसम्म हतास पारिसकेको छ भन्ने तथ्यको द्योतक हो ।

पत्रकार मारिएका ३५ घटना र बेपत्ता पारिएका चार घटनाका विशेष परिप्रेक्ष्यमा सरोकारवालाहरूले दण्डहीनता कायमै रहनुमा नेपाल पत्रकार महासङ्घ लगायतका पत्रकारका प्रतिनिधि संस्था एवं समग्र मानवाधिकार संस्थाहरूको कमजोरी पनि कारकतत्वका रूपमा औँल्याएका छन् । उक्त घटनाहरूलाई पेसागत मुद्दाका रूपमा उठाइएको र पैरवीका लागि साक्ष्यका रूपमा प्रस्तुत गर्ने गरेको भएतापनि कानुनी प्रक्रियामार्फत् ती घटनाहरूलाई टुङ्गोमा पुऱ्याउने र पीडकहरूलाई दण्ड एवं पीडितहरूलाई क्षतिपूर्ति दिने भन्नेतर्फ सरोकारवाला संस्था/सङ्गठनहरूको ध्यान नपुगेको वा ध्यान पुगेर पनि व्यावहारिक पहलकदमी पर्याप्त रूपमा नभएको देखिन्छ ।

पत्रकारविरूद्धका अपराधमा दण्डहीनताले समष्टिमा कानुनी शासनको मान्यतालाई नै कमजोर पार्छ भन्ने तथ्यलाई राज्यका विभिन्न निकाय, राजनीतिक नेतृत्व, नागरिक समाज तथा सर्वसाधारणले नबुझ्नुले पत्रकारका पीडा पत्रकारकै मात्र चासोको रूपमा सीमित भएको विश्लेषण पनि सरोकारवालाहरूले गरेका छन् । प्रेस स्वतन्त्रताविरूद्धका अपराधमा दण्डहीनताको समस्यालाई त्यसको बृहत्तर सन्दर्भमा बुझाउन नसकिएको स्वीकारोक्ति पनि सरोकारवालाहरूको देखिन्छ । यस्तो हुन नसकेको हुनाले दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने सवाल कमजोर बन्न पुगेको बताइन्छ ।

नेपालको पत्रकारिता क्षेत्रमा व्याप्त समस्या एवं गलत प्रवृत्तिले पनि दण्डहीनतालाई परोक्ष रूपमा मद्दत पुऱ्याइरहेको पनि सरोकारवालाहरूले बताएका छन् । मुख्यतः पत्रकारिताइतर क्षेत्रका सरोकारवालाहरूले उठाएको यो सवालमा पत्रकारिता क्षेत्रका सरोकारवालाहरूको समते धेरै हदसम्म स्वीकारोक्ति छ । कतिपय पत्रकारहरूले पेसागत मर्यादा, व्यावसायिक आचरण एवं नैतिक व्यवहार सुनिश्चित गर्न नसकेको कारणले सम्पूर्ण पत्रकारिता क्षेत्र नै बदनाम र कमजोर हुन पुगेको हुनाले समाजमा पत्रकारविरूद्धका अपराधका घटनामा पत्रकारप्रति जे जति सहानुभूति एवं समर्थन हुनु पर्ने हो, त्यो हुन नसकेको र त्यसका कारण पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको समस्यालाई सम्बोधन गर्नका लागि बृहद्स्तरमा दबाब पैदा गर्न नसकिएको ठम्याइ सरोकारवालाहरूको देखिन्छ ।

पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको अवस्थाले परेका असरहरूमध्ये पत्रकारहरूबीचमा मौलाएको आत्मप्रतिबन्ध (self-censorship) अभ्यासलाई सबैभन्दा गम्भीर मानिएको छ । विभिन्न पूर्वाध्ययनहरूले उजागर गरेका छन् कि दण्डहीनताले पत्रकारहरूलाई देशको न्याय व्यवस्थाप्रति अविश्वासी र थप आक्रमणका घटनाप्रति आशङ्कित बनाई आत्मप्रतिबन्ध अभ्यास गर्न उत्प्रेरित गरिरहेको छ । एक अध्ययनका अनुसार, देशमा दण्डहीनता व्यापक मात्रामा हुनु आत्मप्रतिबन्धको कारण हो भन्ने पक्षमा अधिक (६६ प्रतिशत) पत्रकारहरूको सहमति देखियो । उक्त अध्ययनमा भनिएको छ :

> कानुनी राज्यको ग्यारेन्टी तथा मुलुकमा अमनचयन कायम नहुनु, पत्रकारको जीउज्यान तथा पेसागत असुरक्षा, दण्डहीनता, पत्रकारको बिमा र अन्य आर्थिक सहयोगको प्रबन्ध नहुनु, पत्रकारहरूबीच राजनीतिक मतभिन्नताले आपसी रूपमा असुरक्षित महसुस गर्नु जस्ता पक्षहरू सेल्फसेन्सरसीपका मुख्य कारण रहेको पाइयो ।
>
> सेल्फसेन्सरसीपका अन्य कारणमा राजनीतिक आस्थालाई बचाइराख्न, आर्थिक, सामाजिक र पारिवारिक सम्बन्ध, समाचार असन्तुलित, अमानवीय र असभ्य हुन्छ भन्ने लागेर, सामाजिक सद्भाव कायम राख्न, विषयवस्तुको अनुसन्धानका लागि आर्थिक स्रोत नहुनाले, विवादमा नपर्न, सम्पादकीय नीतिका कारण, गुनासो वा धम्कीबाट जोगिन आदि रहेको पाइयो । (पृ. ७३)

साथै, "समाचारका विषयवस्तुलाई अन्देखी गर्नु, खतरा हुने सम्भावनाले घटनाका पात्ररकारकको नाम समाचारबाट हटाउनु, विषयवस्तुलाई नरम बनाएर प्रस्तुत गर्नु, जोखिमपूर्ण लागेका विषयवस्तु सङ्कलन, प्रसारण तथा प्रकाशन नगर्नु जस्ता कार्यहरू नेपाली पत्रकारितामा सेल्फसेन्सरसीपको प्रवृत्तिका रूपमा देखा परेको" (पूर्ववत्) पनि उक्त अध्ययनको निष्कर्ष छ ।

दण्डहीनताको नकारात्मक असर पत्रकारहरूले गर्ने आत्मप्रतिबन्ध (self-censorship) अभ्यासमा मात्र सीमित छैन । आत्मप्रतिबन्धले अन्ततोगत्वा निमुखाहरूको आवाज दबिने, गलत तत्वको फण्डाफोर हुन नसक्ने, राज्यका विभिन्न निकाय र समाजमा समेत भ्रष्टाचारको जगजगी बढ्ने, मानवाधिकार हननका घटनाहरूको सार्वजनिक निगरानी हुन नसक्ने, देशमा दण्डहीनता झन् प्रबल हुने आदि समस्यालाई मार्ग प्रशस्त गर्नेतर्फ सरोकारवालाहरूले ध्यानाकर्षण

कानुनको सर्वोच्चता एवं कानुनी शासनको सुनिश्चिचता र दण्डहीनताको अन्त्य एकआपसमा अन्तर्सम्बन्धित छन् भन्नेमा प्रस्तुत अध्ययनका क्रममा सबै सरोकारवालाहरूको मतैक्य रह्यो । त्यसैगरी दण्डहीनताको अन्त्य र आत्मप्रतिबन्धलाई न्यूनिकरण गर्न राज्यका निकायको भूमिका जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण भूमिका पत्रकारहरूको पनि छ भन्नेमा पनि सरोकारवालाहरूबीच मतैक्य रह्यो । पत्रकारले व्यावसायिकता, पेसागत मर्यादा एवं आचारसंहिताको पालना गर्दा समाजमा पत्रकार समुदायप्रति सकारात्मक सोच एवं जनसमर्थन बढ्ने र त्यसले पत्रकारविरूद्ध अपराधका साथै त्यस्ता अपराधमा दण्डहीनता न्यूनीकरणमा ठूलो मद्दत पुग्ने भन्नेमा अन्य सकोकारवालाहरू र पत्रकारहरू सहमत देखिएका छन् ।

पत्रकारिताको सिद्धान्तको आत्मसाथ एवं आचारसंहिता र देशको कानुनको पालनाबाट पेसागत स्वाभिमान र इमान्दारी कायम रहनुका साथै दण्डहीनतालाई न्यून गर्ने कार्यमा समेत योगदान पुग्ने धारणा पनि धेरैजनाबाट आएको पाइयो । पक्ष/विपक्ष पत्रकारिताको अन्त्य गर्नु पर्ने सुझावहरू पनि सरोकारवालाहरूबाट आयो ।

पत्रकारहरूले भने एकाध घटनाहरूको आधारमा सम्पूर्ण पेसा नै निष्पक्ष छैन भन्न नमिल्ने भन्दै पत्रकारले गर्ने हरेक कार्यहरू सार्वजनिक हुने भएकाले सानातिना घटनाहरूलाई चर्चाको विषय बनाइने गरेको दाबी गरे । यदि आम जनताका लागि काम गर्ने सबै क्षेत्रका कामहरू पत्रकारिता क्षेत्रको जस्तै सार्वजनिक गर्न सके यसले पारदर्शी समाज निर्माण हुने, पारदर्शी समाज नै जिम्मेवार समाज हुने र यसले दण्डहीनताको अन्त्य गर्न सघाउने उनीहरूको तर्क रह्यो ।

पत्रकारमाथि भएका घटनाको सम्बन्धमा पत्रकारहरूले आफूविरूद्ध भएका घटनालाई राज्यका सम्बन्धित निकाय (जस्तै : प्रहरी, अदालत, मानव अधिकार आयोग आदि) सम्म लैजाने कार्यलाई प्राथमिकता नदिने र प्रचारात्मक कार्यमा नै प्राय: केन्द्रित रहने गरेको भन्ने कुरालाई थुप्रै सरोकारवालाहरूले उठाएका छन् । विराटनगरको कार्यशालाका एक सहभागीले जोड दिए कि पत्रकारमाथि भएका गैरकानुनी घटनालाई विधिसङ्गत ढङ्गले राज्यका

निकायसमक्ष लैजानु भनेको ५० प्रतिशत न्याय पाउनु हो र यसले दण्डहीनताको अन्त्य गर्न सघाउँछ । पोखरा, नेपालगञ्ज तथा विराटनगरका कार्यक्रमहरूमा सहभागी सरकारी निकायका व्यक्तिहरूको गुनासो रह्यो कि कतिपय अदालत समक्ष आउनुपर्ने मुद्दाहरू पनि आउँदैनन् । अदालतका एकजना कर्मचारीको यो भनाइ यहाँनेर उल्लेख्य छ : "अदालतको प्रकृया लामो, झन्झटिलो हुन्छ, आफ्नो पक्षमा फैसला हुँदैन, समस्याको सम्बोधन हुँदैन भन्ने भावना आम नागरिकका साथै पत्रकारमा पनि कायम छ, जुन गलत हो । अदालत जनतालाई न्याय गर्न नै स्थापना गरिएको हुनाले यसको प्रमुख कार्य कुनै पनि भेदभावबिना सबैलाई समान रूपमा व्यवहार गरी केसको सुनुवाइ गरेर दोषीलाई सजाय दिनु हो । तर न्यायलयको आफ्नो विधि, प्रक्रिया र न्यायिक प्रकृति हुन्छ, त्यसैमा बसेर न्याय सम्पादन गर्ने हो । पत्रकारले यो कुरा बुझ्न आवश्यक छ । यो विधि प्रक्रियामा बसेर पत्रकारका मुद्दाहरूलाई हामीले प्राथमिकता दिएका छौं ।"

आत्मप्रतिबन्ध (सेल्फसेन्सरसीप) सञ्चार संस्था बाहिरको वातावरणले मात्र भएको हो भन्ने कुरामा पनि सरोकारवालाहरू सहमत देखिएनन् । उनीहरू सञ्चार संस्थामा भएका लगानी, बजार सम्बन्ध र पत्रकारको व्यक्तिगत आस्था तथा विचारले गर्दा पनि आत्मप्रतिबन्ध लगाउनु पर्ने अवस्था भएको बताउँछन् । विराटनगरको कार्यशालाका एक सहभागीले त यस्तो खालको आत्मप्रतिबन्ध कूल आत्म प्रतिबन्धको आधा भन्दा बढी भएको दाबी गरे र उनको यो भनाइलाई २५ जना भन्दा बढी सहभागीहरू कसैले पनि प्रतिवाद गरेनन् ।

समग्रमा दण्डहीनताको अन्त्य र पत्रकारहरूले भोगेको आत्मप्रतिबन्धका सम्बन्धका सरोकारवालाहरूका निम्न कुराहरूमा समान धारणा पाइयो :

- दण्डहीनताको अन्त्य वा न्यूनीकरण पत्रकारिताको परिप्रेक्ष्यमा मात्र सम्बोधन गर्न सकिने एकाङ्गी परिघटना होइन । राज्य बलियो भयो भने समाजका हरेक क्षेत्रमा दण्डहीनता न्यून हुदै जान्छ, यसको सकारात्मक प्रभाव सञ्चारजगतमा पनि पर्छ ।
- नेपालमा दण्डहीनता छ र त्यसले पत्रकारिता क्षेत्रलाई पनि प्रतिकूल

असर पारेको छ । आत्मप्रतिबन्ध बढ्नुमा पनि दण्डहीनताको ठूलो भूमिका छ । यसको अन्त्य गर्न राज्यका निकायको अहम् भूमिका हुन्छ । राज्यका निकायलाई प्रभावकारी नतिजामूलक बनाउन सञ्चार जगतको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले पत्रकारिता क्षेत्र र राज्यका निकाय दण्डहीनताको अन्त्य र आत्मप्रतिबन्ध अन्त्य गर्न एक अर्काका सहयोगी हुन् ।

- पत्रकारले नागरिकका लागि काम गर्ने भएकाले उनीहरूको सुरक्षा गर्नु राज्यको दायित्व हो र पत्रकारले पनि आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्नु पर्छ ।
- पत्रकारमाथि भएका कतिपय घटनाहरू आपसी मेलमिलापबाट ढाकछोप गर्ने जुन अभ्यास छ, त्यसले पनि दण्डहीनतालाई नै प्रवर्धन गर्छ । अब यस्ता घटनाहरू अदालत तथा मानव अधिकार आयोग र प्रहरी जस्ता राज्यका निकायसम्म पुग्नु पर्छ ।
- पत्रकारले पनि आफ्नो अध्ययन, विषयवस्तुको ज्ञान र आचारसंहिताको पालनालाई बढाउनु पर्छ ।
- समाचारप्रति चित्त नबुझ्ने समूहले प्रेस काउन्सिल, अदालत लगायतका निकायमार्फत् विविधत् ढङ्गले यसको उपचार खोज्नु पर्छ ।
- पत्रकारको आर्थिक सुरक्षा भयो भने यसले पनि आत्मप्रतिबन्ध न्यून गर्न सघाउँछ ।
- राज्यका निकायले दण्डहीनताको अन्त्यका लागि प्रयास गरेका छन्, तर विभिन्न कारणले यो प्रयास पर्याप्त भने छैन ।

गराएको यहाँ उल्लेख्य छ ।

पत्रकारको विरूद्धमा भएका अपराधमा दण्डहीनताको कारणले परेको असरलाई पीडित परिवारजनको तहबाट साथै बृहद् सामाजिक परिप्रेक्ष्यमा पनि हेर्न सकिन्छ । पीडित परिवारजनको परिप्रेक्ष्यमा यस्तो दण्डहीनताले उनीहरूमा कानुनी शासन र राज्यको न्याय प्रणालीप्रति गहिरो अविश्वास एवं निराशा पैदा भएको छ । पत्रकार मारिएका तथा बेपत्ता पारिएका घटनामा दण्डहीनता कायमै

रहेमा त्यसले पीडित परिवारजनले थप पीडित भएको महसुस गर्ने देखिन्छ । पीडित परिवारजनसँग प्रस्तुत अध्ययनका क्रममा गरिएको अन्तर्वार्ताका आधारमा के भन्न सकिन्छ भने दण्डहीनताको असर विशेषत: महिला र बालबालिकामा झनै परेको छ ।

सामाजिक परिप्रेक्ष्यमा हेर्दा पत्रकारविरूद्धका अपराधमा दण्डहीनताले समष्टि समाजमै दण्डहीनताको अपसंस्कृतिलाई प्रवर्धन गरेको छ । पत्रकारजस्ता अग्रणी मानवाधिकार रक्षक तथा राज्यका चौथो स्तम्भका कर्णधारविरूद्धका अपराधमा त दण्डहीनता छ भने सर्वसाधारणको झन् के दुर्गति होला भन्ने सोच समाजमा बढ्ने र यसले कानुनी शासन र राज्यको न्याय प्रणालीप्रति गहिरो अविश्वास एवं निराशा झन् बढ्ने सरोकारवालाहरूको आकलन छ । साथै, आपराधिक मनोवृत्ति भएकाहरूको मनोबल बढ्ने र समाजमा दण्डहीनताको वातावरण थप सुदृढ हुने पनि उनीहरूको आँकलन छ ।

यसरी, नेपालमा पत्रकारविरूद्धको अपराधमा दण्डहीनता द्वन्द्वोत्तर समयमा पनि कायमै रहनुका कारणहरू बहुआयामिक रहेजस्तै दण्डहीनताले पारेको असर पनि बहुआयामिक रहेको देखिन्छ । पत्रकारविरूद्धका अपराधमा दण्डहीनताको समस्यालाई सम्बोधन गर्नु भनेको मानवाधिकारको प्रत्याभूतिसँग अभिन्न सवाल हो । पत्रकारको सुरक्षाको प्रत्याभूतिले कानुनी शासनको सुनिश्चितता र दण्डहीनताको न्यूनीकरणमा सकारात्मक योगदान पुर्‍याउँछ । दण्डहीनतालाई सम्बोधन गर्नु नेपालजस्तो सङ्क्रमणमा रहेको देशमा निकै जटिल, तर अपरिहार्य, कार्य हो ।

# अध्याय ६
# सुझाव

## ६.१ सामान्य सुझावहरु

- पत्रकारविरूद्ध हुने अपराधमा दण्डहीनता एक गम्भीर मानवाधिकार समस्या हो भन्ने मनन गर्दै, पत्रकारको सुरक्षा तथा दण्डहीनताको सवालमा संयुक्त राष्ट्रसङ्घीय कार्ययोजना (UN Plan of Action on the Safety of Journalists and Issue of Impunity) ले नेपालमा दण्डहीनताको समस्या सम्बोधन गर्नका लागि प्रदान गरेको अवसरलाई सदुपयोग गर्दै, अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्ने एवं दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगको रणनीतिक योजना (सन् २०१५-२०२०) मा उल्लेखित राष्ट्रिय स्तरको संयन्त्रको स्थापना तथा प्रभावकारी सञ्चालनसमेतका माध्यमबाट राज्यका विभिन्न निकायहरू, राजनीतिक पक्षहरू, संयुक्त राष्ट्र सङ्घीय निकायलगायतका अन्तर्राष्ट्रिय संस्था र मानवअधिकारवादी संस्था लगायतका सरोकारवालाहरू तथा नेपाल पत्रकार महासङ्घ एवं स्वयं पत्रकारहरूले पनि नेपालमा दण्डहीनताको निराकरण एवं आत्मप्रतिबन्ध (Self-censorship) को न्यूनीकरणमार्फत् अभिव्यक्ति स्वतन्त्रतको प्रवर्धनलाई साझा प्राथमिकताका रूपमा लिनु वाञ्छनीय छ ।
- नेपालमा पत्रकार मारिएका ३५ र बेपत्ता पारिएका चारवटा जुन घटनाहरू नेपाल पत्रकार महासङ्घद्वारा सूचीकृत छन्, तिनीहरूको अद्यावधिक यथार्थ स्थितिबारे राज्यका निकाय एवं अन्य सरोकारवालाहरूले आधिकारिक एवं विश्वसनीय तथ्य एवं तथ्याङ्क निरूपण गरी तिनलाई उपयुक्त प्रक्रियामार्फत् न्यायको प्रक्रियामा लगी दण्डहीनतालाई सम्बोधन गर्न सुझाव दिइएको छ । यस क्रममा कति घटनाहरू अदालती प्रक्रियामार्फत् र अन्य कति घटनाहरू द्वन्द्वोत्तर सत्यनिरूपण तथा मेलमिलापको प्रक्रियामार्फत् न्यायिक निष्कर्षमा पुऱ्याउने हो, त्यसको स्पष्ट मार्गचित्र बनाई सबै घटनाहरूलाई न्यायिक निष्कर्षमा पुऱ्याउनु आवश्यक छ ।

## ६.२ राज्य तथा राजनीतिक पक्षहरुलाई सुझाव

- नेपालमा दण्डहीनता कानुनी तथा व्यावहारिक दुवै स्वरूपमा विद्यमान रहेको तथ्यलाई ख्याल राख्दै दण्डहीनताको अन्त्यका लागि मानवाधिकारको अन्तर्राष्ट्रिय मान्यता एवं कानुनी प्रावधानअनुसार कानुनी एवं व्यावहारिक संयन्त्रको सुनिश्चितता गर्नु पर्छ । कानुनी दण्डहीनताको परिप्रेक्ष्यमा, विद्यमान कानुनको पुनरवलोकन एवं समीक्षा गर्ने तथा आवश्यक कानुनी सुधार वा नयाँ कानुनी प्रावधानको निर्माण राज्यको प्राथमिकतामा पर्नु आवश्यक देखिएको छ । जस्तै : मुद्दाहरूका साक्षीको संरक्षण गर्ने तथा दण्डहीनतालाई बढावा दिने सरकारी अधिकारीहरूलाई समेत दण्डित गर्ने कानुनी प्रावधान आवश्यक देखिन्छ । व्यावहारिक दण्डहीनताको परिप्रेक्ष्यमा, दण्डहीनताको निराकरण गर्ने राजनीतिक मनसाय, इच्छाशक्ति तथा इमान्दारी नदेखिनु नेपालमा दण्डहीनताको परिप्रेक्ष्यमा सबैभन्दा ठूलो समस्याका रूपमा देखिएकाले यसलाई सम्बोधन गर्न राजनीतिक इच्छाशक्ति एवं इमान्दारी अपेक्षित छ ।
- विगतमा द्वन्द्वकालमा भएका पत्रकारविरूद्धका अपराधमा संलग्न व्यक्तिहरूलाई सजाय दिंदा शान्ति प्रक्रियामाथि नकारात्मक असर पर्छ भन्ने सोचको प्रभुत्वले दण्डहीनतालाई संरक्षण गरेको पृष्ठभूमिमा सम्बद्ध पक्षहरूले के बुझ्नु आवश्यक छ भने उपर्युक्त घटनाहरूलाई नटुङ्ग्याइकन राखिरहँदा द्वन्द्वको घाउ उकुच पल्टने हुन्छ र तिनलाई उपयुक्त न्यायिक प्रक्रियामा लगी टुंग्याइयो भने द्वन्द्वको घाउ निको हुन मद्दत पुग्छ । तसर्थ, सबै घटनाहरूलाई न्यायिक निष्कर्षमा पुऱ्याउने कार्यमा योगदान गर्न उक्त पक्षहरूलाई सुझाव दिइएको छ ।
- पत्रकारविरूद्धका आक्रमण तथा अपराधमा दण्डहीनताको अन्त्य सुनिश्चित गर्नका लागि ठोस प्रतिबद्धताका साथै दण्डहीनताको समस्यालाई समाधान गर्नका लागि व्यावहारिक कठिनाइ हटाउनु पर्छ । मुद्दाको अन्वेषण गर्ने तथा मुद्दा चलाउने संयन्त्रहरूको स्वतन्त्रता एवं निष्पक्षता, उनीहरूलाई पर्याप्त अधिकार तथा साधनस्रोतको उपलब्धताका साथै उनीहरूबाट हुने अकर्मण्यता, ढिलासुस्ती, अदक्षताजस्ता समस्याको समाधान गर्ने र उनीहरूमाथि राजनीतिक, प्रशासनिक लगायतका हस्तक्षेप नहुने सुनिश्चित गर्नुपर्छ ।

अर्थात्, सम्बन्धित निकायहरूले पत्रकारको हत्या तथा पत्रकार विरूद्धका अन्य अपराधका मुद्दामा उपयुक्त एवं शीघ्र अन्वेषण, अभियोजन, मुद्दा चलाउने, फैसला गर्नेजस्ता कार्य निर्बाध गर्न सकून् भन्ने सुनिश्चितताका लागि आवश्यक स्रोतसाधनका साथै राजनीतिक तथा प्रशासकीय सहयोग उपलब्ध गराउनु पर्छ ।

- नेपाल पत्रकार महासङ्घद्वारा सूचीकृत लगायतका पत्रकारविरूद्धका अपराधका घटनाहरूबारे अद्यावधिक सूचना लिने, तीमध्ये कानुनी प्रक्रिया सुरू हुन नसकेका घटनाको प्रक्रिया सुरू गर्ने, प्रक्रिया सुरू भए तापनि रोकिइरहेका मुद्दाहरूको थप प्रक्रिया सुचारू गर्ने र फैसला भइसकेका मुद्दाहरूको परिप्रेक्ष्यमा अपराधीलाई दण्डित गर्ने र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गर्न सुझाव दिइएको छ ।
- कानुनी प्रक्रियामा मुद्दाको अन्वेषण, अभियोजन, पैरवी, तहकिकात, फैसला तथा फैसलाको कार्यान्वयनका लागि जिम्मेवार राज्यका निकायहरूलाई पत्रकारविरूद्धका अपराधका मुद्दाहरूलाई प्राथमिकतासाथ प्रक्रियामा अगाडि बढाउन र दण्डहीनताको अवस्था पैदा नहोस् भन्नेमा विशेष सजगताका लागि सुझाव दिइएको छ । यस क्रममा कार्यपालिकाका निकायहरूका साथै न्यायपालिकाको पनि उत्तिकै सक्रिय भूमिका अपेक्षित छ ।
- अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्ने एवं दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगअन्तर्गत स्थापना गर्ने भनिएको राष्ट्रिय स्तरको संयन्त्रको स्थापना एवं सुसञ्चालन शीघ्रातिशीघ्र गर्न सुझाव दिइएको छ । सरकार, सुरक्षा निकाय, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ, मानवाधिकार संस्थाहरू, विश्वविद्यालयका पत्रकारिता विभागहरू, स्वतन्त्र विज्ञहरू आदिजस्ता सबै सरोकारवालाहरूको संलग्नता रहने गरी संयन्त्र बनाउन र दण्डहीनताको निवारण एवं आत्मप्रतिबन्ध (सेल्फसेन्सरसीप) जस्ता समस्याको न्यूनीकरणका लागि समष्टिकृत नीति बनाउन पनि सुझाव दिइएको छ ।

## ६.३ नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय निकाय र अन्य अन्तर्राष्ट्रिय सरोकारवालाहरुलाई सुझाव

- पत्रकारको सुरक्षा तथा दण्डहीनताको सवालमा संयुक्त राष्ट्रसङ्घीय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्न सुझाव दिइएको छ ।
- अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्ने एवं दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगअन्तर्गत स्थापना गर्ने भनिएको राष्ट्रिय स्तरको संयन्त्रको स्थापना एवं सुसञ्चालनका लागि सहजीकरण एवं सहयोग गर्नका लागि सुझाव दिइएको छ ।
- नेपालमा पत्रकारविरूद्धको अपराध एवं त्यस्ता अपराधमा दण्डहीनताबारे अविच्छिन्न अनुगमन, दण्डहीनताबारे तथ्याङ्कको अद्यावधिकता तथा सार्वजनिकीकरण र दण्डहीनताको समस्यालाई सम्बोधन गर्नका लागि राज्यका सम्बद्ध निकायहरूसमक्ष पैरवी गर्ने कार्यलाई पनि प्राथमिकतामा राख्न सुझाव दिइएको छ ।

## ६.४ मानवअधिकार संस्था तथा अन्य सरोकारवालाहरुलाई सुझाव

- पत्रकारहरू अग्रणी मानवाधिकार रक्षक भएको एवं पत्रकारविरूद्धका अपराधमा दण्डहीनताले समष्टि मानवाधिकार स्थितिमै नकारात्मक असर पर्ने तथ्यलाई आत्मसात् गर्दै पत्रकारको हत्या तथा अपहरणजस्ता घटनाको न्यायिक निष्कर्षका लागि पैरवी गर्ने तथा दबाब दिने कार्यलाई महत्व दिन सुझाव दिइएको छ ।
- पत्रकारविरूद्धका आक्रमण एवं पत्रकारविरूद्ध अपराधका घटनामा दण्डहीनताबारे अविच्छिन्न अनुगमन, दण्डहीनताबारे तथ्याङ्कको अद्यावधिकता तथा सार्वजनिकीकरण र दण्डहीनताको समस्यालाई सम्बोधन गर्नका लागि राज्यका सम्बद्ध निकायहरूसमक्ष पैरवी गर्ने तथा दबाब दिने कार्यलाई पनि प्राथमिकतामा राख्न सुझाव दिइएको छ ।

## ६.५ नेपाल पत्रकार महासङ्घ लगायतका पेसागत क्षेत्रका सरोकारवालाहरु तथा पत्रकारहरुलाई सुझाव

- नेपालमा पत्रकार मारिएका ३५ र बेपत्ता पारिएका चारवटा जुन घटनाहरू नेपाल पत्रकार महासङ्घद्वारा सूचीकृत छन्, तिनीहरूको अद्यावधिक यथार्थ स्थितिबारे राज्यका निकाय एवं अन्य सरोकारवालाहरूसँग समेत सहकार्य गरी आधिकारिक एवं विश्वसनीय तथ्य/तथ्याङ्क निरूपण गर्ने कार्यमा महासङ्घको अग्रणी भूमिका वाञ्छनीय छ ।
- पत्रकारहरूको सुरक्षा तथा दण्डहीनताको सवाललाई पेसागत मुद्दाका रूपमा उठाएर मात्र उपर्युक्त समस्याको सम्बोधन हुन नसक्ने हुनाले पत्रकारविरूद्धका आक्रमणका घटनालाई उपयुक्त न्यायिक प्रक्रियामा लैजाने कार्यलाई पनि प्राथमिकतामा राख्न सुझाव दिइएको छ । यस क्रममा कति घटनाहरू अदालती प्रक्रियामार्फत् र अन्य कति घटनाहरू द्वन्द्वोत्तर सत्यनिरूपण तथा मेलमिलापको प्रक्रियामार्फत् न्यायिक निष्कर्षमा पुऱ्याउने हो, त्यसको स्पष्ट मार्गचित्र बनाई सबै घटनाहरूलाई न्यायिक निष्कर्षमा पुऱ्याउने कार्यमा पनि महासङ्घको अग्रणी भूमिका वाञ्छनीय छ ।
- पत्रकारको विरूद्धमा हुने अपराध तथा त्यस्ता अपराधमा दण्डहीनताबारेका तथ्य/तथ्याङ्कको अद्यावधिकता, प्रामाणिकता एवं विश्वसनीयता सुनिश्चित गर्ने कार्यलाई यथोचित महत्व दिनु आवश्यक देखिन्छ । भविष्यमा पनि प्रेस स्वतन्त्रता हनन, पत्रकारविरूद्धका आक्रमण, दण्डहीनता आदिबारे तथ्य/तथ्याङ्क सङ्कलनको कार्यलाई प्रामाणिक एवं विश्वसनीय बनाउनका लागि महासङ्घको सम्बन्धित संयन्त्रलाई थप व्यवस्थित, वस्तुनिष्ठ एवं साधनस्रोत सम्पन्नसमेत बनाउनका लागि सुझाव दिइएको छ । यसका लागि आन्तरिक सांगठनिक सञ्जालमा मात्र पूर्ण निर्भर नरही प्राज्ञिक क्षेत्र एवं स्वतन्त्र विज्ञहरूसँग समेत सहकार्य वाञ्छनीय छ ।
- पत्रकारको सुरक्षा तथा दण्डहीनताको सवालमा संयुक्त राष्ट्रसङ्घीय कार्ययोजनाको कार्यान्वयन तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्ने एवं दण्डहीनताको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगअन्तर्गत राष्ट्रिय स्तरको संयन्त्रको स्थापनाबाट प्राप्त हुने अवसरलाई

सदुपयोग गर्नका लागि स्पष्ट योजना बनाउनु उपयुक्त हुने देखिन्छ ।

- द्वन्द्वोत्तर भनिएको समयमा पनि पत्रकारविरूद्धको आक्रमण एवं त्यस्ता आक्रमणमा दण्डहीनता कायमै रहेकोले राज्य, राजनीतिक दलहरू तथा अन्य सरोकारवालाहरूसँग पनि सहकार्य गर्दै दण्डहीनताको निराकरणका लागि विशेष रणनीतिक मार्गचित्र तय गर्नका लागि सुझाव दिइएको छ ।
- दण्डहीनता तथा अन्य कारणले हुने आत्मप्रतिबन्ध (सेल्फसेन्सरसीप) जस्ता समस्यालाई सम्बोधन गर्नका लागि सुस्पष्ट योजना बनाउनका लागि पनि सुझाव दिइएको छ ।

# सन्दर्भ सामग्री

अधिकारी, निर्मलमणि । वि.सं. २०६३ । विश्वको प्रथम जनविद्रोह, बेनको पतन र नयाँ राष्ट्रको विधि निर्माण । *प्राची* द्वैमासिक, ६० ।

आचार्य, बाबुराम । वि.सं. २०६० । *प्राचीनकालको नेपाल* । काठमाडौं : श्रीकृष्ण आचार्य ।

एड्भोकेसी फोरम र ह्युमन राइट्स् वाच । सन् २००८ । *न्यायको पर्खाइमा सशस्त्र द्वन्द्वका अदण्डित अपराधहरू* । काठमाडौं ।

कौटिल्यकृत अर्थशास्त्र ।

कृष्ण सेन नामक व्यक्तिका सम्बन्धमा छानवीन गर्न गठित समितिले श्री ५ को सरकार समक्ष पेश गरेको प्रतिवेदन, २०५९ । वि.सं. २०७२ । *संहिता* (चौबिसौँ र पच्चिसौँ संयुक्तांक, असार २०७२), पृ. १५१ ( १५८ ।

गाउँले, शिव, र अन्य । सन् २०१० । *नेपालमा दण्डहीनता* । जावलाखेल, ललितपुर : खोज पत्रकारिता केन्द्र ।

नेपाल पत्रकार महासङ्घ । २०७१ । *सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र* । काठमाडौं ।

*मनुस्मृति* ।

मैनाली, रघु, र भट्टराई, विनोद । सन् २०१३ । *मेरो पत्रकारिताको खबर* । काठमाडौं : एलायन्स फर सोसल डायलग ।

सिवाकोटी, कैलाशकुमार, सं. । वि.सं. २०६७ । *आयोगको एक दशक : उजुरीउपर आयोगका सिफारिसहरू* । ललितपुर : राष्ट्रिय मानवअधिकार आयोग ।

Adhikary, N. M. 2010. Post-2006 Tarai/Madhesh unrest in Nepal: An attempt for searching new identity. *Shweta Shardul*, vol. VII, pp. 12-18.

Adhikary, N. M. 2013. Inception Context Analysis on the Safety Situation of Journalists in Nepal. A report submitted to the UNESCO Kathmandu Office.

Advocacy Forum Nepal, and Redress. 2011. *Held to Account: Making the Law Work to Fight Impunity in Nepal*. Kathmandu.

Bhattarai, B., Mainali, M., Ghimire J., and Upadhyay, A. 1999. *Impunity in Nepal: An Exploratory Study*. Kathmandu: The Asia Foundation Nepal.

Bhattarai, K. D. 2014. Assessing Self-protection Capacities of Journalists. A report submitted to the UNESCO Kathmandu Office.

Committee to Protect Journalists. 2014. *The Road to Justice: Breaking the Cycle of Impunity in the Killings of Journalists*. New York.

El Hosseiny, S. N. 2013. Justice Denied: How the Egyptian Legal System Perpetuates Impunity. A Thesis submitted to the Depart of Law, The American University in Cairo.

Ghimire, O. P. 2014. Assessing the Safety Needs of Women Journalists to design a Training Package aimed at Addressing their Needs. A research report submitted to UNESCO, Kathmandu.

International Fact-finding and Advocacy Media Mission to Nepal. 2012. *Safeguarding media rights and ending impunity in Nepal.* International Media Support and other contributing organizations.

Neupane, D., and Zing, L. 2014. Condition of Nepali journalists after the 2008 Constituent Assembly Election. *The Journal of International Communication,* Vol. 20 Issue 1, pp. 87-97.

The Permanent Missions of Argentina, Australia, Costa Rica, France, Greece and Tunisia to the United Nations and UNESCO. 2014.

A Concept Note on Ending Impunity: Upholding the Rule of Law (on the occasion of the 1st International Day to End Impunity for Crimes against Journalists). New York.

Rai, L.D. 1995. *Human Rights in the Hindu-Buddhist Tradition*. Jaipur: Nirala Publications.

Regmi, R. K. 2015. Energizing Media through Safety-knob. A paper presented at a seminar on Independent Journalism, Gender Equality and Media Safety in the Digital Age organized by UNESCO Kathmandu Office and Center for Media Freedom on June 29, Kathmandu.

UNESCO. 2012. *UN Plan of Action on the Safety of Journalists and Issue of Impunity*. http://www.unesco.org/new/fileadmin/MULTIMEDIA/HQ/CI/CI/pdf/WPFD/UN%20Plan%20of%20Action_Safety%20of%20Journalists.pdf

UNESCO. 2013. *Assessment of Media Development in Nepal based on UNESCO's Media Development Indicators*. Kathmandu.

UNESCO. 2014. *World Trends in Freedom of Expression and Media Development*. Paris.

UNESCO Director-General's Report http://unesdoc.unesco.org/images/0023/002301/230101E.pdf

United Nations. 2013. Resolution adopted by the General Assembly on 18 December 2013 (A/RES/68/163).

Updated Set of Principles for the protection and promotion of human rights through action to combat impunity. 2005. Available at http://derechhos.org/nizkor/impu/principles.html

# परिशिष्ट

# कार्यक्रम, अन्तर्वार्ता तथा अन्तर्क्रियामा सहभागीहरुको नामावली

## पोखरा, कास्कीमा आयोजित कार्यशालामा सहभागीहरूको सूची

**मिति : २०७२ असोज १**

| क्र.सं. | नाम | संबद्ध संस्था/पेसा | सम्पर्क |
|---|---|---|---|
| १. | अर्जुन गिरी | समाधान | ९८५६०५८१५० |
| २. | बद्री विनोद प्रतिक | वरिष्ठ पत्रकार | ९८५६०२११०४ |
| ३. | भरत कोइराला, पत्रकार | द हिमालयन टाइम्स | ९८५६०२८९४७ |
| ४. | भरत प्रसाद लुईटेल | जिल्ला प्रशासन कार्यालय, स्याङ्जा | ९८४७३६३२९४ |
| ५. | धीरज थापा | मानव अधिकार तथा शान्ति समाज | ९८५६०२१७४९ |
| ६. | दीनबन्धु बराल | कास्की जिल्ला अदालत | ९८५६०३६५७७ |
| ७. | दीपेन्द्र श्रेष्ठ, पत्रकार | रेडियो अन्नपूर्ण | ९८५६०२६८४५ |
| ८. | डा. निर्मलमणि अधिकारी | काठमाडौँ विश्वविद्यालय | ९८४१३१९२९१ |
| ९. | डा. पीयूषराज मिश्र, अध्यक्ष | सोडेक- नेपाल | ९८४१५३२९९२ |
| १०. | दुर्गा भण्डारी | नेपाल पत्रकार महासङ्घ | ९८४६११९७२२ |
| ११. | गंगा पन्त, प्रमुख | जिल्ला प्रहरी कार्यालय, पर्वत | ९८५१०५०९०२ |
| १२. | हेमराज बराल, संवाददाता | रेडियो नेपाल | ९८५६०२१९९९ |
| १३. | ज्योतिप्रसाद घिमिरे | राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा | ९८४६०४५४४२ |
| १४. | केशव शरण, पत्रकार | नागरिक दैनिक, पोखरा | ९८५६०२६१५० |
| १५. | खेमनारायण लामिछाने, श्रेस्तेदार | पर्वत जिल्ला अदालत | ९८४६०८६७७७ |
| १६. | कृष्णराज पन्त | सरकारी वकिल , पर्वत | ९८४१४१०१५२ |
| १७. | मुकुन्द आचार्य, श्रेस्तेदार | स्याङ्जा जिल्ला अदालत | ९८५६०५००९५ |
| १८. | नीलकण्ठ शर्मा | संवाद नेपाल | ९८४६०४८१६८ |
| १९. | ओमप्रकाश घिमिरे | सोडेक- नेपाल | ९८५१०९८५११ |
| २०. | पदमपाणि देवकोटा | नेपाल बार एशोसियशन, कास्की | ९८५६०४८८५४ |
| २१. | पुण्य पौडेल | नेपाल पत्रकार महासङ्घ, कास्की | ९८५६०२२८७५ |
| २२. | राजेन्द्र अधिकारी | नेपाल पत्रकार महासङ्घ, कास्की | ९८५६०४२३७७ |
| २३. | रामप्रसाद घिमिरे | वरिष्ठ अधिवक्ता | ९८५६०२५३४९ |

| | | | |
|---|---|---|---|
| २४. | रामप्रसाद ओली, न्यायाधीश | कास्की जिल्ला अदालत | ९८४१४४०३३३ |
| २५. | रेवतीप्रसाद बराल, प्रशासन अधिकृत | जिल्ला प्रशासन कार्यालय ,कास्की | ९८५६०३५५६९ |
| २६. | सुरेन्द्र थापा | नेपाल बार एशोसियशन | ९८५६०२२२९२ |
| २७. | सूर्यप्रसाद भण्डारी, श्रेस्तेदार | तनहुँ जिल्ला अदालत | ९८४६०५१६२८ |
| २८. | सूर्यप्रसाद ढकाल | मानवअधिकारकर्मी | ९८४६०४३९५० |
| २९. | दिपक श्रेष्ठ | मिडिया विश्लेषक | ९८४६११९४०४ |

## नेपालगञ्जमा आयोजित कार्यशालामा सहभागीहरुको सूची

| क्र.सं. | नाम | सम्बद्ध संस्था | सम्पर्क |
|---|---|---|---|
| १. | लक्ष्मणदत्त पन्त | युनेस्को | ९८५१०३३५३९ |
| २. | कृष्णमान श्रेष्ठ | स्थानीय शान्ती समिति, बाँके | ९८४८०२३४९२ |
| ३. | गोपालप्रसाद अधिकारी | सामुदायीक सेवा | ९८५८०२००३० |
| ४. | वसन्त गौतम | एडभोकेसी फोरम | ९८४८०२००२५ |
| ५. | रूद्र सुबेदी | नेपाल पत्रकार महासङ्घ, बाँके | ९८५८०२११८१ |
| ६. | भोला महत | इन्सेक, नेपालगञ्ज | ९८५८०२०५०८ |
| ७. | प्रकाश उपाध्याय | मनव अधिकार, नेपालगञ्ज | ९८५८०५०५४८ |
| ८. | केशव कोइराला, अधिवक्ता | माइति नेपाल | ९८५८०२४२७१ |
| ९. | निरज गौतम, पत्रकार | रासस | ९८४८०२३४५० |
| १०. | प्रीयस्मिति ढकाल, पत्रकार | कृष्णसार एफ एम | ९८४८१५२३२४ |
| ११. | कृपाराम बादीया | नेपाल प्रेस युनियन | ९८५८०३०२४० |
| १२. | राकेश मिश्र, पत्रकार | सी सी एन | ९८५८०२४११९ |
| १३. | झलक गैर | नेपाल पत्रकार महासङ्घ / दैनिक नेपालगञ्ज | ९८५८०२०७११ |
| १४. | नरेन्द्र देवकोटा | बाँके जिल्ला अदालत | ९८४८३१५३९९ |
| १५. | हरिप्रसाद जोशी, सहन्यायाधिवक्ता | बाँके पुनरावेदन अदालत | ९७४१०८७७३२ |
| १६. | प्राहाला बहादुर कार्की, अधिवक्ता | जिल्ला अदालत नेपालगञ्ज | ९८५८०२२२५० |

| | | | |
|---|---|---|---|
| १७. | दीपक कुमार रेग्मी | एम एम कलेज, नेपालगञ्ज | ९८४८०२४७६५ |
| १८. | विश्वजित तिवारी | अधिवक्ता | ९८५८०२५७४२ |
| १९. | कलेन्द्र सेजुवाल, पत्रकार | नगरिक दैनिक | ९८५८०२८२१८ |
| २०. | तुला अधिकारी | मिडिया प्रशिक्षक | ९८५१०७४२८० |
| २१. | रवि दाहाल | स्वतन्त्र पत्रकार | ९८५५०२३८८५ |
| २२. | जनक नेपाल, संवाददाता | कान्तिपुर दैनिक | ९८५८०२२१०१ |
| २३. | सुनील श्रेष्ठ | अधिवक्ता | ९८४८०१०१०० |
| २४. | वसन्त राना, पत्रकार | भिजन टिभि | ९८४८१९०८०७ |
| २५. | मुरारी खरेल, निर्देशक | राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्ज | ९८५८०२०९९४ |
| २६. | अछरी पोखरेल, पत्रकार | महिला सञ्चार साप्ताहिक | ९८४८०२६०३८ |
| २७. | चेत कान्त भट्टराई | पत्रकार, कोहलपुर एफ.एम | ९८४८०४३५९५ |
| २८. | पवन जेसवाल | पत्रकार | ९७४८०१९७४६ |
| २९. | प्रेम के.सी., पत्रकार | नेपाल टेलिभिजन | ९८५८०२२६५६ |
| ३०. | कृष्ण अधिकारी, संवाददाता | नेपाल टेलिभिजन | ९८५८०२३१६१ |
| ३१. | शुक्र ऋषि चौलागाई, पत्रकार | रेडियो बागेश्वरी | ९८५८०२४७०९ |
| ३२. | रमेशकुमार थापा | राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्ज | ९८४८०२१३९९ |

## विराटनगर,मोरङमा आयोजित कार्यशालामा सहभागीहरुको सूची

**मिति : २०७२ असोज १२**

| क्र.सं. | नाम | संबद्ध संस्था/पेशा | सम्पर्क |
|---|---|---|---|
| १. | वीरेन्द्र शर्मा | नेपाल प्रेस इन्स्टिच्युट | ९८४२०२०७०४ |
| २. | केशव सापकोटा | नेपाल प्रेस इन्स्टिच्युट | ९८४२०८४५०२ |
| ३. | कुमार लुइँटेल, पत्रकार | अन्नपूर्ण पोष्ट | ९८५२६७६५७७ |
| ४. | सन्जु शाह | मानवअधिकारकर्मी | ९८४२०२४२११ |
| ५. | त्रिलोक न्यौपाने | नागरिक समाज | ९८५२०२६४९५ |
| ६. | मञ्जीला उपाध्याय | मानवअधिकारकर्मी | ९८५२०२८६६१ |

| | | | |
|---|---|---|---|
| ७. | ज्ञानेन्द्रकुमार सिंह | जिल्ला विकास समिति | ९८५२०२८७६१ |
| ८. | चूडामणि आचार्य | अधिवक्ता | ९८५२०२०९६० |
| ९. | विवेक गौतम | पत्रकार | ९८४२२९७५३५ |
| १०. | गणेश लम्साल | नेपाल पत्रकार महासङ्घ | ९८४२१८७२९३ |
| ११. | नेत्रप्रसाद अधिकारी | पत्रकार | ९८४२०६६८६२ |
| १२. | ओमप्रकाश घिमिरे | सोडेक-नेपाल | ९८५१०९८५११ |
| १३. | लीलाबल्लभ अधिकारी | पुनरावेदन बार एसोसिएसन, विराटनगर | ९८५२०३५१११ |
| १४. | जयकुमार श्रेष्ठ | पुनरावेदन बार एसोसिएसन, विराटनगर | ९८५२०२६६०४ |
| १५. | दगेन्द्रप्रसाद पराजुली | मानवअधिकारकर्मी | ९८४२०४१४७० |
| १६. | विनयराज पाण्डे | मोरङ्ग जिल्ला अदालत | ९८४२०२१९३९ |
| १७. | सोमराज थापा | इन्सेक , बिराटनगर | ९८५२०२१५८० |
| १८. | ताराणी लम्साल, प्रहरी उपरिक्षक | जिल्ला प्रहरी कार्यालय, मोरङ्ग | ९८५२००५३३३ |
| १९. | विमला ढुङ्गाना | मानवअधिकारकर्मी | ९८५२०२३४२९ |
| २०. | नवराज कट्टेल, संवाद्दाता | गोरखापत्र दैनिक | ९८४२१०३०९७ |
| २१. | विक्रम लुईटेल, पत्रकार | पूर्वेली एफ.एम | ९८५२०२१९२४ |
| २२. | कोषराज न्यौपाने | राष्ट्रिय मानव अधिकार आयोग मोरङ्ग | ९८५२०२२४४८ |
| २३. | यज्ञ शर्मा, पत्रकार | उज्यालो दैनिक | ९८५२०३१००३ |
| २४. | एकदेव अधिकारी | जिल्ला प्रशासन कार्यालय | ९८५१०३६३२४ |
| २५. | महेन्द्र विष्ट, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, मोरङ्ग | ९८४२०३४१२५ |

## अन्तर्वार्ता तथा अन्तर्क्रियामा सहभागीहरुको नामावली

| क्र.सं. | नाम | संलग्नता | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गंगा पन्त, प्रमुख | जिल्ला प्रहरी कार्यालय, पर्वत | ९८५१०५०९०२ |
| २ | तारिणिप्रसाद लम्साल, प्रहरी उपरिक्षक | जिल्ला प्रहरी कार्यालय, मोरङ्ग | ९८५२००५३३३ |

| | | | |
|---|---|---|---|
| ३ | एकदेव अधिकारी | जिल्ला प्रशासन कार्यालय, मोरङ्ग | ९८५१०३६३२४ |
| ४ | महादेव पन्त, प्रजिअ | जिल्ला प्रशासन कार्यालय, तनहुँ | ९८५६०६७७७७ |
| ५ | इन्दु घिमिरे, प्रजिअ | जिल्ला प्रशासन कार्यालय, स्याङ्जा | ९८५६०४७७७ |
| ६ | यदुप्रसाद पन्थी, उप-सचिव | सुचना तथा सञ्चार मन्त्रालय | ९८५१२२३३४५ |
| ७ | पोषण के.सी., अध्यक्ष | न्यूनतम पारश्रमिक निर्धारण समिति | ९८५१०४०७७१ |
| ८ | राजु पाण्डे, प्रहरी निरिक्षक | मानव अधिकार सेल, नेपाल प्रहरी | ९८५१२८४६१९ |
| ९ | कोषराज न्यौपाने | राष्ट्रिय मानव अधिकार आयोग, मोरङ्ग | ९८५२०२२४४८ |
| १० | मुरारी खरेल | राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्ज | ९८५८०२०९९४ |
| ११ | ज्योतिप्रसाद घिमिरे | राष्ट्रिय मानव अधिकार आयोग, पोखरा | ९८४६०४५४४२ |
| १२ | मोहना अन्सारी, प्रवक्ता | राष्ट्रिय मानव अधिकार आयोग | ९८५११३३७८१ |
| १३ | रमेशकुमार थापा | राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्ज | ९८४८०२१३९९ |
| १४ | बोर्ण बहादुर कार्की, अध्यक्ष | प्रेस काउन्सिल नेपाल | ९८५१०९४२०७ |
| १ | दीनबन्धु बराल, श्रेस्तेदार | कास्की जिल्ला अदालत | ९८५६०३६५७७ |
| २ | खेमनारायण लामिछाने, श्रेस्तेदार | पर्वत जिल्ला अदालत | ९८४६०८६७७७ |
| ३ | सूर्यप्रसाद भण्डारी, श्रेस्तेदार | तनहुँ जिल्ला अदालत | ९८४६०५१६२८ |
| ४ | धनराज शर्मा, श्रेस्तेदार | कैलाली जिल्ला अदालत | ९८४८७२४६८२ |
| ५ | मुकुन्द आचार्य, श्रेस्तेदार | स्याङ्जा जिल्ला अदालत | ९८५६०५००९५ |
| ६ | आनन्दराज पन्त, श्रेस्तेदार | दैलेख जिल्ला अदालत | |
| ७ | बाबुराम दाहाल, श्रेस्तेदार | ललितपुर जिल्ला अदालत | |
| ८ | ध्रुव उप्रेती, श्रेस्तेदार | काठमाण्डौ जिल्ला अदालत | |
| ९ | नवराज आचार्य, श्रेस्तेदार | झापा जिल्ला अदालत | |
| १० | कृष्णराज पन्त | सरकारी वकिल, पर्वत | ९८४१४१०१५२ |
| ११ | नरेन्द्र देवकोटा | सरकारी वकिल, बाँके | ९८४८३१५३९९ |
| १२ | हरिप्रसाद जोशी, सहन्यायाधिवक्ता | पुनराबेदन अदालत, बाँके | ९७४१०८७७३२ |

| | | | |
|---|---|---|---|
| १३ | कुलप्रसाद शर्मा, न्यायाधीश | नुवाकोट जिल्ला अदालत | |
| १४ | श्रीप्रसाद संजेल, न्यायाधीश | काठमाण्डौ जिल्ला अदालत | |
| १५ | हरिराज कार्की, रजिष्ट्रार | पुनरावेदन अदालत, इलाम | |
| १६ | मुकुन्द अर्याल, उप-रजिष्ट्रार | पुनरावेदन अदालत, सुर्खेत | |
| १७ | नहकुल सुवेदी, प्रवक्ता | सर्वोच्च अदालत | |
| १८ | काशिराज दाहाल | संवैधानिक /सञ्चार कानुनविद् | ९८५१०२२२६८ |
| १९ | डा. विपिन आचार्य | कानुनविद् | ९८५१११५४९६ |
| २० | सपना प्रधान मल्ल | वरिष्ठ अधिवक्ता | ९८५११०९१९८ |
| २१ | रामप्रसाद घिमिरे | वरिष्ठ अधिवक्ता | ९८५६०२५३४९ |
| २२ | गोविन्द प्रसाद शर्मा | अधिवक्ता | |
| २३ | सुनील श्रेष्ठ | अधिवक्ता | ९८४८०१०१०० |
| २४ | चूडामणि आचार्य | अधिवक्ता, विराटनगर | ९८५२०२०९६० |
| २५ | सुनीलकुमार पोखरेल, महासचिव | नेपाल बार एशोसियसन | |
| २६ | पदमपाणि देवकोटा | नेपाल बार एशोसियसन, कास्की | ९८५६०४८८५४ |
| २७ | सन्जु शाह | मानवअधिकारकर्मी, विराटनगर | ९८४२०२४२११ |
| २८ | गौरी प्रधान, पूर्व आयुक्त | राष्ट्रिय मानव अधिकार आयोग | ९८५१०२४९३२ |
| २९ | लीला वल्लभ अधिकारी | पुनरावेदन बार एशोसिएसन, बिराटनगर | ९८५२०३५१११ |
| ३० | विष्णु निष्ठुरी, पूर्व अध्यक्ष | नेपाल पत्रकार महासङ्घ | ९८५१०१७१०६ |
| ३१ | सुरेश आचार्य, पूर्व अध्यक्ष | नेपाल पत्रकार महासङ्घ | ९८५१०५६५६० |
| ३२ | शिव गाउँले, पूर्व अध्यक्ष | नेपाल पत्रकार महासङ्घ | ९८५१०३६१२५ |
| ३३ | उपेन्द्र अर्याल, कार्यकारी निर्देशक | इक्वल एक्सेस | ९८५१०७७२१४ |
| ३४ | माधव दुलाल, सदस्य | नेपाल पत्रकार महासङ्घ | ९८४१२०५२६६ |
| ३५ | बल्लब मणि दाहाल | द राईजिङ नेपाल दैनिक | ९८४१२१९१५४ |
| ३६ | विनोद ढुंगेल | Correspondent for Nepal, RSF | ९८५१०५९९२२ |
| ३७ | डण्ड गुरूङ, अध्यक्ष | फोनिज | ९७५१००४००९ |
| ३८ | गोविन्द देवकोटा | एकोरएब | |

| | | | |
|---|---|---|---|
| ३९ | प्रतिमा बास्कोटा, पत्रकार | कान्तिपुर दैनिक | ९८५१०४०१७८ |
| ४० | मनऋषि धिताल, सदस्य | प्रेस काउन्सिल नेपाल | |
| ४१ | महेन्द्र विष्ट, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, मोरङ्ग | ९८४२०३४१२५ |
| ४२ | सुरेश यादव, अध्यक्ष | मधेशी पत्रकार संघ | ९८५१०७७२६७ |
| ४३ | टंक पन्त | नेपाल समाचारपत्र | ९८५१०३६१२० |
| ४४ | महेन्द्र विष्ट, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ | |
| ४५ | दीपेन्द्र कुवर, सदस्य | नेपाल पत्रकार महासङ्घ | |
| ४६ | कालिबहादुर मल्ल, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, कालीकोट | |
| ४७ | बमबहादुर महत, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, जुम्ला | |
| ४८ | जनक के.सी., अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, जाजरकोट | |
| ४९ | केशव भट्टराई, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, ताप्लेजुंग | |
| ५० | सुदीप गौतम, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, दाङ | |
| ५१ | राजेन्द्र अर्याल, अध्यक्ष | प्रेस चौतारी नेपाल | |
| ५२ | गोविन्द आचार्य, अध्यक्ष | क्रान्तिकारी पत्रकार संघ | |
| ५३ | जनक केसी, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, जाजरकोट | ९८४८२९९३७९ |
| ५४ | कालीबहादुर मल्ल, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, कालीकोट | ९८४८३१०५७० |
| ५५ | विष्णु बूढा, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, डोल्पा | ९८४८३०३२१४ |
| | | | |
| ५६ | रामबहादुर कुँवर, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, अछाम | ९८४८६४५५१८ |
| ५७ | जगत खड्का, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, बझाङ | ९७४९००२७९१ |
| ५८ | शंकर धामी, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, दार्चुला | ९७५९५००७४० |
| ५९ | हेमराज बराल, संवाददाता | रेडियो नेपाल, पोखरा | ९८५६०२१९९९ |
| ५० | राजेन्द्र अधिकारी | नेपाल पत्रकार महासङ्घ, कास्की | ९८५६०४२३७७ |
| ६१ | राकेश मिश्र | पत्रकार, बाँके | ९८५८०२४११९ |
| ६२ | झलक गैरे | नेपाल पत्रकार महासङ्घ, बाँके | ९८५८०२०७११ |
| ६३ | कलेन्द्र सेजुवाल | नागरिक दैनिक | ९८५८०२८२१८ |

| | | | |
|---|---|---|---|
| ६४ | जनक नेपाल, संवाददाता | कान्तिपुर दैनिक | ९८५८०२२१०१ |
| ६५ | पवन जैसवाल | पत्रकार, बाँके | ९७४८०१९७४६ |
| ६६ | शुक्र ऋषि चौलागाई, पत्रकार | रेडियो बागेश्वरी | ९८५८०२४७०९ |
| ६७ | कुमार लुईटेल | अन्नपूर्ण पोष्ट, विराटनगर | ९८५२६७६५७७ |
| ६८ | गणेश लम्साल | नेपाल पत्रकार महासङ्घ, विराटनगर | ९८४२१८७२९३ |
| ६९ | देवराज जैसी | पत्रकार, कैलाली | ९८४८५९६८९९ |
| ७० | छत्र साउद | पत्रकार, धनगढी | ९८४८७०७७७७ |
| ७१ | कृष्ण सारू मगर, सचिव | नेपाल पत्रकार महासङ्घ, मकवानपुर | ९८५५०७०६३८ |
| ७२ | अमन कोइराला, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, सर्लाही | ९८४५०३६८३० |
| ७३ | अनिल मिश्र, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, धनुषा | ९८४४०२०६७९ |
| ७४ | हरिप्रसाद पोखरेल, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, चितवन | ९८५५०६४२११ |
| ७५ | इन्द्र गिरी, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, सङ्खुवासभा | ९८५२०२३८७२ |
| ७६ | ईश्वरी पौडेल, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, मोहत्तरी | |
| ७७ | कमलकुमार उपाध्याय, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, बारा | ९८५५०२१८८६ |
| ७८ | खगेन्द्र घिमिरे, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, धनकुटा | ९८४२०३८७७४ |
| ७९ | कुशलबाबु बस्नेत, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ उदयपुर | ९८५२८३०७२० |
| ८० | लवदेव ढुंगाना, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, पाँचथर | ९८५२६८०९०० |
| ८१ | मनोज कुमार श्रेष्ठ, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, सोलुखुम्बु | ९८४१८९६९१२ |
| ८२ | श्याम बञ्जारा, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ, पर्सा | ९८४५०२५२७१ |
| ८३ | गिरिजा अधिकारी, उपाध्यक्ष | नेपाल पत्रकार महासङ्घ, मकवानपुर | |
| ८४ | दमन राई, अध्यक्ष | नेपाल पत्रकार महासङ्घ , खोटाङ | ९८५११६७८९१ |
| ८५ | अजिता खड्का | | ९७४३००१४९२ |
| ८६ | दुर्गा पहरी | | |

| | | | |
|---|---|---|---|
| ८७ | रेणु श्रेष्ठ | | |
| ८८ | उमा के सी | | |
| ८९ | तृष्णा आचार्य | | |
| ९० | तारा घिमिरे | | |
| ९१ | लक्ष्मी थापा | | |
| ९२ | प्रज्ज्वल ठकुरी | | |
| ९३ | सोभा बुढाथोकी | | |
| ९४ | वसन्ती देवी जोशी | | |
| ९५ | गौरा शर्मा | | |
| ९६ | सोनाम पौडेल | | |
| ९७ | तृष्णा आचार्य | द्वन्द्वकालमा मारिएका पत्रकार देवकुमार आचार्य (डी कौडिन्य) की छोरी | |

द्रष्टव्य : माथिको सूचीमा उल्लेखित व्यक्तिहरूका अलावा निम्नानुसारका राजनीतिक दलका प्रतिनिधिहरूसँगको अन्तर्वार्ताबाट प्राप्त तथ्यलाई पनि प्रस्तुत अध्ययनमा समेटिएको छ । राजनीतिक दलका प्रतिनिधिहरूसँगको अन्तर्वार्ता मूलतः प्रस्तुत अध्ययनकै लागि नभई पत्रकार सुरक्षा र दण्डहिनताबारे युनेस्कोको सहयोगमा नेपाल टेलिभिजनबाट प्रसारित कार्यक्रमका लागि गरिएको भएतापनि ती अन्तर्वार्ता र प्रस्तुत अध्ययनको विषयवस्तुमा समानता भएका सन्दर्भमा उपयुक्त तथ्यहरूको प्रयोग यहाँ पनि गरिएको हो ।

| क्र.सं. | नाम | संलग्नता | सम्पर्क नं. |
|---|---|---|---|
| १ | देव गुरूङ, सचिव | नेपाल कम्युनीस्ट पार्टी (माओवादी ) | ९८५११०३१६६ |
| २ | दिलेन्द्रप्रसाद बडु, प्रवक्ता | नेपाली काग्रेस | ९८५१०११६६६ |
| ३ | दीनानाथ शर्मा, प्रवक्ता | एकीकृत नेकपा माओवादी | ९८४१५२९८६५ |
| ४ | जीतेन्द्र देव, प्रतिनिधि | मधेसी जनअधिकारी फोरम, लोकतान्त्रिक | ९८५१०३४०५५ |
| ५ | प्रदीप ज्ञवाली, प्रवक्ता | नेकपा एमाले | ९८५१०८८२२२ |
| ६ | रत्नेश्वर कायस्थ, प्रतिनिधि | मधेसी जन अधिकारी फोरम नेपाल | ९८५१००१५१६ |

| | | | |
|---|---|---|---|
| ७ | सत्य नारायण मण्डल, प्रतिनिधि | तराई मधेस सद्भावना पार्टी नेपाल | ९८५१००३७२१ |
| ८ | ठाकुर शर्मा, प्रतिनिधि | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५१०८६७६८ |
| ९ | सर्वेन्दनाथ शुक्ला, प्रतिनिधि | तराई मधेस लोकतान्त्रीक पार्टी | ९८५१००४४४४ |
| १० | सन्तोष मेहता ,प्रवक्ता | सद्भावना पार्टी | ९८५२०२४०८८ |
| ११ | सुनील प्रजापति, प्रतिनिधि | नेपाल मजदुर किसान पार्टी | ९८५१०७८८८५ |
| १२ | विष्णु भट्टराई, प्रवक्ता | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ९८५११२६३९१ |

9 789937 001564

SODEC NEPAL

विकास सञ्चार समाज (सोडेक-नेपाल)